मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ६६, वैशाख-जेठ ०६५



# अभिव्यक्ति स्वतन्त्रताको अधिकार

RESEARCHERS

STUDENTS

ACADEMICS

ACTIVISTS




*Visit INSEC Library to have access to*

## Human Righs Resources and Information

**Books on Human Rights Including :**

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages





**Facilities :**

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

**Informal Sector Service Centre (INSEC)**

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

**वर्ष १६, पूर्णाङ्क ६६, वैशाख-जेठ २०६४**

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
लक्ष्मणदत्त पन्त

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मन्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

## अभिव्यक्ति स्वतन्त्रताको अधिकार


- अभिव्यक्ति स्वतन्त्रताको हक : अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास ८
- सञ्चार माध्यममा स्वामित्वको एकाधिकार र बहुलवादी समाजमा अभिव्यक्ति स्वतन्त्रता १५
- सञ्चारमाध्यमको नियमन र अभिव्यक्ति स्वतन्त्रताको प्रश्न १९
- विचार र भावनाको कदरसहितको अभिव्यक्ति स्वतन्त्रताका लागि नयाँ संविधान २४






- निर्वाचनको विश्वव्यापी मान्यता र नेपालमा संविधानसभाको निर्वाचन २८
- संविधानसभाको निर्वाचन र पर्यवेक्षणको अनुभूति ३४
- निर्वाचनको क्रममा मध्यमाञ्चल क्षेत्रको मानवअधिकार स्थिति ३७
- परिवेश भयभीत तर निर्वाचन शान्तिपूर्ण ३९
- मानवअधिकारका दृष्टिमा मध्यपश्चिमाञ्चलमा संविधानसभाको निर्वाचन ४३
- सुदूरपश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचनको अवस्था ४६
- हत्याले निम्त्याएको आशङ्का ४८
- मानव स्वतन्त्रताको विश्व सुरुवात र नेपालमा संवैधानिक व्यवस्था ४९
- दस्तावेज : संविधानसभाबाट पारित गणतन्त्रको प्रस्ताव ६८
- लघुकथा : मरेको मान्छे ६८


### नियमित स्तम्भहरू


- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-प्रतिक्रिया ५
- सामयिक ७
- जनमत ५२
- फिचर ६५
- मानवअधिकार सामान्य ज्ञान ६९
- पुस्तक परिचय ७२



जनताले संविधान निर्माणका लागि कसैलाई पनि बहुमत दिएका छैनन्। तर माओवादीले दुई तिहाइ भन्दा बढी ल्याएको दम्भ प्रदर्शन गरिरहेको छ।

**झलनाथ खनाल**

महासचिव, नेकपा (एमाले)

राजधानीमा आयोजित प्ररायुसङ्घको राष्ट्रिय कार्यकर्ता भेलामा बोल्दै, ०६५ जेठ १९ गते



संसदवादी दलका नेताहरू निर्वाचनमा पराजित भए पनि कुर्सीमै टाँसिएर बस्ने प्रवृत्तिका कारण राजनीतिक निकासमा ढिलाई भएको हो।

**डा. बाबुराम भट्टराई**

नेता, नेकपा (माओवादी)

विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै, ०६५ वैशाख ३० गते



माओवादीको असहिष्णु र असभ्य व्यवहारले मुलुकलाई अधिनायकवादतर्फ धकेल्न खोजेको पुष्टि हुन्छ।

**रामचन्द्र पौडेल**

शान्ति तथा पुनःनिर्माण मन्त्री

रिपोटर्स क्लवद्वारा राजधानीमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै, ०६५ वैशाख ३० गते



लोकतान्त्रिक गणराज्यको पहिलो लडाइँ जातजाति, भाषाभाषी, क्षेत्र र समुदायभित्र रहेको विभेदका विरूद्धमा हुनेछ। राष्ट्र बलियो बनाउने हो भने नेतृत्व पङ्क्तिबीच भावनात्मक सम्बन्ध दरिलो हुनुपर्छ।

**उपेन्द्र यादव**

अध्यक्ष, मधेशी जनअधिकार फोरम

पुष्पलाल अध्ययन समाजद्वारा राजधानीमा आयोजित विचारगोष्ठीमा बोल्दै, ०६५ जेठ २४ गते

## कार्टून

यस्तो पो !



हामी सबैजना पालैपालो राष्ट्रपति बनौं। त्यसो गरे कसो होला!

**साभार**
अन्नपूर्ण पोष्ट
०६५ जेठ २२ गते

प्रिय पाठक !

**तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई सबै राजनीतिक तथा नागरिक अधिकारहरूको जननी मानिन्छ । यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा मौलिक हकको रूपमा स्थापितसमेत गरिएको छ । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने कुराको प्रत्याभूति गरेको छ । यस घोषणापत्रको धारा १९ मा बिना कुनै हस्तक्षेप आफ्नो मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सिमानाको अधीनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकार समावेश गरिएको छ । अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १९ ले गरेको व्यवस्थाअनुसार प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार रहेको छ । प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने र त्यसअन्तर्गत कुनै बन्देज वा सीमा बिना आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रतासमेत सो अनुबन्धको धारा १९ ले व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले अभिव्यक्ति स्वतन्त्रताको अधिकार नागरिकहरूका लागि मात्र प्रत्याभूति गरेको छ । यद्यपि सो संविधानको धारा १२ (३) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४) र (५) मा नेपालको सार्वभौमसत्ता वा अखण्डतामा असर पर्ने, जातजाति, धर्म वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पार्ने, सार्वजनिक नैतिकताको प्रतिकूल हुने, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पर्ने, गालीबेइज्जती हुने वा अदालतको अवहेलना हुनेजस्ता कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने प्रावधानको व्यवस्था गरिएको छ ।

अभिव्यक्ति स्वतन्त्रताका बारेमा नेपालले अन्तर्राष्ट्रिय रूपमा प्रचलित कानुन र आफू पक्ष राष्ट्र भएका सन्धि तथा अनुबन्धमा उल्लेख प्रावधानको व्यवहारिक कार्यान्वयन भने गरेको देखिँदैन । नागरिकको सुसूचित हुन पाउने अधिकारका सशक्त माध्यमको रूपमा आमसञ्चारका माध्यमहरूलाई लिइए पनि नेपालमा आमसञ्चारका माध्यमबाट अभिव्यक्त वा सम्प्रेषित विचार वा सूचनाको सहज पहुँचमासमेत सरकारले विभिन्न समयमा बन्देज लगाउँदै आएको छ । त्यसो त अभिव्यक्ति दिएकै कारणले विगतमा राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारकर्मी, कानुन व्यवसायी, पत्रकारलगायत विभिन्न पेशामा आवद्ध व्यक्तिहरूलाई पक्राउ गर्ने, धम्क्याउने, कुटपिट गर्ने र ज्यानै लिने समेतका घटनाहरू पनि प्रशस्तै छन् । सञ्चारकर्मीले समाचार लेखेकै कारण राज्य र गैरराज्यपक्षबाट उनीहरूको हत्या गरिएको छ । सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबारेको सूचनामा सर्वसाधारणको पहुँचका लागि सूचनासम्बन्धी कानुन कार्यान्वयनको दिशामा भए पनि ती सङ्घसंस्थाहरूलाई सूचना दिने सन्दर्भमा जवाफदेही बनाउन सकिएको छैन ।

प्रमुख राजनीतिक दलहरूले संविधानसभा निर्वाचनको समयताका आ-आफ्नो घोषणापत्रमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकबारे प्रतिबद्धता व्यक्त गरेका छन् । ती दलहरू अहिले संविधानसभा निर्वाचन सम्पन्न भएपछि लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा संविधानसभामार्फत् नयाँ संविधान निर्माणको पक्रियामा रहेका छन् । यस सन्दर्भमा राजनीतिक दलहरूले विचार तथा अभिव्यक्ति स्वतन्त्रता र यस स्वतन्त्रतासँगै जोडिएर आउने प्रेस स्वतन्त्रता तथा सूचनाको हकबारे नयाँ संविधानमा कसरी सम्बोधन गर्ने हुन्, त्यो भने हेर्न बाँकी नै छ । संविधानसभामार्फत निर्माण हुने नयाँ संविधानले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गर्न सो सम्बन्धी स्पस्ट संवैधानिक व्यवस्था गर्नु जरूरी छ । साथै अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घनमा संलग्न हुने राज्य वा गैरराज्य पक्षमाथि कडा कानुनी कारबाही हुने व्यवस्था देशको मूल कानुनमै हुनु आवश्यक छ ।

# नारायणहिटी पर्व पछिको नेपाली प्रेस र अभिव्यक्ति स्वतन्त्रता

जब स्वतन्त्रता सेनानीहरूको रगतमा पानी बग्न थाल्छ, निदाएको बहाना गरेका सर्पहरू पुनः ब्युँझिन थाल्छन्। निरंकुशताका खुँडाहरूमा साँध लाग्न सुरु हुन्छ। जेठ १९ गतेपछिका घटनाक्रमले त्यस्तै सङ्केतहरू देखाउँछन्। पचास वर्षसम्म स्वतन्त्रता र प्रजातन्त्रको खातिर आफ्नो सम्पूर्ण जीवन न्यौछावार गरेका "रिङ लिडरहरू" नारायणहिटी पर्व' पछिका दिनहरूमा किन यति कमजोर देखिँदैछन्, यो प्रश्न आजका मितिसम्म अनुत्तरित नै छ।

प्रजातान्त्रिक सरकारका सम्पूर्ण संयन्त्रहरू कहाँ कसको इसारामा सञ्चालित छ शायद सरकार प्रमुखलाई थाहा छैन होला अथवा थाहा नपाएको वहानामा उहाँ किकर्तव्यविमुढ हुनुहुन्छ। जनतालाई मुलुकमा उत्पन्न विषम परिस्थितिबारे सही सूचना प्रवाह गर्नुको सट्टा सञ्चारकर्मीहरूलाई थुन्ने, धम्क्याउने कार्यमा उहाँहरू किन धेरै उद्यत हुनुहुन्छ ? यदि उहाँहरूमाथि अदृश्य दवाब परेको हो भने पनि त्यसलाई 'सेयर' गर्ने हिम्मत हुनुपर्थ्यो, तर दुर्भाग्य त्यसको सट्टा सञ्चारमाध्यममाथि प्रतिशोध साँध्न थालियो। यो घटना कान्तिपुरमाथि मात्र सम्बद्ध छैन, आगामी दिनमा सरकारले सञ्चारमाध्यममाथि अघोषित सेन्सरशिप लगाउन सक्ने कुरको 'नमुना' बन्ने चिन्ता हो।

पञ्चायतकाल अन्त्यन्त अप्ठ्यारा दिनमा ठूला जोखिम लिएर पत्रकाहरूले उहाँहरूका विचारहरू जनतासमक्ष पुऱ्याउने कार्यलाई वर्तमान नेताहरूले चटक्कै बिर्सेको आभास यो घटनाले पुष्टि गरेको छ।

पत्रकारिता पेसा आपराधिक क्रियाकलाप होइन, तर आज पनि पत्रकारहरू शासनमा बस्नेहरूबाट प्रताडि भइरहेका छन्। निरंकुश शासनपद्धतिमा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लागेको घटना नौलो मानिँदैन। चाहे साम्यवादी चीनका पत्रकार हुवाङ हुन् अथवा सैनिक शासन भएको म्यानमारका पत्रकार युविन टिन हुन् त्यहाँको शासन पद्धतिका कारण उनीहरूलाई जेलका चिसा छिँडीहरूमा जीवन बिताउन बाध्य तुल्याइएको छ। जनतालाई साँचो कुरा सम्प्रेषण गरेबापत उनीहरू प्रताडना भोगिरहेका छन्।

जब नागरिक शासन भएका मुलुकमा निरंकुश शासनका अवशेषहरूले चलखेल गर्न थाल्छन् तब सम्झे हुन्छ त्यो देशको प्रजातन्त्र एउटा संगीन चौबाटोमा उभिएको छ र कुनै पनि बेला दुर्घटना हुन सक्दछ। केही दिन अघि कान्तिपुर दैनिकमा भूमिगत माओवादी पार्टीका प्रमुख नेता मध्येका एक डा. बाबुराम भट्टराईको लेख प्रकाशित भएको थियो, जुन लेखमा यही जेठ १९ गते नारायणहिटी 'पर्व' का बारे डा. भट्टराईले आफ्नो धारणा उल्लेख गर्नुभएको छ, त्यसैलाई मुख्य मुद्दा बनाएर त्यो दिन अपरान्ह सम्पादक युवराज घिमिरे लगायत व्यवस्थापनका अन्य दुई जनालाई सादा पोसाकका प्रहरीले पब्लिकेशन परिसरबाटै 'राज्यद्रोह' गरेको अभियोग लगाई गिरफ्तार गरे।

नारायणहिटी राजदरबारमा भएको वीभत्स हत्यकाण्डको अघिल्लो दिनसम्म पनि वर्तमान मन्त्रिपरिषद्लाई, जिम्मेवार सदस्यहरूबाट माओवादी समस्या वार्ताबाट सुल्झाइनुपर्छ र सरकारले वार्ताको ढोका खुला राखेको छ भन्ने अभिव्यक्तिहरू सरकारी सञ्चारमाध्यमबाट बारम्बार आचइरहेका थिए। जेठ १९ गते अघि घोषित रूपमा प्रतिबन्धि नभएका विचारहरू अखबारहरूमा छाप्दा राज्यद्रोह नहुने त्यसपछिका दिनहरूमा पनि तिनै विचारहरू छाप्दा सम्पादकलाई राज्यद्रोहको अभियोग लाग्ने ? यद्यपि डा. बाबुरामका विचारहरूसँग सहमत हुने ठाउँ किमार्थ छैन।

प्रेस स्वतन्त्रता जनताको सम्पत्ति हुन्छ। यसलाई सार्वजनिक वा निजी कुनै पनि पक्षको अतिक्रमण वा प्रहारबाट रक्षा गरिनु पर्दछ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा २ मा 'सबै नागरिकहरूलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ' भन्ने किटानसाथ उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक अन्तरगत कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबनध लगाइने छैन। तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जति वा अदालतको अवहलेना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचारवा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउन गरी कानुन बनाउने रोक लगाएको मानिने छैन भनिएको छ तर यो कुरा कानुनी व्याख्यामा भर पर्दछ।

यसका साथै संविधानमा के पनि उल्लेख छ भने कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन र कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन। नेपाली जनताले सङ्घर्ष गरेर ल्याएको प्रजातन्त्र र त्यही प्रजातन्त्रले दिएको नेपाल अधिराज्यको संविधान एवम् त्यही संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता किन कमजोर हुँदैछ अहिले सर्वत्र चासो र चिन्ताको विषय बनेको छ। कान्तिपुरका पत्रकारहरूको गिरफ्तारीपछि नागरिक

समाजमा एकप्रकारको अदृश्य भय छाएको छ। यदि यो घटना 'छोरी कुटेर बुहारी तर्साएको' होइन भन्ने हो भने पञ्चायतका अवशेषहरू किन प्रदर्शित भए यो संवेदनशील घडीमा श्री ५ को सरकारले नेपाली जनतालाई जवाफ दिनैपर्छ।

यहाँ एउटा स्मरण गर्नैपर्ने कुरा के छ भने जब स्वतन्त्र प्रेमसमाथि प्रहार हुन्छ, तब जनता र नागरिक समाज जुरुक्क उठ्छ। कान्तिपुरको हकमा अहिले त्यस्तै भएको छ। प्रेसले आफ्नो स्वतन्त्रतामाथि हुने प्रकारको सामना गर्न प्रयोग गर्नसक्ने अत्यन्त प्रभावकारी शस्त्रमध्येको एक जनताको विश्वास लिएर आफूले सामना गर्नुपरेको धम्कीको पूर्ण भण्डाफोर गर्नु हो। जनता एकपटक त्यस्तो स्थितिको जानकारी पाएपछि त्यसप्रति सहिष्णु भएर रहिरन सक्दैनन्। स्वतन्त्र प्रेसले प्रतिनिधिमुलक प्रणालीको सरकारको कार्यमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने भएकोले जनताका लागि अपरिहार्य छ भन्ने कुरा सत्य हो भने स्वतन्त्र प्रेसको निरन्तर अस्तित्वका लागि नजताको विश्वास र श्रद्धा उत्तिकै आवश्यक छन् भन्ने कुरा समान रूपमा सत्य छ।

जेठ २४ गते गिरफ्ता गरिनु भएका युवराज घिमिरे, विनोदराज ज्ञवाली र कैला सिरोहियालाई विश्व मानवअधिकारवादी संस्था एमनेष्टी इन्टरनेसनलले 'आस्थाका बन्दी' घोषणा गर्दै श्री ५ को सरकारलाई उहाँहरूलाई विनाशर्त अबिलम्ब रिहाइ गर्न अनुरोध गरेको छ।

एमनेस्टीले उहाँहरूको रिहाइका लागि विश्वव्यापी अभियान सञ्चालन गर्दै निरंकुशताविरूद्ध शंखघोष गरेको छ। यसका साथै सत्तारूढ दल नेपाली काङ्ग्रेसका शीर्षनेता कृष्णप्रसाद भट्टराई, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र प्राय: सबै राजनीतिक दलका वरिष्ठ नेताहरूले पञ्चायतका बासी कर्महरूलाई पुनरावृत्ति नगर्न श्री ५ को सरकारलाई आग्रह गरेबाट पनि के कुराको पुष्टि हुन्छ भने विगतका दिनहरूमा कान्तिपुरले भ्रष्टाचारविरूद्ध छेडेको श्रृङ्खलाबद्ध अभियानको प्रतिशोध बाहेक केही होइन। जब सरकारले सूचना लुकाउँछ, वस्तुतथ्य ढाकछोप गर्ने दुष्प्रयास गर्छ, त्यतिबेला जनताको सच्चा मित्र भनेको स्वतन्त्र प्रेस नै हुन्छ। जनताको असल मित्रले वास्तविकता सार्वजनिक गराउन डाउन पनि हुँदैन।

एक्काइसौं शताब्दीको सञ्चारको घाँडी निमोठेर आफ्नो शासन सत्ता टिकाइराख्ने अथवा सुचना लुकाएर जनतालाई मूर्ख बनाउन सकिन्छ भन्ने पुरनो फर्मुलाले कुनै पनि प्रकारका शासनपद्धतिहरू लामो समय टिक्न सक्दैनन् न त नागरिक सरकार भनिने सत्ता नै टिकेका उदाहरण विश्वमा छन्। तसर्थ सरकारमा बस्नेहरूमा बेलैमा चेतना फिरोस्, वर्तमान समयमा आम नेपालीले गरेको अपेक्षा यही हो।

कृष्ण कडेंल
प्राची द्वैमासिक, वर्ष, १०,
पूर्णाङ्क ३५, २०५८ जेठ

## पाठक प्रतिक्रिया

**सम्पादकज्यू,**

यसभन्दा अगाडिका पत्रहरू समावेश गरी स्थान दिनुभएकोमा धन्यवाद। नयाँ वर्ष ०६५ को आगमनसँगै नयाँ नेपाल नयाँ अवसरको सृजना होस् नेपालीहरूको नयाँ भविष्यसँगै प्राचीका आगामी अङ्कले अझै नयाँ आयाम ल्याउन सकोस् यही नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना।

प्राचीको पूर्णाङ्क ६५ पुस-चैत ०६४ को संयुक्त अङ्क समयमै अध्ययन गर्ने अवसर पाएँ। यसमा संविधानसभा निर्वाचन के हो र कसरी हुन्छ ? यसका लागि के कस्ता कानुनी सीमा छ ? यसका लागि के कस्को कस्तो योगदान हुन्छ ? संविधानसभा निर्वाचनमा पर्यवेक्षक कति प्रकारका कहाँ कहाँका हुन्छन् ? उनीहरूको अधिकार दायित्व के कति हुन्छ ? उनीहरूको निर्वाचनमा कस्तो भूमिका रहन्छ ? पर्यवेक्षकले पालना गर्नुपर्ने जस्ता विषयले आफू स्वयम्लाई पर्यवेक्षण गर्न सरल पारेको छ। संविधानसभा निर्वाचनमा समानुपातिक रूपमा भयरहित रूपमा सबैले सहभागी हुन पाउनु सबैको नागरिक अधिकार हो भन्ने चेतना यस अङ्कले सबै नागरिकलाई जागृत गराई सचेत पार्न ठूलो योगदान दिएको छ।

मत कसरी दिने, कसरी मतपेटिकामा खसाल्ने लगायतका निर्वाचनसम्बन्धी सम्पूर्ण कुराहरू समावेश भएको यो अङ्कले हामी जस्ता पर्यवेक्षणमा खटिएका व्यक्तिहरू मतदाता सबैलाई जस जसले यो अङ्क पढ्न पाए उनीहरूलाई धेरै सहयोग पुर्‍याएको हुनुपर्छ। त्यसैले यो समसामयिक र उत्कृष्ट लागेको छ। यो प्रयासका लागि प्राची परिवारलाई धन्यवाद।

"यी बाल अपराधका घटना होइनन्" भन्ने आत्माराम शर्माको आजभन्दा आठ वर्ष अघिको लेखले आज पनि समान स्थान पाउनु र यस्तै अवस्था देखिनु विडम्बना होइन र ? यही कुराले मेरो मनमा प्रश्नै प्रश्न उठाएको छ। यो पटक मैले काठमाडौं शहरदेखि गाउँ जिल्ला सदरमुकामसम्म एकपटक फन्को मार्ने अवसर पाएँ त्यहाँ हरेक ठाउँमा नारा लाउने हातमा झण्डा लिने बालबालिकाहरू अग्र पङ्तिमा थिए। के यो बालअधिकार होइन र ? बालअधिकार हनन भएन र ? नारा जुलुस भाषण कोणसभामा बालबालिकालाई अगाडि लगाइन्छ अनि बालश्रम शोषण भए त्यसको बेवास्ता गरिन्छ किन ? यसरी बालअधिकार हनन भएका र काठमाडौंलगायतका ठूला बडाको घरमा दासदासीका रूपमा शोषित पीडित बालकालिकाहरूको उदार र बालअधिकार

संरक्षण कस्ले कसरी कहिले गर्ने त ? अब नयाँ नेपाल निर्माणसँगै यसतर्फ सम्बन्धित पक्ष र व्यक्तिको ध्यानाकर्षण गराउन प्राचीले ठूलो योगदान दिनुपर्ने हो कि ? हरेक ठाउँका नेपालीका हातमा अब प्राची समयमै सरल रूपमा पुग्न अब अवरोध आउने छैन । अझै नयाँ नेपाल निर्माणसँगै यसले मानवअधिकार चेतना प्रचार-प्रसार र राष्ट्र र विश्वका मानवअधिकारसम्बन्धी सत्यतथ्य घटना समेट्न सफल ज्ञानको पुन्ज र उत्कृष्ट सञ्चार माध्यम बनोस्। यसैगरी स्पष्ट पारदर्शी हुँदै जाओस् शुभकामना प्राची अनि प्राची परिवारलाई।

**विन्दा पाण्डे**
श्री शक्ति चेतना मानवअधिकार रेडियो श्रोता क्लब
मदानपुर, नुवाकोट

**सम्पादकज्यू,**

इन्सेकले द्वैमासिक रूपमा प्रकाशन गर्दै आएको प्राचीको ६५ औं अङ्क अध्ययन गर्ने अवसर पाएँ। यसका लागि प्राची तथा इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु। यसका हरेक अङ्कले देशको मानवअधिकारको अवस्थाको यथार्थपरक विश्लेषण गरेको पाइन्छ। अङ्क ६५ भित्र रहेका हरेक लेखहरूले संविधानसभा निर्वाचन तथा यसका प्रक्रिया र पद्धतिका बारेमा जनचेतना जगाएको छ।

प्राचीले संविधानसभा निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित होस् भन्ने हेतुले प्रकाशित लेखहरूले जनेचतना अभिवृद्धि, मानवअधिकार रक्षा र निर्वाचन प्रक्रियामा केही मात्रामै भए पनि सहयोग पुऱ्याएको अनुभूति गरेको छु। तर यतिले मात्रै पूर्ण मानवअधिकारको संरक्षण हुन सक्दैन। निर्वाचन प्रक्रियामा मतदातामाथि परेको डर, त्रास र धम्कीको असर, नकारात्मक शक्ति प्रदर्शनको प्रभाव, मतदाता नामावलीमा सम्पूर्ण उमेर पुगेका नेपाली नागरिकको नाम सूचिबद्ध भएको नभएको र निर्वाचन प्रचार प्रसारमा भएको अनियमितताको पनि यथार्थ विश्लेषण हुनुपर्ने अनिवार्य देखिन्छ। यसका साथै मतपत्रको गोपनियता, मतगणना प्रक्रियामा भएको शुद्धता तथा निष्पक्षताको छानविनमा पनि ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

अहिले संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको र संविधानसभाको पहिलो बैठकबाट मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको अवस्थामा मुलुकको भावी राजनीतिको बारेमा सोच्नु उपयुक्त हुन जान्छ। मुलुकमा लोकतन्त्र आउनुमात्र ठूलो कुरा होइन, अब भावी दिनहरूमा लोकतन्त्रको स्थायित्व र सवलीकरणमा राजनीतिक दल, नागरिक समाज, मानवअधिकारवादी संस्था र जनताले आ-आफ्नो स्थानबाट बौद्धिक र रचनात्मक भूमिका खेल्नैपर्दछ। जबसम्म राजनीतिक दलहरूले लोकतन्त्रलाई विज्ञानको एउटा सूत्रको रूपमा लिई व्यवहारमा लागु गर्दैनन्, नागरिक समाज मानवअधिकारवादी संस्था र जनताले




पटक-पटक राज्य संयन्त्रलाई घचघच्याउने काम गर्दैनन्, लोकतन्त्र सवल र स्थायी हुन सक्तैन।

अन्तमा संविधानसभा निर्वाचनमा इन्सेक र प्राचीले खेलेको भूमिकाको मुक्तकण्ठले पशंसा गर्दै आगामी दिनहरूमा पनि यसैगरी जनताको मानवअधिकार रक्षा र राज्य संयन्त्रलाई घचघच्याउने किसिमका सामग्रीहरू प्रकाशन गर्दै जाओस् भन्ने कामना गर्दछु। आगामी अङ्कमा संविधानसभा र सङ्घीय लोकतन्त्र पछिको देशको अवस्था र नयाँ संविधानको स्वरूपबारे सामग्रीहरू प्रकाशन गरे सान्दिर्भक हुने थियो।

**राजेन्द्रप्रसाद अवस्थी**
कीर्तिपुर

**सम्पादकज्यू,**

मानवअधिकारको रक्षा गर्ने र मानवअधिकारमा भए गरेका घटनाहरूको बारेमा जानकारी दिने उद्देश्यका साथ इन्सेकद्वारा प्रकाशित द्वैमासिक पत्रिका प्राचीको पूर्णाङ्क ६५ अध्ययन गर्ने अवसर पाएँ। यस अङ्कमा संविधानसभा निर्वाचनसम्बन्धी सामग्रीहरू प्रकाशित रहेछन्। ती सामग्रीहरूले पक्कै पनि संविधानसभा निर्वाचन सफल पार्ने महत्त्वपूर्ण योगदान दिएको होला भन्ने आशा छ। यस अङ्कमा प्रकाशित सबै सामग्रीहरू महत्त्वपूर्ण छन् तर पनि प्रा. कृष्ण पोखरेलको "लोकतन्त्रको सवलीकरणमा निर्वाचनको भूमिका" र दलहरूको घोषणापत्रहरू महत्त्वपूर्ण लाग्यो।

आज संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको अवस्था छ। तर पनि जनताले सोचेको जस्तो शान्ति प्राप्त भएको छैन। हत्या हिंसा जारी छ। विभिन्न क्षेत्रमा पत्रिकाहरू बन्द हुनु परेको अवस्था छ। पत्रकारलाई धम्कीहरू आएका छन्, तराईमा हत्या र अपहरण झन् बढेको छ। पेट्रोलियम पदार्थको अभावले गर्दा जनतामा समस्या उत्पन्न भएको छ। देशको यस्तो अवस्थामा भएका मानवअधिकारको हनन्को घटनामा प्राचीको भूमिका अझ महत्त्वपूर्ण छ। मानवअधिकार हनन्को घटनामा यथार्थ पाठक सामु ल्याउनु र त्यस्ता घटनाका अपराधीहरूलाई कारबाही गर्न पहल गर्नु इन्सेकको महत्त्वपूर्ण जिम्मेवारी हो। त्यस्ता घटनाहरूलाई दोहोरिन नदिन पनि यस पत्रिकाको महत्वपूर्ण हात रहन्छ। प्राचीले यस्ता घटनामा पाठकलाई सचेत तुल्याओस् भन्ने कामना गर्छु साथै मानवअधिकारको क्षेत्रमा पुऱ्याएको योगदानमा इन्सेक र प्राचीलाई धन्यवाद ज्ञापन गर्छु।

**राजनकुमार चौलागाई**
कात्तिके देउराली-९, बोक्से, काभ्रे



# लोकतन्त्रका लागि सूचनाको हक

- सुबोधराज प्याकुरेल

**हाम्रो देशमा सूचनाको अधिकारको कानुन त पारित गरियो। तर, त्यसको महत्वलाई बुझ्ने र कानुनको मर्म अनुरूप अद्यावधिक सूचना प्रवाह गर्ने काममा तदारूकता देखिएको छैन। सरकारले यो जिम्मेवारीप्रति उदाहरण बनेर देखाउनु पर्नेमा सरकारी सूचनाहरूको प्रवाह नै मन्द, भद्दा र अपुरो छ।**

सूचनाको हक भन्नाले सूचना पाउने हक मात्र बुझिन्न। सूचनाको अन्तरवस्तु, प्रक्रिया र औचित्यका बारेमा पनि जान्ने हक सूचनाको अधिकारभित्र पर्छ। सरकारी निर्णय, योजना र कार्यान्वयनका विषयमा त नागरिकको आमचासो, सरोकार रहने नै भयो। त्यसको साथै सार्वजनिक सङ्घ-संस्थाहरूको बारेमा पनि सम्पूर्ण सूचना पाउने हक प्रत्येक नागरिकलाई रहन्छ। गैरसरकारी संस्थाहरू, उपभोक्ता समिति र अल्पकालीन उद्देश्यले गठित संस्था, निकाय र समूहहरूले पनि सूचना नागरिकको अधिकार हो भन्ने कुरा आत्मसात् गर्नुपर्छ।

सार्वजनिक सरोकारका संस्था र कामहरूका बारेमा जनतालाई निरन्तर चासो रहने हुँदा सर्वसाधारणले सरोकार राख्ने सबै जानकारी उनीहरूले खोज्न, जान्न पाउने प्रबन्ध गर्नुपर्छ। त्यसो त आवधिक सूचना र प्रकाशन मार्फत् सार्वजनिक सूचना जारी गर्ने गरिन्छ। इन्टरनेट, वेभपेजमार्फत् स्थायी रूपमा सूचनाको प्रवाहमा आम नागरिकको पहुँच सुनिश्चित गरिन्छ।

हाम्रो देशमा सूचनाको अधिकारको कानुन त पारित गरियो। तर, त्यसको महत्वलाई बुझ्ने र कानुनको मर्म अनुरूप अद्यावधिक सूचना प्रवाह गर्ने काममा तदारूकता देखिएको छैन। सरकारले यो जिम्मेवारीप्रति उदाहरण बनेर देखाउनु पर्नेमा सरकारी सूचनाहरूको प्रवाह नै मन्द, भद्दा र अपुरो छ।

सरकार सञ्चालनका लागि प्रतिस्पर्धा गर्ने दलहरूको सूचनामा आम नागरिकको पहुँच झन जटिल छ। सूचना लुकाउने संस्कृति हाम्रो देशमा छ भन्दा अत्युक्ति नहोला। सूचना प्रवाहको नीतिलाई फराकिलो पार्न सके यसले जनतामा जानकारी दिन्छ। जानकार नागरिकहरूले औचित्य खोज्न थाल्छन्। र, अन्त्यमा सम्बन्धित पदाधिकारीहरू जिम्मेवार हुन बाध्य हुन्छन्। सचेत नागरिकको पहल र खबरदारी बेगर लोकतन्त्र र मानवअधिकारको जगेर्ना गर्न सकिन्न। तर सही सूचनामा पहुँच नहुञ्जेल नागरिक खबरदारी हुन सक्दैन। यस अर्थमा पनि सूचनाको हक र त्यसको प्रयोग लोकतन्त्रको प्राण हो। आफ्नो सामाजिक जीवनसँग सम्बन्धित सार्वजनिक निकायहरू र निर्णयकर्ताहरूबाट सूचना पाउनु, नागरिकको मौलिक अधिकार हो। सञ्चार र लोकतन्त्रलाई नङ्-मासुको सम्बन्ध भएको भनी स्वीकार गरिएको आधुनिक युगमा यसको महत्व झन ठूलो छ।

संविधानसभाले नयाँ, प्रगतिशील र न्यायपूर्ण नेपालको खाका कोर्नु पर्ने छ। यो बेलामा सभासद्, राजनीतिक दल र नागरिक समाजका विभिन्न फाँटसँग जनताकोसम्बन्ध जीवन्त बनाउनुपर्ने हुन्छ। अर्थात् जनताले चाहेको राष्ट्रिय भविष्य निर्माणका लागि पनि सूचनाको हकको व्यवहारिक र प्रभावकारी उपयोग जरुरी छ। इन्सेक जनताको यो हक प्राप्तिको अभियानमा सँधै सहयोगी रहने बाचा गर्दछ।

# अभिव्यक्ति स्वतन्त्रताको हक : अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास

सन्तोष सिग्देल

**अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रसङ्ग थालनी गर्दा युरोपेली विद्वान् इरास्मसको सम्झना गर्नु सान्दर्भिक हुन्छ। सन् १२१५ मै इङ्गल्याण्डमा म्याग्नाकार्टामा राजाले हस्ताक्षर गरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार स्थापना भइसकेको भए पनि विद्वान् इरास्मसले सन् १५१६ मा एकजना राजकुमारलाई अध्यापन गराउँदा भनेका थिए- "स्वतन्त्र राज्यमा जिब्रो पनि स्वतन्त्र हुन्छ।"**

### १. पृष्ठभूमि

अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रसङ्ग थालनी गर्दा युरोपेली विद्वान् इरास्मसको सम्झना गर्नु सान्दर्भिक हुन्छ। सन् १२१५ मै इङ्गल्याण्डमा म्याग्नाकार्टामा राजाले हस्ताक्षर गरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार स्थापना भइसकेको भए पनि विद्वान् इरास्मसले सन् १५१६ मा एकजना राजकुमारलाई अध्यापन गराउँदा भनेका थिए- "स्वतन्त्र राज्यमा जिब्रो पनि स्वतन्त्र हुन्छ।"

अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत मानवअधिकार हो। मानवीय जीवन र मर्यादामा केन्द्रीय महत्व राख्नुका साथै राजनीतिक प्रणालीमा सहभागी हुने अधिकारलगायत सबै मानवअधिकारको आधार भएको कारणले गर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत अधिकारको रूपमा रहेको छ। विचार तथा बुझाइको विकास गर्न तथा तिनका बारेमा छलफल गर्दै सत्य कुरा पत्ता लगाउन, व्यक्तिको आत्मविकास तथा प्रजातान्त्रिक समाजको राजनीतिक जीवनमा प्रभावकारी रूपमा संलग्न हुनका लागि विचार तथा अभिव्यक्ति स्वतन्त्रताको मुख्य भूमिका रहेको हुन्छ। अन्य मानवअधिकारको हननको अवस्थामा ती अधिकार सँगसँगै अभिव्यक्ति स्वतन्त्रताको अधिकार हनन भइरहेको हुन्छ।

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धमा उल्लेख गरिएको व्यवस्थाअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकारको क्षेत्र व्यापक र बृहत् छ। सङ्क्षेपमा भन्नुपर्दा कुनै पनि एक व्यक्तिले अर्को व्यक्तिसँग सञ्चार गर्दाको कुनै पनि अवस्थामा यो स्वतन्त्रता लागू हुन्छ।

### २. अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको आरम्भकालीन विकासक्रमदेखिनै सबै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ। त्यसमा पनि विशेषगरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिले यस अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेका छन्।

उल्लेखित महासन्धि तथा अभिसन्धिहरूका साथै यी सन्धि तथा महासन्धिअन्तर्गत स्थापित निकायहरू उदाहरणका लागि मानवअधिकार समिति, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी राष्ट्रसङ्घीय विशेष प्रतिवेदक जस्ता संयन्त्रहरूले पनि समय-समयमा यस अधिकारको बृहत् व्याख्या गर्दै मानवअधिकारको संरक्षण तथा सम्बर्धनमा ठूलो योगदान पुर्‍याएका छन्।

## २.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्र सङ्घको साधारणसभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित यो घोषणापत्र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर्राष्ट्रिय दस्तावेज हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवअधिकारको अन्तर्राष्ट्रिय आलेख (International Bill of Human Rights) पनि भन्ने गरिन्छ। संयुक्त राष्ट्रसङ्घको साधारण सभाद्वारा पारित यो घोषणापत्र मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घको एक महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ।

घोषणापत्रले मानवअधिकारका आधारभूत मापदण्डको रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई समेटेको छ। जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा विनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ।

घोषणापत्रको धारा १९ को व्यवस्थाअनुसार, "प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सिमानाको अधीनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ।"

यसरी धारा १९ मा गरिएको यस व्यवस्थाले विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र प्रसारणको स्वतन्त्रतालाई समेट्दछ। यस सम्बन्धमा हामी तलको परिच्छेदमा विस्तृत रूपमा चर्चा गर्नेछौं।

## २.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गरिएको व्यवस्था पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै रहेको छ। विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजले निकै ठूलो महत्व राख्दछ। यस अनुबन्धको धारा १९ ले गरेको व्यवस्था अनुसार,

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ।
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत कुनै बन्देज वा सीमा बिना आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ।

अनुबन्धले अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्व समावेश हुने व्यवस्थासमेत गरेको छ। त्यस्तो कर्तव्य तथा उत्तरदायित्वअन्र्तगत उल्लेखित अधिकारमा नियन्त्रण गर्न सकिने व्यवस्था पनि अनुबन्धले गरेको छ। अनुबन्धको धारा १९(३) मा त्यस्तो नियन्त्रण कानुनद्वारा स्पष्ट रूपमा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक ठानिएको समयमा मात्र लागू हुनसक्छ भन्ने व्यवस्था गरिएको छ।

## २.३ मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि, १९५०

मानवअधिकार तथा स्वतन्त्रताको प्रत्याभूति गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो एक महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो। यसलाई नोभेम्बर ४, १९५० मा अनुमोदन गरिएको हो। सेप्टेम्बर ३, १९५३ देखि यो अभिसन्धि लागू रहेको छ। यो अभिसन्धिको धारा १० ले प्रेस स्वतन्त्रता सम्बन्धमा खास मापदण्डहरू उल्लेख गरेको छ।

अभिसन्धिको धारा १० मा गरिएको व्यवस्थाअनुसार प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ र त्यस अधिकारअन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपबिना तथा कुनै सिमानाको बन्देजबिना विचार राख्ने तथा आफ्नो धारणा एवम् आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ। साथै यस अभिसन्धिले माथि उल्लेखित प्रावधानबाट राज्यलाई सिनेमा उद्योग, टेलिभिजन वा प्रसारण सम्बन्धमा सम्बन्धित पक्षबाट अनुमतिपत्र माग्न कुनै रोक नलगाएको पनि उल्लेख गरेको छ।

अभिसन्धिको धारा १०(२) मा "उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्व समेत समावेश हुने हुँदा यी स्वतन्त्रताको प्रयोग कानुनले तोकेअनुरूपका र प्रजातान्त्रिक समाजमा आवश्यक केही निश्चित औपचारिक शर्त, बन्देज वा दण्डसजायको व्यवस्थाअन्तर्गत हुनसक्ने" उल्लेख गरिएको छ। त्यस्ता बन्देजहरू राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित, अव्यवस्था वा अपराधको निवारण, नैतिकता वा स्वास्थ्यको संरक्षण, अरूको अधिकार वा सम्मानको संरक्षण, गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनलाई रोक्न, वा न्यायपालिकाको निष्पक्षता वा अधिकारलाई अक्षुण राख्नका लागि लगाइन सक्ने पनि उल्लेख गरिएको छ। उल्लेखित आधार बाहेकको अवस्थामा र कानुनमा उल्लेख नगरिएको अवस्थामा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाइन नसकिने कुरा अनुबन्धले स्पष्ट पारेको छ।

## २.४ मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धि, १९६९

मानवअधिकार तथा स्वतन्त्रताको प्रत्याभूत गर्नका लागि अमेरिकी राष्ट्रहरूले अवलम्बन गरेको यो अभिसन्धि अर्को एक महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो। सन् १९६९ को नोभेम्बर २२ मा अनुमोदन गरिएको यो अभिसन्धि सन् १९७८ जुलाई १८ देखि कार्यान्वयनमा रहेको छ। यस अभिसन्धिको धारा १३ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धमा खास

व्यवस्थाहरू गरेको छ।

यस अभिसन्धिको धारा १३ मा गरिएको व्यवस्थाअनुसार,"प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा सबै प्रकारका विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना तथा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रचार गर्न पाउने स्वतन्त्रता हुनेछ।"

यसका साथै अनुबन्धले अभिव्यक्ति स्वतन्त्रता विरुद्धको वैध बन्देजसम्बन्धी व्यवस्था गर्दै धारा १३(५) मा राष्ट्रिय, जातीय वा धार्मिक घृणा फैलाउने वा जात, जाति वर्ण, धर्म, भाषा वा राष्ट्रियताका आधारमा कुनै पनि व्यक्ति वा व्यक्तिहरूको समूह विरुद्ध गैरकानुनी हिंसा वा त्यस्तै प्रकृतिका अन्य कार्यका लागि दुरूत्साहन गर्ने कुनै पनि प्रकारको प्रचारबाजीलाई कानुनद्वारा दण्डित हुने अपराध मानिनेछ भन्ने उल्लेख गरेको छ।

अभिव्यक्ति स्वतन्त्रताको अभिन्न अङ्गको रूपमा रहेको सूचनाको अधिकारसँग सम्बन्धित यस घोषणापत्रका महत्वपूर्ण बुँदाहरू यस प्रकार रहेका छन्।

१. सार्वजनिक निकायहरूले आफ्ना लागि नभई जनताको हितको संरक्षकको रूपमा सूचना राख्ने गर्दछन्। त्यसैले प्रत्येक व्यक्तिसँग कानुनद्वारा स्पष्ट रूपमा लेखिएको सीमामा रहने गरी सूचनामा पहुँचको अधिकार हुन्छ।
२. सूचनाको हक कानुनद्वारा देहायका

---

**"सूचना तथा विचारको प्रसार" अभिव्यक्ति स्वतन्त्रताको महत्वपूर्ण पक्ष हो। प्रसारको अधिकार भनेको आफूलाई लागेको वा थाहा भएको कुनै कुरा, व्यक्तिगत रूपमा वा आमसञ्चार माध्यमको प्रयोगबाट अरू व्यक्तिलाई भन्न पाउने अधिकार हो।**

---

अभिसन्धिले अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा पूर्वनियन्त्रणको कुनै व्यवस्था नगरिने तर कानुनद्वारा स्पष्ट उल्लेख गरी अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक परेको अवस्थामा अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रयोगमा बन्देज लगाउन सकिने व्यवस्था गरेको छ।

अनुबन्धको धारा १३(३)मा व्यवस्था भएअनुसार पत्रपत्रिका, रेडियो प्रसारणका फ्रिक्वेन्सीहरू वा सूचनाको प्रवाहमा प्रयोग भएका उपकरणविरुद्ध सरकारी वा गैरसरकारी नियन्त्रणसम्बन्धी व्यवस्थाको दुरूपयोग गरी वा विचार र अभिव्यक्तिको प्रवाहमा रोक लगाउने उद्देश्यले अन्य कुनैपनि माध्यमद्वारा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि अप्रत्यक्ष प्रक्रिया वा साधनबाट प्रतिबन्ध लगाउन सकिने छैन।

तथापि अभिसन्धिले युवा तथा बाल अवस्थाको नैतिक आचरणलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक मनोरञ्जनमा कानुनद्वारा प्रसारणपूर्व जाँच (सेन्सर) गर्न सकिने व्यवस्था गरेको छ।

**२.५मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१**

अफ्रिकी बडापत्र पनि मानवअधिकार तथा स्वतन्त्रताहरूको ग्यारेण्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो। यसलाई जुलाई १२, १९८१ मा अनुमोदन गरिएको हो र अक्टोबर २१, १९८६ देखि यो अभिसन्धि लागू रहेको छ। यो अभिसन्धिको धारा ९ ले अभिव्यक्ति स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ।

धारा ९ मा गरिएको व्यवस्थाअनुसार, "प्रत्येक व्यक्तिलाई सूचना प्राप्त गर्ने अधिकार हुनेछ, र प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही आफ्नो विचार अभिव्यक्त तथा प्रसार गर्ने अधिकार हुनेछ।"

मानवअधिकार तथा जनताका अधिकारसम्बन्धी अफ्रिकी आयोगले अक्टोबर २००२ मा सम्पन्न ३२ औं अधिवेशनमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तको घोषणापत्र अनुमोदन गरेको थियो। यसले सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकारलाई स्पष्ट रूपमा प्रतिपादन गरेको छ।

सिद्धान्तअनुरूप प्रत्याभूत गरिनुपर्छः

- प्रत्येक व्यक्तिलाई सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकार हुनुपर्दछ।
- आफ्नो अधिकारको उपभोग वा संरक्षणका लागि आवश्यक भएको हदसम्म गैरसरकारी निकायद्वारा नियन्त्रित सूचनामा पनि व्यक्तिको पहुँच हुनुपर्दछ।
- सूचना सार्वजनिक गर्न अस्वीकार गरेको अवस्थामा स्वतन्त्र निकाय वा अदालतसमक्ष पुनरावेदनको अधिकारको प्रत्याभूत हुनुपर्दछ।
- अनुरोध नगरिएको अवस्थामा पनि सार्वजनिक निकायहरूले सार्वजनिक हितस'ग सम्बन्धित महत्वपूर्ण सूचना सक्रिय रूपमा सार्वजनिक गर्न बाध्य हुनुपर्ने।
- असल नियतले कुनै सूचना प्रकाशन गर्दा गलत परिणाम निस्केमा वा त्यस्तो कार्यले स्वास्थ्य, सुरक्षा वा वातावरणमा गम्भीर असर पारेको अवस्थामा त्यस्तो सजायले वैधानिक हितको रक्षा गरेको ठहऱ्याई कसैलाई सजायको भागिदार बनाइन नपाइने।
- गोपनीयतासम्बन्धी कानुनहरूलाई

सूचनाको स्वतन्त्रतासम्बन्धी सिद्धान्तअनुरूप संशोधन गरिनुपर्ने।

३. प्रत्येक व्यक्तिलाई आफ्ना निजी सूचनाहरू चाहे सरकारी वा निजी निकायद्वारा नियन्त्रणमा राखिएको भए पनि थपघट गर्ने वा सच्याउनका लागि पहुँचको अधिकार हुनेछ।

**३. अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी विश्लेषण**

अभिव्यक्ति स्वतन्त्रता अधिकारका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार संयन्त्रहरूमा गरिएको व्यवस्थाका बारेमा छोटकरी चर्चा गरिसकेपछि यो स्पष्ट हुन्छ- अभिव्यक्ति स्वतन्त्रतालाई सबै संयन्त्रहरूले उच्च स्थान प्रदान गरेका छन्। यसका साथै सवै संयन्त्रहरूमा यस अधिकार विरुद्धको नियन्त्रण वा प्रतिबन्धको व्यवस्थाले यस अधिकारलाई अनावश्यक रूपमा कुण्ठित नपारोस् र व्यक्तिको सार्वभौम अधिकार हनन हुन नपाओस् भनी स्पष्ट रूपमा नियन्त्रण तथा प्रतिबन्धका लागि अत्यावश्यक अवस्था तथा आधारहरूको व्यवस्था गरिएको छ। नियन्त्रण र प्रतिबन्धका ती आधारहरूका बारेमा तल चर्चा गरिनेछ। अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी संयन्त्रहरूको अध्ययनबाट के पनि स्पष्ट हुन जान्छ भने अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सबै व्यवस्थाहरूको स्रोत भनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र त्यसैबाट निशृत नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्धको धारा १९ मा प्रत्याभूत गरिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी प्रावधान नै हो। यसै तथ्यलाई मध्यनजर राख्दै निम्नलिखित परिच्छेदहरूमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको परिभाषाका आधारमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको विश्लेषण गरिएको छ।

**३.१ अभिव्यक्ति स्वतन्त्रताको अधिकार क-कसलाई प्राप्त छ ?**

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित परिभाषाअनुसार अभिव्यक्ति स्वन्तन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई प्राप्त छ। यो अधिकारको प्रयोगमा व्यक्तिको शिक्षाको स्तर, निजको जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक तथा अन्य विचार, राष्ट्रिय तथा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि अवस्थाले कुनै प्रकारको बाधा सिर्जना गर्दैन।

उल्लेखित व्यवस्थाअनुसार राज्यले अभिव्यक्ति स्वतन्त्रताको अधिकार आफ्ना नागरिकहरूलाई मात्र प्रदान गर्नुपर्ने नभई सो राज्यको भौगोलिक सीमाभित्र रहेका विदेशी नागरिक तथा राज्यविहीन लगायत सबै व्यक्तिलाई प्रदान गर्नुपर्दछ।

**३.२ अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत कुन-कुन अधिकार सामेल छन् ?**

अभिव्यक्ति स्वतन्त्रताको अधिकारअन्तर्गत सूचना तथा विचारको "खोजी गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने" अधिकार सामेल रहने कुरा अन्तर्राष्ट्रिय मापदण्डहरूले स्पष्ट रूपमा उल्लेख गरेका छन्। "सूचना तथा विचारको प्रसार" अभिव्यक्ति स्वन्तत्रताको महत्वपूर्ण पक्ष हो। प्रसारको अधिकार भनेको आफूलाई लागेको वा थाहा भएको कुनै कुरा, व्यक्तिगत रूपमा वा आमसञ्चार माध्यमको प्रयोगबाट अरू व्यक्तिलाई भन्न पाउने अधिकार हो।

सूचना तथा विचार "खोजी गर्ने र प्राप्त गर्ने" अधिकारअन्तर्गत समाचारपत्रहरू प्राप्त गर्ने र पढ्ने, प्रसारणहरू सुन्ने, इन्टरनेट चलाउने, सार्वजनिक छलफलहरूमा स्रोताका रूपमा भाग लिन पाउने अथवा पत्रकारिता तथा प्राज्ञिक अनुसन्धान गर्ने लगायतका अधिकारहरूसमेत समेटिन्छन्।

यसका साथै "सूचनाको अधिकार" अभिव्यक्ति स्वतन्त्रता अधिकारको एक महत्वपूर्ण अङ्ग हो। यस अधिकारअन्तर्गत सार्वजनिक निकायमा रहेका सूचनामा सर्वसाधारणको पहुँचको अधिकार सामेल रहन्छ।

**३.३ अभिव्यक्ति स्वतन्त्रताले कस्ता खालका सूचना तथा विचारलाई संरक्षण प्रदान गर्छ ?**

धारा १९ अनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार विषयबस्तु र उद्देश्य जेसुकै रहेको भएता पनि सम्प्रेषणयोग्य जुनसुकै तथ्य तथा विचारमा लागू हुने व्यवस्था छ। अनुमोदन गर्ने राज्यपक्षका लागि बाध्यात्मक अन्तर्राष्ट्रिय संयन्त्रका रूपमा रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको कार्यान्वयन मूल्याङ्कनको जिम्मेवारी पाएको राष्ट्रसङ्घीय मानवअधिकार समितिले ब्यालेन्टाइन र डेभिड्सनविरुद्ध क्यानडा तथा याकइन्टायरविरुद्ध क्यानडा ( UN Doc. CCPR/C/47/D/359/1989 र 385/1989/Rev. 1)९ को मुद्दामा उल्लेख गरेअनुसार धारा १९ को अनुच्छेद २ को व्याख्या गर्दा *अरूलाई सम्प्रेषण गर्न सकिने खालको कुनै पनि किसिमको आत्मगत विचार तथा धारणालाई समेट्ने गरी* व्याख्या गर्नुपर्दछ।

यसका साथै, सैद्धान्तिक रूपमा विश्लेषण गर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार विवादास्पद, झुट्टा वा अपत्यारिलो कुरामा समेत लागू हुन्छ। कुनै विचार मन नपर्ने खालको वा गलत छ भन्ने आधारमा मात्रै त्यस्तो विचार व्यक्त गर्ने कार्यमा व्यक्तिलाई रोक लगाउने कुरा उपयुक्त हुन सक्दैन। कानुनका दार्शनिकहरूले बारम्बार के उल्लेख गरेका छन् भने सबैले स्वीकार गर्न सक्ने जानकारी वा विचारलाई कानुनी संरक्षण प्रदान गर्नु केवल देखावटी काम हो। अभिव्यक्ति स्वतन्त्रताको कानुनी संरक्षण बास्तवमा अन्य व्यक्तिहरू असहमत हुने खालको विचार वा जानकारी प्रदान गर्नेका व्यक्तिका लागि बढी महत्वपूर्ण र आवश्यक हुन्छ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले कस्ता विचारहरूलाई संरक्षण प्रदान गर्छ भन्ने कुरा व्याख्या गर्दै मानवअधिकारसम्बन्धी युरोपेली अदालतले *हर्टेल विरुद्ध स्वीट्जरल्यान्ड*को मुद्दामा उल्लेख गरेअनुसार, "अभिव्यक्ति स्वतन्त्रताको संरक्षणलाई सामान्यतया स्वीकारिएका विचारहरूमा मात्र सीमित

गर्नु गैरतर्कसङ्गत हो।" त्यसैगरी सो अदालतले *ह्याण्डीसाइडविरुद्ध संयुक्त अधिराज्य* (१९७६) को मुद्दामा "अभिव्यक्ति स्वतन्त्रताको अधिकार सकारात्मक रूपमा स्वीकारिएका वा हानिरहित मानिएका सूचना वा विचारमा मात्र लागू हुने नभई राज्य वा जनसङ्ख्याको जुनसुकै भागलाई नकारात्मक असर गर्ने, आश्चर्यमा पार्ने वा व्यवधान उत्पन्न गर्ने सूचना तथा विचारमासमेत लागू हुन्छ। यो नै बहुलवाद, सहनशीलता, तथा बृहत् मानसिकताको माग हो, जसका अभावमा कुनै "प्रजातान्त्रिक समाज" हुन सक्दैन" भन्ने उल्लेख गरिएको छ।

### ३.४ अभिव्यक्ति स्वतन्त्रताको अधिकार कुन भौगोलिक सीमाभित्र लागु हुन्छ ?

अभिव्यक्ति स्वतन्त्रता लागु हुने क्षेत्रसम्बन्धी स्पष्ट व्यवस्था मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी हकको महत्वपूर्ण पक्ष हो। यी संयन्त्रहरूमा व्यवस्था गरिएअनुसार धारा १९ को अधिकार "कुनै पनि भौगोलिक सिमानाको अधीनमा नरही" प्राप्त हुन्छ। यस व्यवस्थाअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार राष्ट्रिय सीमाभित्र मात्र सीमित छैन र राज्यहरूले आफ्ना नागरिकका साथसाथै विदेशीहरूलाई अन्य राष्ट्रसम्म वा अन्य राष्ट्रबाट सूचना माग्ने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने अधिकार प्रदान गर्नुपर्दछ। यसअन्तर्गत विदेशी प्रकाशनहरू आयात गर्ने, आफ्ना प्रकाशनहरू निर्यात गर्ने, विदेशी मिडियामा काम गर्ने, विदेशबाट प्रशारण हुने समाचार तथा विचार प्राप्त गर्ने लगायतका अधिकारहरू पर्दछन्।

### ३.५ अभिव्यक्ति स्वतन्त्रताको उपयोग कस्ता माध्यमबाट गर्न सकिन्छ ?

प्रत्येक व्यक्तिले आफूलाई व्यक्त गर्ने माध्यम छनौटको स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रता अधिकारको अत्यन्त महत्वपूर्ण पक्ष हो। मानवअधिकारसम्बन्धी युरोपेली अदालतलगायतका क्षेत्रीय मानवअधिकार संयन्त्रहरूले विवाद निरूपणका क्रममा अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्त गरेका विचार र सूचनाहरूको विषयवस्तुलाई मात्र नभई ती विचार र सूचना सम्प्रेषण गरिएको स्वरूप तथा माध्यमलाई पनि संरक्षण गर्दछ भन्ने कुरा बारम्बार उल्लेख गरेका छन्। कुनै एक निश्चित स्वरूपको अभिव्यक्तिमा रोक लगाउँदै त्यही अभिव्यक्ति अर्को फरक स्वरूपमा सम्प्रेषण गर्न अनुमति दिइएको अवस्थामा पनि अभिव्यक्ति स्वतन्त्रतामा *अनावश्यक बन्देज* लगाएको ठहरिने भनी अदालतहरूले कैयौँ मुद्दाहरूमा निर्णय दिएका छन्। यहाँ अनावश्यक बन्देजको कुरा निकै महत्वपूर्ण छ, किनभने अन्तर्राष्ट्रिय संयन्त्रहरूले अभिव्यक्ति स्वतन्त्रतामाथि तोकिएको अवस्थामा र आवश्यकताको हदसम्ममात्र बन्देज लगाउन सकिने कुरा स्पष्ट रूपमा उल्लेख गरेका छन्। मानवअधिकारसम्बन्धी युरोपेली अदालतका निर्णयहरू अध्ययन गर्दा राज्यले निश्चित किसिमको कपडा लगाउन, झन्डा जलाउन, कुनै विशेष प्रकारको भाषा बोल्न वा निश्चित शब्द प्रयोग गर्नमा प्रतिबन्ध लगाउने कार्यलाई, कानुनअनुसार त्यही सूचना वा विचार अर्को फरक किसिमको स्वरूपमा सम्प्रेषण गर्न दिएको छ भने पनि, अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रणको रूपमा लिएको पाइन्छ।

### ४. अभिव्यक्ति स्वतन्त्रताको अधिकार संरक्षणमा राज्यको उत्तरदायित्व

अभिव्यक्ति स्वतन्त्रताको अधिकार मात्र नकारात्मक अधिकार (Negative Right) होइन, अर्थात् यस अधिकारअन्तर्गत राज्यको जिम्मामा अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप नगर्ने कर्तव्य मात्र परेको छैन। यस अधिकारको सकारात्मक असरस्वरूप राज्यले अभिव्यक्ति स्वतन्त्रता अधिकारको उपयोगका बाटोमा देखापर्ने सम्पूर्ण अवरोध हटाउनमा क्रियाशील हुनुपर्दछ। यस सम्बन्धमा पक्षराष्ट्रहरूलाई विशेष कर्तव्यको बोध गराउन नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ ले सन्धिमा हस्ताक्षर गर्ने सबै पक्षराष्ट्रहरूले "अनुबन्धमा उल्लेख गरिएका अधिकारहरूको सम्मान र प्रत्येक व्यक्तिका लागि ती अधिकार सुनिश्चित गर्नुपर्ने" कर्तव्यको व्यवस्था गरेको छ।

अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि र समाजका प्रत्येक वर्गको हित रक्षाका लागि राज्यले सञ्चारमाध्यममा सरकार र निजी प्रसारण माध्यमहरूको एकाधिकार रोक्ने, सक्रियतापूर्वक सूचना प्रवाह गर्ने, अल्पसङ्ख्यक समूहहरू आफ्नो हितरक्षाका लागि सञ्चारमाध्यमको प्रयोग गर्न सक्षम रहेको सुनिश्चित गर्ने, तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने किसिमका सबै नीति नियम, कानुनहरूमा संशोधन तथा खारेजीका साथै जनमुखी कानुनहरू निर्माण गरी लागु गर्ने लगायतका कार्य पर्दछन्।

### ५. अभिव्यक्ति स्वतन्त्रताविरुद्ध लगाइन सकिने बन्देजसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रता अधिकारको अन्तर्राष्ट्रिय मापदण्डहरूको अध्ययनले सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्तिहरूका बीच सूचना तथा विचार आदान-प्रदानसँग सम्बन्धित कुनै पनि कार्यमा राज्यको हस्तक्षेपविरुद्ध सुरक्षा प्रदान गर्ने कुरा स्पष्ट भैसकेको छ। तथापि, अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष वा पूर्ण अधिकार भने होइन भन्ने कुरा स्वीकार गर्दछ।

सामान्यतया अभिव्यक्ति स्वतन्त्रताको उपयोगसँग सम्बन्धित अधिकांश क्रियाकलापहरू हानिरहित नै हुन्छन् तर "सूचना तथा विचारको खोजी, प्राप्ति र प्रसार" अन्तर्गत सामान्यतया समाजले पचाउन नसक्ने किसिमका क्रियाकलाप पनि पर्न सक्छन्। त्यस्तो किसिमको अभिव्यक्तिका उदाहरणमा कसैको हत्याका लागि गरिएको दुरुत्साहन वा बालबालिकाहरूलाई अश्लील सामग्रीको बिक्री आदि पर्न सक्छन्। अन्य व्यक्ति तथा सामाजिक हितमा असर पार्ने त्यस्ता किसिमका अभिव्यक्तिहरूमा आवश्यकताको हदअनुसार बन्देज लगाउन सकिने कुरा

अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ। अन्तर्राष्ट्रिय संयन्त्रहरूमा त्यस प्रकारको बन्देज लगाउन सकिने आधार र अवस्थाका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ, त्यस प्रकारको आधार वा अवस्था भए नभएको बारेमा परीक्षण गरिनुपर्ने पनि उल्लेख गरेको छ।

**५.१ अभिव्यक्ति स्वतन्त्रता विरुद्धको बन्देजको वैधता जाँचः तीनखण्डे परीक्षण**

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूले यस अधिकारविरुद्धको हस्तक्षेपलाई निकै गम्भीर रूपमा लिँदै त्यस्तो कुनै हस्तक्षेपलाई निश्चित कठोर सर्तहरू पूरा गरिएका अवस्थामा मात्र अनुमति प्रदान गरेका छन्। अन्तर्राष्ट्रिय मापदण्डअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार नियम हो भने त्यस विरुद्धका सीमाहरू अपवाद हुन्। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९(३) ले अभिव्यक्ति स्वतन्त्रता विरुद्धको बन्देजको वैधानिकता जाँच्नका लागि परीक्षणको व्यवस्था गरेको छ। धारा १९(३) को व्यवस्था अनुसार,

यस धाराको परिच्छेद दुईमा व्यवस्था गरिएको अधिकारहरूको उपयोग सँगसँगै विशेष कर्तव्य र दायित्व पर्दछन्। तसर्थ यस अधिकारमा केही नियन्त्रण हुन सक्नेछ, तर त्यस्तो नियन्त्रण कानुनले व्यवस्था गरेका तथा निम्नलिखित हितको संरक्षणका लागि आवश्यक परेको अवस्थामा मात्रै लागु हुनेछ।

(क) अरूको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि।

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताका लागि।

अन्य प्रमुख मानवअधिकार संयन्त्रहरूमा पनि समान रूपमा व्यवस्था गरिएको यस परीक्षण विधिमा तीनवटा खण्ड रहेको हुनाले यसलाई तीनखण्डे परीक्षणका रूपमा लिइन्छ। तीनखण्डे परीक्षणको पहिलो खण्डअन्तर्गत अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो कुनै हस्तक्षेप कानुन अनुकूल हुनुपर्छ। यहाँ कानुन अनुकुल हुनुपर्छ भन्नुको अर्थ कानुनमा व्यवस्था भएअनुरूप हुनुपर्छ, र त्यस्तो कानुन आफैँमा पनि न्यायिक (Just Law) हुनुपर्छ भन्ने हो। त्यसैगरी, परीक्षणको दोस्रो खण्डअनुसार त्यसरी कानुनी रूपमा लगाइएको प्रतिबन्धको उद्देश्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत वैध मानिएको कुनै निश्चित उद्देश्यको संरक्षण वा सम्बर्द्धन गर्ने हुनुपर्छ। परीक्षणको अन्तिम शर्तअन्तर्गत लागु गरिएको त्यस्तो कुनै प्रतिबन्ध वैध उद्देश्यको संरक्षण र सम्बर्द्धनका लागि *आवश्यक* हुनुपर्छ। अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा बन्देज लगाउने कुनै पनि कानुन वा कदमले उल्लेखित परीक्षणको कुनै एक खण्ड मात्र पनि पालन गर्न नसकेमा त्यस्तो कानुन वा कदम अवैधानिक हुन्छ।

**५.१.१ परीक्षणको पहिलो खण्ड : त्यस्तो बन्देजको व्यवस्था कानुनमा नै गरिएको हुनुपर्ने**

अभिव्यक्ति स्वतन्त्रता विरुद्धको बन्देजको वैधानिकतासम्बन्धी पहिलो परीक्षण अथवा शर्त भनेको त्यस्तो कुनै हस्तक्षेपसम्बन्धी व्यवस्था कानुनमा स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्छ भन्ने हो। कानुन लागु गर्ने सरकारी अधिकारीको स्वेच्छामा त्यस्तो बन्देज लागु हुन सक्दैन, बन्देजका लागि सो समयमा लागु रहेको कुनै कानुन वा नियम हुनैपर्दछ भन्ने यो प्रावधान निकै महत्वपूर्ण छ।

"कानुनमा व्यवस्था गरिएको" भन्ने शर्तको अर्थ बन्देजसम्बन्धी नियम लिखित रूपमा हुनुपर्छ भन्नमात्र खोजिएको होइन। त्यस्तो कुनै कानुन स्पष्ट र निश्चित हुन आवश्यक हुनुका साथै कस्तो किसिमको व्यवहार/कसुरको परिणाम के हुन्छ भन्ने कुरा पनि नागरिकहरूलाई स्पष्ट रूपमा थाहा हुने किसिमको हुनुपर्छ। अस्पष्ट शब्दहरू प्रयोग गरिएका, सो कानुन लागु हुने क्षेत्र अस्पष्ट भएका कानुनले ती मापदण्ड पूरा गर्दैनन् र परिणामस्वरूप कुनै पनि त्यस्ता कानुनहरू अभिव्यक्ति स्वतन्त्रता विरुद्धका गैरकानुनी बन्देज हुन्। उदाहरणका लागि "समाजमा झगडाको बिउ छर्न", "राज्यको झुटो चित्रण गर्ने" कार्यमा लगाइएका बन्देजहरू अस्पष्टताका कारण पहिलो खण्डको परीक्षणमा असफल हुन्छन्।

**५.१.२ परीक्षणको दोस्रो खण्ड : बन्देजको व्यवस्था वैध कानुनी उद्देश्यपूर्तिका लागि**

अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजको दोस्रो आवश्यक तत्व भनेको

**अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि र समाजका प्रत्येक वर्गको हित रक्षाका लागि राज्यले सञ्चारमाध्यममा सरकार र निजी प्रसारण माध्यमहरूको एकाधिकार रोक्ने, सक्रियतापूर्वक सूचना प्रवाह गर्ने, अल्पसङ्ख्यक समूहहरू आफ्नो हितरक्षाका लागि सञ्चारमाध्यमको प्रयोग गर्न सक्षम रहेको सुनिश्चित गर्ने, तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने किसिमका सबै नीति नियम, कानुनहरूमा संशोधन तथा खारेजीका साथै जनमुखी कानुनहरू निर्माण गरी लागु गर्ने लगायतका कार्य पर्दछन् ।**

त्यस्ता प्रतिबन्धले वैध कानुनी उद्देश्य पूरा गर्नुपर्छ भन्ने हो। त्यस्ता वैध कानुनी उद्देश्यहरू के के हुन् भन्ने कुरा अभिव्यक्ति स्वतन्त्रताका अन्तर्राष्ट्रिय मापदण्डहरूमा स्पष्ट रूपमा उल्लेख भएका छन्। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९(३) को परिच्छेद (क) र (ख) मा त्यस्ता वैध उद्देश्यहरू उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजलाई सीमित पार्न खोजिएको छ। साथै महत्वपूर्ण कुरा के हो भने बन्देजका लागि आवश्यक त्यस्ता कानुनी उद्देश्यको सूचीमा सरकारले मनलागी परिवर्तन वा थपघट गर्न पाउदैन। सो अनुबन्धमा उल्लेखित वैध उद्देश्यअन्तर्गत अरूको अधिकार तथा प्रतिष्ठाको सम्मान र राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताका लागि मात्र अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन सकिन्छ।

**५.१.३ परीक्षणको तेस्रो खण्ड : त्यस्तो बन्देज लगाउन आवश्यक नै हुनुपर्ने**

परीक्षणको तेस्रो खण्डलाई सामान्य रूपमा हेर्दा स्वयम्सिद्ध तथ्य जस्तो देखिन्छ। यस खण्डको परीक्षणअनुसार यदि त्यस्तो बन्देज साँच्चै आवश्यक छैन भने पहिलो र दोस्रो खण्डअनुरूप त्यस्तो बन्देज वैध उद्देश्य संरक्षणका लागि साँच्चै नै आवश्यक होइन भने कानुनअनुरूप र वैध उद्देश्य पूरा गर्ने किसिमको नै भए पनि परीक्षणको तेस्रो खण्डअनुरूप हुन सक्दैन र त्यसले अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन गर्दछ। अन्तर्राष्ट्रिय मानवअधिकार अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाइएको भनी निर्णय दिएका अधिकांश मुद्दाहरूमा निर्णयको आधार त्यससम्बन्धी कानुन आवश्यक रहेको नदेखिनु थियो। यसो हुनुको एक महत्वपूर्ण कारण अन्तर्राष्ट्रिय अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कुनै पनि कानुन वा व्यवहारका सन्दर्भमा "आवश्यकता" भन्ने शब्दलाई ग्रहण गर्दा विभिन्न गुणहरूले सम्पन्न हुनुपर्ने मान्नु हो।

कुनै बन्देज "आवश्यक" हुनका लागि अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो बन्देज सामाजिक आवश्यकता सम्बोधन गर्ने खालको, अभिव्यक्ति स्वतन्त्रतामाथिका उपलब्ध बन्देजहरूमध्ये थोरै हानी पुऱ्याउने खालको, अभिव्यक्ति स्वतन्त्रतामा कमसेकम हस्तक्षेप गर्ने खालको हुनुपर्छ।

**६. निष्कर्ष**

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र त्यसमा पनि विश्वका सवै राष्ट्रले राष्ट्रिय कानुनहरू निर्माणका लागि मापदण्डका रूपमा स्वीकार गरेका मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को व्यवस्था अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी राष्ट्रिय कानुनहरूको मुख्य आधार हो। माथि वर्णन गरिएका क्षत्रीय तथा अन्तर्राष्ट्रिय कानुन र तिनका मापदण्डहरूको अध्ययनबाट अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिलाई यी सवै अन्तर्राष्ट्रिय संयन्त्रहरूले उच्च महत्व दिँदै हरेक व्यक्तिलाई विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र त्यस्ता विचार वा सूचनाहरू आफूले रोजेको माध्यमद्वारा प्रसारण वा अभिव्यक्त गर्ने स्वतन्त्रतालाई प्रमुखता दिएको निष्कर्ष निकाल्न सकिन्छ। र, यस अधिकारसँग जोडिएको दायित्वअनुरूप उल्लेखित स्वतन्त्रताको उपभोग गर्दा अरुको अधिकार वा प्रतिष्ठाको सम्मान गर्नुपर्ने र राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ वा नैतिकताको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ।

नेपालको सन्दर्भमा कुरा गर्दा नेपाली राष्ट्रिय कानुन प्रणालीमा अन्तर्राष्ट्रिय मापदण्डलाई दिइएको स्थानले पनि महत्वपूर्ण भूमिका खेल्दछ। नेपालले नागरिक तथा राजनितिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लाई सन् १९९१ को मे १४ मा अनुमोदन गरिसकेको छ। त्यसैगरी, नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरू नेपाल कानुन सरह लागु हुन्छ र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ। यसप्रकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रावधान नेपालका लागि मात्र अन्तर्राष्ट्रिय कानुनको मापदण्ड नभई राष्ट्रिय कानुनकै एक भाग पनि हो। तथापि, नेपालको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सवै राष्ट्रिय प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका छैनन्। राष्ट्रिय कानुनअन्तर्गत प्रदान गरिएका अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति कमजोर प्रकृतिका छन् भने बन्देजका आधारहरू व्यापक छन्। यसरी हेर्दा, आगामी दिनमा नेपालले अनुबन्धअनुरूप आफ्नो राष्ट्रिय कानुनलाई परिमार्जन र संशोधन गर्न आवश्यक छ।

**सन्दर्भ-सामग्री**


१. General Guarantee of Freedom of Expression: Article19, Freedom Forum, Federation of Nepali Journalists (FNJ), 2007 December
२. Universal Declaration of Human Rights 1948
३. International Covenant on Civil and Political Rights,
४. African Charter on Human and Peoples' Rights
५. American Convention on Human Rights
६. European Convention on Human Rights and Fundamental Freedoms
७. Treaty Act 1990
८. Constitution of Kingdom of Nepal 1990
९. Interim Constitution of Nepal 2007
१०. Timeline: a history of free speech, David Smith and Luc Torres, The Observer, Sunday February 5 2006

# सञ्चारमाध्यममा स्वामित्वको एकाधिकार र बहुलवादी समाजमा अभिव्यक्ति स्वतन्त्रता

सुरेश आचार्य

**लोकतान्त्रिक शासन पद्धतिलाई अङ्गीकार गर्ने सबै मुलुकले अभिव्यक्ति स्वतन्त्रताका पक्षमा आफूलाई उभ्याउने कोशिस गरेका छन् । नेपालमा पनि अहिलेसम्म बनेका संविधानमा अभिव्यक्ति स्वतन्त्रताको कुरा लेखिँदै आएको छ । तर यस्तो स्वतन्त्रता राजनीतिक सापेक्षतामा व्याख्या हुने गरेको छ ।**

### १. पृष्ठभूमि

बोल्न, लेख्न, भाषण गर्न अर्थात् कुनै पनि माध्यमबाट आफूलाई लागेको कुरा अभिव्यक्त गर्न पाउने अधिकार नै अभिव्यक्ति स्वतन्त्रता हो। राष्ट्रसङ्घीय मानवअधिकार घोषणापत्रको धारा १९ ले विश्वभरका नागरिकलाई यो स्वतन्त्रताको प्रत्याभूति दिएको छ। यसमा भनिएको छ, "प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको अधिकार छ। विना कुनै हस्तक्षेप विचार ग्रहण गर्ने र सीमाना जेसुकै भए तापनि बिना रोकतोक कुनै पनि माध्यमद्वारा विचार प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ।"

लोकतान्त्रिक शासन पद्धतिलाई अङ्गीकार गर्ने सबै मुलुकले अभिव्यक्ति स्वतन्त्रताका पक्षमा आफूलाई उभ्याउने कोशिस गरेका छन्। नेपालमा पनि अहिलेसम्म बनेका संविधानमा अभिव्यक्ति स्वतन्त्रताको कुरा लेखिँदै आएको छ। तर यस्तो स्वतन्त्रता राजनीतिक सापेक्षतामा व्याख्या हुने गरेको छ। पद्म शमशेरले बनाएको नेपाल वैधानिक कानुनमा अभिव्यक्ति स्वतन्त्रतालाई यसरी उल्लेख गरिएको थियो- "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको बिरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, .....का हकहरू दिने काम भएको छ।[१]

२०१५ सालमा बनेको नेपालको संविधान वास्तवमा पहिलो संवैधानिक व्यवस्था हो। संविधानको धारा ३ को उपधारा १ मा उल्लेख गरिएको थियो- "कानुनबमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान र वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन।"[२] अभिव्यक्ति स्वतन्त्रतालाई धारा ४ को उपधारा ७ मा यसरी उल्लेख गरिएको थियो- "प्रत्येक नागरिकलाई निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछ, (क) वाक तथा प्रकाशन स्वतन्त्रता.....।"[३] तर यो व्यवस्था निरपेक्ष थिएन। शान्ति र व्यवस्था कायम राख्ने वा नेपालको सुरक्षा, नेपाल र अन्य राष्ट्रहरूको सुसम्बन्ध, विभिन्न वर्ग वा जाति वा क्षेत्रका जनताबीचको सुसम्बन्ध वा साधारणतया नेपालका नागरिकहरूको सदाचार, स्वास्थ्य सुविधा वा आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्ने वा आन्तरिक अशान्ति रोक्ने वा अदालत वा संसदको कुनै सदनको अवहेलना हुन दिनबाट रोक्ने वा यस संविधान वा प्रचलित नेपाल कानुनको व्यवस्था उल्टाउने कुचेष्टा वा यस्ता अरु कुनै प्रयास रोक्ने उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएका हकमा वाक तथा प्रकाशन स्वतन्त्रता रोक्नसक्ने संवैधानिक व्यवस्था गरिएको थियो। सशस्त्र सेनालाई भने यो अधिकार नै दिइएको थिएन।

राजा महेन्द्रले नागरिक अधिकारको हनन गरेर सुरु गरेको पञ्चायती संविधानले पनि अभिव्यक्ति स्वतन्त्रता पूर्णतः रोकेको थिएन। नेपालको संविधान २०१९ को धारा ११ को उपधारा १ मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनिएको थियो। यो

---

१. नेपाल सरकारको वैधानिक कानुन, २००४

२. नेपाल अधिराज्यको संविधान २०१५

३. प्रकाशनको दिग्दर्शन, २०४९, प्रेस काउन्सिल नेपाल

प्रावधान २०१५ सालको संविधानको हुबहु कपि नै थियो। उपधारा २ मा वाक तथा प्रकाशन स्वतन्त्रता प्रत्याभूत त गरियो, तर त्यस्तो स्वतन्त्रता देहायका अवस्थामा बाहेक मात्र कायम हुनेभयो–

(क) नेपालको सुरक्षा कायम राख्न

(ख) शान्ति र व्यवस्था कायम राख्न

(ग) विदेशी राज्यसँगको मित्रताको सम्बन्ध कायम राख्न

(घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न

(ङ) सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, शिष्टाचार वा नैतिकता कायम राख्न

(च) बालक वा स्वास्नीमानिसको हितको संरक्षण गर्न

(छ) आन्तरिक क्रान्ति वा वाह्य आक्रमण रोक्न

(ज) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन दिनबाट रोक्न र

(झ) यो संविधान वा तत्काल प्रचलित अन्य कानुनको व्यवस्था उल्टाउने कुचेष्टा वा अरु कुनै त्यस्तो कुचेष्टा रोक्न।[४]

माथि उल्लेखित व्यवस्था गर्नका लागि सरकारले व्यक्तिको स्वतन्त्रतामा कुनै पनि बेला रोक लगाउन सक्ने व्यवस्था गरियो। जनमत सङ्ग्रहपछि संविधानमा तेस्रोपटक संशोधन गरेपछि उदार भनिएको पञ्चायती व्यवस्थामा पनि २०१९ को व्यवस्थाभन्दा कुनै अन्तर रहेन। संविधानमा अभिव्यक्ति स्वतन्त्रताबारे दोस्रो संशोधनको व्यवस्थालाई पुनरावृत मात्रै गरियो।[५] यद्यपि व्यवहारमा पत्रपत्रिका र राजनीतिक दलहरूले केही खुकुलो अनुभव गर्न पाए।

२०४७ मा नागरिक अधिकारको बहाली भएपछि बनेको संविधानमा पनि केही बन्देजहरू लगाइए। धारा १२ मा स्वतन्त्रताको हक उल्लेख गर्दै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भनेर

**२०४७ सालको संविधानलाई मिडिया, कानुनविद् र राजनीतिक दलले विश्वकै उत्कृष्ट संविधान भनेर तारिफ गरे । तर राजनीतिक स्वार्थ पूरा गर्नका लागि अभिव्यक्ति स्वतन्त्रता हनन गर्न चाहादा यसले रोक्न सकेन । राजाले यो संविधानलाई च्यात्न सक्दैनन् भन्ने विश्वास धेरैले गरेका थिए । संविधान नच्याती तर अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरेर शासन गर्दा पनि त्यही संविधान कायम भएको मानियो ।**

---

उपदफा २(क) मा विचार र अभिव्यक्ति स्वतन्त्रता उल्लेख गरियो। यसै उपदफामा तर भनेर उपखण्डहरू राखी निरपेक्ष स्वतन्त्रता नरहने इङ्गित गरियो। संविधानको बन्देजात्मक व्यवस्थामा नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीच सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराधलाई दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।[६] यो प्रावधानको भाषा शैलीमा भएको परिमार्जन बाहेक नियतमा पञ्चायतको संविधानभन्दा यसमा खासै ठूलो अन्तर रहेन। पञ्चायत शासन व्यवस्था विरुद्ध लेख्न नपाउने प्रावधानबाहेक अरु नयाँ व्यवस्था यो संविधानले पनि गरेन।

२०४७ सालको संविधानलाई मिडिया, कानुनविद् र राजनीतिक दलले विश्वकै उत्कृष्ट संविधान भनेर तारिफ गरे। तर राजनीतिक स्वार्थ पूरा गर्नका लागि अभिव्यक्ति स्वतन्त्रता हनन गर्न चाहँदा यसले रोक्न सकेन। राजाले यो संविधानलाई च्यात्न सक्दैनन् भन्ने विश्वास धेरैले गरेका थिए। संविधान नच्याती तर अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरेर शासन गर्दा पनि त्यही संविधान कायम भएको मानियो।

संवैधानिक राजाले आफ्ना सीमा नाघेर शासन सुरु गरेपछि भएको आन्दोलनपछि बनेको अन्तरीम संविधान २०६३ मा पनि अभिव्यक्ति स्वतन्त्रता खास फरक ढङ्गमा व्याख्या भएन। राज्यले आफ्नो अनुकूलतामा मात्र अभिव्यक्ति स्वतन्त्रता दिन सक्ने व्यवस्थालाई कायमै राखियो। यसमा भनिएको छ, धारा १२ मा स्वतन्त्रताको हक उल्लेख गर्दै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भनेर उपदफा ३(क) मा विचार र अभिव्यक्ति स्वतन्त्रता उल्लेख गरिएको छ। यसै उपदफामा तर भनि (३) खण्ड (ग) र (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भनि उल्लेख गरिएको छ।

नेपालका सन्दर्भमा राणाविरोधी अभियानको प्रारम्भ मात्रै अभिव्यक्ति स्वतन्त्रताको लडाइँ होइन। मोतीराम भट्टले १९४५ मा वनारसबाट सुरु गरेको "गोरखा भारत जीवन" वा १९५५ साउनमा पण्डित नरदेव, मोतीकृष्ण शर्माले थालेको "सुधासागर" पनि अभिव्यक्ति स्वतन्त्रताको उपयोगको अभ्यास थियो।[७] सुब्बा कृष्णलाल अधिकारीले नागरिकमा जागरण ल्याउन १९७७ मा प्रकाशन गरेको मकैको खेतीले उनको जागिर र जीवन नै समाप्त गरिदियो।[८] अभिव्यक्ति स्वतन्त्रता

---

४. नेपालको संविधान २०१९

५. नेपाल अधिराज्यको संविधान तेस्रो संशोधन २०३७

६. नेपाल अधिराज्यको संविधान २०४७

७. पूर्ववत्

८. नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास, प्रो. ढुण्डिराज भण्डारी, प्रकाश प्रकाशन, २०४६

राजनीतिक मुद्दा मात्र होइन। नागरिकको अमूल्य निधि पनि हो। मोतीराम, मोतीकृष्ण वा कृष्णलाल राजनीतिमा कुनै ऐतिहासिक हैसियत राख्दैनन्, तर इतिहासमा उनीहरूको नाम कुनै राजनीतिकर्मीको भन्दा कम छैन। तर राजनीतिक शासन व्यवस्थाले व्यक्तिको अधिकार दिने र नदिने अवस्था दुनियाँमा अहिले पनि विद्यमान छ।

अभिव्यक्ति स्वतन्त्रताको प्रश्नमा इतिहासले छाडेका काला कहानीलाई बिर्साउने व्यवस्था आजको आवश्यकता हो। दुनियाँमा के छन् र के भए भनेर पाठ सिक्नु नराम्रो होइन। तर दुनियाँका केही लोकतान्त्रिक शासन पद्धतिका अपवादलाई आधार मानेर नागरिक स्वतन्त्रतालाई कुण्ठित गर्न पाइँदैन। २०४७ सालको उत्कृष्ट संविधानमा देखापरेका व्यवधानलाई सच्याउने गरी अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ। अहिले अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकमा मात्र होइन, प्रस्तावनामै उल्लेख गर्नुपर्छ भन्ने आवाज उठेको छ। यो प्रश्न नाजायज होइन। खराब नियत राखेर संविधानको गलत व्याख्या हुने संभावनालाई दृष्टिगत गर्दै न्यायालयलाई व्यवहारमै स्वतन्त्र बनाउन सकियो भने पनि काला सोच भएकाहरूलाई भोलिका दिनमा न्यायालयले परास्त गरेर तात्कालिक राहत दिन सक्छ।

## २. मिडिया स्वामित्व

नेपालमा तीन खालको मिडिया स्वामित्वको विकास भएको छ। सुरुमा गोरखापत्रको जन्म हुँदा सरकारले खर्च बेहोर्ने गरी यसको प्रकाशन थालियो। अहिले गोरखापत्र संस्थान नै सरकारको स्वामित्वमा छ। यसअन्तर्गत गोरखापत्र (नेपाली) र दी राइजिङ नेपाल (अङ्ग्रेजी) दैनिक प्रकाशन छन्। मुना (बालपत्रिका), मधुपर्क (साहित्यिक पत्रिका) यसका अरु सहप्रकाशन हुन्। २००७ सालबाट सुरु भएको रेडियो नेपाल, २०१९ मा निजी क्षेत्रका समाचार एजेन्सी मिलाएर बनेको राष्ट्रिय समाचार समिति र २०४२ सालदेखि थालिएको नेपाल टेलिभिजनसमेत सरकारको स्वामित्वमा छन्। यसरी सबैखाले मिडियामा सरकारी स्वामित्व बलियो जरो गाडेर बसेको छ।

२००७ सालको राणा विरोधी आन्दोलनको सफलतासँगै नेपाली मिडिया खासगरी प्रकाशन माध्यमको विस्तार सुरु भयो। दिल्ली सम्झौताकै दिन फागुन ४ गतेदेखि सुरु भएको "जागरण" साप्ताहिक वा ८ गते पहिलो अङ्क निकालेको "आवाज" दैनिक निजी क्षेत्रका पहिला अखवार हुन्। यिनीहरूको स्वामित्व व्यक्तिमा थियो। "जागरण"का सम्पादक हृदयचन्द्रसिंह प्रधान थिए भने आवाजका सम्पादक सिद्धिचरण श्रेष्ठ।[९] ०७ देखि ०१७ सालसम्मको सापेक्षिक स्वतन्त्र प्रेस स्वतन्त्रतामा पत्रकारिताको संस्थागत विकासमा पर्याप्त ध्यान दिइएन। यस अवधिमा बेलाबखत प्रेसलाई निचोर्ने र चिथोर्ने काम भए पनि पत्रकारिता क्षेत्र फलेफुलेको थियो। तर तिनीहरू निस्कने र बन्द हुने क्रम जारी रहे। प्रकाशनलाई संस्थागत गर्नेबारे उनीहरूले ध्यान दिएनन्। व्यक्तिगत तवरमा नै प्रकाशन चलिरह्यो।[१०]

व्यक्ति मालिक हुने प्रवृत्तिले पञ्चायतकालमा मात्र होइन, आजपर्यन्त निरन्तरता पाइरहेको छ। २०४७ सालको संविधानपछि बनेको छापाखाना तथा प्रकाशन ऐनले संस्थागत प्रकाशनलाई प्रेरित गर्न खोजेको थियो। त्यसपछि प्रजातन्त्र साप्ताहिक नामको अखवारले संस्थागत प्रकाशनको प्रयास गरे पनि यो लामो समय टिक्न सकेन। यो प्रकाशनमा तत्कालीन वरिष्ठ पत्रकारहरू गोपालदास श्रेष्ठ, मणिराज उपाध्याय, गोविन्द वियोगीहरू समेतको संलग्नता थियो। अद्यापि खासगरी साप्ताहिक र केही साना सन्ध्याकालीन दैनिकको प्रकाशनको स्वामित्व व्यक्तिमा नै छ।

तर दैनिक प्रकाशन र रेडियो तथा टेलिभिजन प्रसारणमा भने प्रकाशन क्षेत्रको तुलनामा संस्थागत सोचको विकास हुन थालेको छ। कान्तिपुर दैनिकबाट सुरु भएको यो प्रवृत्ति हिजोआज बजारमा देखिने सबैजसो ब्रोडसीट अखवारमा धेरथोर लागु भएको देखिन्छ। तर त्यहाँ पनि लामो समय पुरानै टिम कायम हुन सकेको छैन। लगानीकर्ताहरू संस्था घाटामा जानासाथ निस्कने वा राम्रो नाफा हुने अवस्थामा अर्को मिडिया चलाउने प्रवृत्ति देखापरेको छ। यो प्रवृत्तिको शिकारस्वरूप "हिमालय टाइम्स" दैनिकलगायत केही दैनिक घुमिफिरी रुम्जाटार अर्थात् व्यक्तिले सम्पूर्ण दायित्व वहन गर्नुपर्ने अवस्थामा पुगेका छन्।

यसरी सरकारी, संस्थागत र व्यक्तिगत गरी तीन खालको स्वामित्व नेपाली मिडियामा देखापरेको छ। अर्को पक्ष, अघोषित रूपमा विदेशी लगानीमा प्रकाशन र प्रसारणको सम्भावना बढेको छ। यो संस्थागत हो, व्यक्तिगत हो, वा अरु कुनै प्रवृत्ति यसमा छ भन्ने थाहा पाउन सहज छैन। यतिबेलाको बहसको विषय सरकारी स्वामित्वमा रहेका मिडियालाई के गर्ने ? भन्ने हो। सबै खालका मिडियालाई यथावत् चल्न दिने वा नयाँ ढङ्गमा चलाउने ? यो बहस सही ढङ्गमा सुरु भएको छैन। सरकारले प्रिन्ट मिडियालाई आफ्नो स्वामित्वमा राख्न हुँदैन भन्नेमा आमसञ्चारकर्मी सहमत छन्। अधिकांश राजनीतिक दल तयार छन्। तर सुरुवात गर्ने तत्परता कुनै दलले देखाएका छैनन्। अहिलेको अवस्थामा सेवामा सुधार नल्याई छापा माध्यममा मात्र केन्द्रित भएर चलाउने हो भने समाचार समिति चलाउनुको पनि औचित्य छैन। प्रसारणका हकमा संसदअन्तर्गत राख्नुपर्ने सुझाव मिडिया आयोग २०६३ ले दिएको छ।[११] बेलायतको अभ्यासलाई हेरेर हामी यसलाई जायज ठानिरहेका छौं। बेलायती परम्पराको संसदीय पद्धति नेपालमा पटकपटक असफल भएको छ। हामी अब नयाँ नेपालको परिकल्पना गरिरहेका छौं

---

९. पूर्ववत्

१०. नेपालको पत्रपत्रिकाको इतिहास, गृष्मबहादुर देवकोटा

११. उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३,

भने फरक ढङ्गबाट मिडिया सञ्चालनबारे किन सोच्न नसक्ने ? यो प्रश्न सहज छैन तर चुनौतीपूर्ण कामबाट मात्रै नयाँ नेपाल सम्भव छ भन्ने बिर्सन मिल्दैन।

संस्कार र संस्कृतिका हिसावले हामी लोकतान्त्रिक छैनौं। लोकतन्त्र राजनीतिक पद्धति भएर मात्र पुग्दैन। संस्कार र व्यवहार पनि हुन सक्नुपर्छ। त्यो सम्भावना बितेका ६० वर्षसम्म हामीले समाप्त गर्दै मात्र रह्यौं। यस अर्थमा सरकारी मिडियालाई संसदअन्तर्गत राख्ने नारा भोलि हरेक सांसदको दबावका कारण मिडिया पङ्गु हुने अवस्था रहन्छ। तसर्थ मिडिया स्वायत्तताको दिशामा सोचिनुपर्छ। स्वायत्तताको रूप निर्धारणबारे बहस गर्नुपर्छ। सरकार र मिडियामा कार्यरत सबैको निश्चित प्रतिशत राखेर बाँकी शेयर जनतामा बिक्री गर्ने एउटा मोडेल हुनसक्छ। हाल नेपाल टेलिकममा गरिएको व्यवस्थामा सरकारी शेयरलाई अझै ९० प्रतिशत राखिएको छ। तर मिडियामा कुनै पनि एक पक्षको वर्चश्व नरहने गरी निश्चित प्रतिशत तोक्नु राम्रो हुन्छ। कानुनले सञ्चालक प्रतिनिधि निश्चित गरेर उनीहरू संसदप्रति उत्तरदायी भएर काम गर्ने तर दल वा सांसद वा सरकारले हस्तक्षेप गर्न नपाउने अर्को मोडेल हुनसक्छ।

### ३. निष्कर्ष

लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रतासँगै मिडिया स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा प्रेस जगत्ले खोजेको छ। कतिपय मुलुकमा अखवार प्रकाशन बेरोकटोक हुन पाउँछ। हामीकहाँ मिडियामा काम गर्नेको वेतन निश्चित नहुनाले मिडिया दर्ता गर्दा नै प्रकाशन वा प्रसारणको आधार तोकिनुपर्छ भन्ने आवाज पनि उठ्न थालेको छ। कतिपयले यसलाई मिडिया नियन्त्रणको प्रयास भनेर आलोचना पनि गरेका छन्। यसको अर्को पक्ष, दर्ता लिएर कुनै एक सञ्चार संस्था विशेषले सबै खालका मिडिया सञ्चालन गर्न पाउने कि नपाउने ? सरकारले सबै मिडिया आफैं चलाएको छ भने निजी क्षेत्रले किन नपाउने ? यो प्रश्नको उचित जवाफका लागि पनि सरकारले सबैखाले मिडिया चलाउन छाड्नुपर्छ।

नेपालका मिडिया आन्दोलनमा जन्मेका छन्। यिनको संस्थागत विकास हुन सकेको छैन। दुर्भाग्य, संस्थागत गर्ने सोचमा अधिकांश प्रकाशनहरू छैनन् पनि, देखिँदैनन् पनि। यसरी असङ्गठित स्वरूपमा जन्मेका कारण पत्रकारितामा आफ्नो हैसियत बनाउन सफल "मातृभूमि", "समीक्षा", "राष्ट्रपुकार" साप्ताहिकहरू अब इतिहास बनेका छन्। अहिले बजारमा चल्तीका भनेर चिनिएका साप्ताहिक प्रकाशन पनि पुरानै ढर्राबाट चलेका छन्। कोही कुनै विचार विशेषको त कोही कुनै नेता विशेषका सेवामा खटेका छन्। राजनीतिक आस्थाभन्दा टाढा रहेर निकालिएका साप्ताहिक सीटपेपरको खासै बजार देखिँदैन। यद्यपि, सूचना विभाग वा प्रेस काउन्सिलमा उनीहरूको नियमित उपस्थिति टुटेको छैन। यसले भोलिका दिनमा ल्याउने समस्या भनेको उनीहरूको पहिचान र अस्तित्व नै हो। नेपाली पत्रकारिताको प्रारम्भका दिनदेखि अहिलेसम्म मुलुकमा राजनीतिक अस्थिरता कायमै रहेकाले राजनीतिमुखी पत्रकारिता टिकेको छ। तर यसको व्यावसायिक विकास हुँदै जाँदा कुनै ठूला लगानीकर्ता आएका दिन उनीहरू घरका न घाटका हुने अवस्था आउँछ।

एकाधिकारको प्रश्नमा प्रकाशन र प्रसारणलाई अलग राख्नुपर्छ। प्रकाशनको बढ्दो सङ्ख्याले बजारमा प्रतिस्पर्धा बढाउँछ। यसलाई नकारात्मक रूपमा लिनु जरुरी छैन। तर सीमित बजार र उपभोक्ताका कारण उनीहरू कति व्यावसायिक रूपमा टिक्न सक्लान् ? यो प्रश्न भने फेरि पनि आउने छ। प्रसारणका फ्रिक्वेन्सी भने सीमित हुन्छ। त्यसैले रेडियो वा टेलिभिजन कुनै अमूक व्यक्तिले लाइसेन्स पाए पनि वास्तवमा यो सार्वजनिक सम्पत्ति हो। अहिले कुनै संस्था विशेषलाई कागज पुऱ्याएका आधारमा धमाधम एफएम रेडियोको फ्रिक्वेन्सी बाँडिएको छ। एउटै संस्थाले देशभर आफ्नो प्रसारण पुऱ्याउने उद्देश्यसाथ उनीहरू लागेका छन्। यसरी केही संस्था विशेषलाई सार्वजनिक सम्पत्ति मानिने फ्रिक्वेन्सी दिने कि नदिने ? यी प्रश्नहरू नीतिगत अभावका कारण बेवारिसे बनेका छन्।

**राज्यले सहयोग गर्दागर्दै पनि सम्पादकीय स्वतन्त्रता मिडियालाई दिनैपर्छ। अन्यथा ती राज्य नियन्त्रित दल विशेषका संस्था बन्नेछन् । यो तीतो यथार्थलाई आम नेपालीले यी वर्षसम्म अनुभव गरेको छ ।**

स्वामित्वको प्रश्नमा सरकारले छापा माध्यम चलाउनै हुँदैन। छापा माध्यमको उपयोगिताका लागि मात्रै हो भने समाचार एजेन्सी पनि अब चलाइराख्नुको औचित्य छैन। रेडियो र टेलिभिजन सरकारको आर्थिक सहयोगमा चलेका छन्। उनीहरू आफ्नै कमाइमा बाँच्ने प्रयासका छन्। राज्यले सहयोग गर्दागर्दै पनि सम्पादकीय स्वतन्त्रता मिडियालाई दिनैपर्छ। अन्यथा ती राज्य नियन्त्रित दल विशेषका संस्था बन्नेछन्। यो तीतो यथार्थलाई आम नेपालीले यी वर्षसम्म अनुभव गरेको छ। मिडिया स्वायत्तताको प्रश्नमा सरकारी माध्यमको स्वरूप निर्धारण गरेर मात्र पुग्दैन। निजी क्षेत्रले के कस्ता मिडिया कतिञ्जेल चलाउन पाउने भन्ने कुराको पनि छिनोफानो जरुरी छ। खासगरी छापा र प्रसारण मिडिया एउटै निजी संस्थालाई दिनुहुँदैन। एफएम रेडियो पनि स्थानीय सञ्चालकलाई दिनुपर्छ, एउटै संस्थालाई मेचीदेखि महाकालीसम्म चलाउन दिनुहुन्न। विदेशी लगानीलाई व्यवस्थित गर्नुपर्छ। विदेशी लगानीकर्ताको वर्चश्व नरहने र नेपाली व्यवस्थापकबाट सञ्चालन गर्ने गरी विदेशी मिडियालाई सञ्चालन अनुमति दिनु तत्कालको समाधान हुनसक्छ। यसबारे थप बहस हुन जरुरी छ। मूल प्रश्न स्वामित्व जसको जस्तो स्वरूपमा रहे पनि त्यहाँ कार्यरत सबैले तोकिएको पारिश्रमिक पाउने वातावरण सञ्चालनको एउटा आधार बनाउनु जरुरी छ।

# सञ्चारमाध्यमको नियमन र अभिव्यक्ति स्वतन्त्रताको प्रश्न

यमबहादुर दुरा

**सञ्चारमाध्यमले लोकतान्त्रिक परिपाटीको सुदृढीकरण र नागरिक सबलीकरणका समग्र एजेण्डाहरूलाई जनस्तरको फराकिलो घेरासम्म विस्तार गर्ने र त्यसैमार्फत् स्वच्छ जनमत तयार गर्न सघाउँछ। आमनागरिकलाई यति सघन र व्यापकरूपमा क्षणभरमै तरङि त गरेर जनलहर पैदा गर्ने काम सञ्चारमाध्यमले नै गर्नसक्छ।**

## १. पृष्ठभूमि

लोकतान्त्रिक शासनप्रणालीमा राज्यशक्तिको स्रोतको रूपमा नागरिकलाई लिने गरिन्छ। नागरिकलाई शक्ति र अधिकारले जति बढी सम्पन्न बनाउँदै लगिन्छ, त्यति नै लोकतान्त्रिक शासनप्रणालीको जग बलियो हुँदै जान्छ भन्ने मान्यताले अहिले मूलधार ग्रहण गर्दै गएको छ। शक्ति सन्तुलन, शक्ति पृथकीकरण एवम् सुशासनको मूलभूत सिद्धान्तमा आधारित शासन व्यवस्था र स्वच्छ/पारदर्शी न्यायप्रणालीले नागरिक र लोकतान्त्रिक परिपाटी दुबैलाई सबल बनाउँछ भन्ने धारणा अब साझा मन्त्र बनेको छ।

यस साझा मन्त्रलाई सार्थक बनाउन सघाउने महत्वपूर्ण र अपरिहार्य सहयोगीहरूमध्ये सञ्चारमाध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन एवम् अनलाइन) पनि एक हो। समग्रमा सञ्चारमाध्यमलाई "मिडिया" नामले चिन्ने गरिन्छ। समयको प्रवाहसँगै सञ्चारमाध्यमसित सङ्गीत उद्योग र मनोरञ्जन उद्योग को नाता घनिष्ट रूपमा गाँसिन थालेको छ। यसबाट सञ्चारमाध्यमको दायरा अझ फराकिलो हुँदै गएको छ।

सञ्चारमाध्यमले लोकतान्त्रिक परिपाटीको सुदृढीकरण र नागरिक सबलीकरणका समग्र एजेण्डाहरूलाई जनस्तरको फराकिलो घेरासम्म विस्तार गर्ने र त्यसैमार्फत् स्वच्छ जनमत तयार गर्न सघाउँछ। आमनागरिकलाई यति सघन र व्यापकरूपमा क्षणभरमै तर्रा त गरेर जनलहर पैदा गर्ने काम सञ्चारमाध्यमले नै गर्नसक्छ।

"अप्रिल क्रान्ति" भनेर चिनिएको जनआन्दोलन २०६२/०६३ का क्रममा प्रदर्शनकारीहरूमाथि भएको निर्मम कुटाइका दृश्यहरू निजी क्षेत्रका टेलिभिजन च्यानलले एकपछि अर्को गरी प्रसारण गरेका थिए। राजाको सरकारको यसप्रकारको क्रूर र अलोकतान्त्रिक कार्यशैली देखेपछि हजारौं नागरिक विरोध प्रर्दशनमा निस्केका घटना धेरैको स्मृतिपटलमा अझ पनि ताजै छ। त्यसैले कोल्टो फेर्न खोजिरहेको समाजलाई बदल्न सक्ने तागत मिडियासँग हुन्छ।

अझ सूक्ष्मरूपमा हेर्दा सञ्चारमाध्यमले आमनागरिकलाई सुसूचित गर्ने, राज्य एवम् नीतिनिर्माण तहमा जनभावनालाई मुखरित गर्ने, भ्रष्टाचारलगायतका विकृतिविरुद्ध जनमत तयार पार्ने, नागरिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षित तुल्याउने जस्ता जनहितकारी काम गरेर सर्वसाधारण नागरिकलाई सबलीकरण गर्ने दिशामा योगदान पुर्‍याउँछ। यसले अन्ततः लोकतान्त्रिक परिपाटीलाई दरिलो बनाउँछ। यसबाट लोकतान्त्रिक परिपाटीमा सञ्चारमाध्यमको महत्वको औचित्य पुष्टि हुन्छ।

## २. विचार र अभिव्यक्ति स्वतन्त्रताका कुरा

विचार र अभिव्यक्ति स्वतन्त्रतालाई नागरिकको नितान्त मौलिक एवम् आधारभूत अधिकारको रूपमा लिने गरिन्छ। प्रथम र दोस्रो विश्वयुद्धका क्रममा विश्वभरका युद्धपीडित नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रतालगायत तमाम अधिकारहरूको चरम हनन् भएको पृष्ठभूमिमा सन् १९४८ मा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र जारी भयो। यस घोषणापत्रलाई विचार अभिव्यक्ति स्वतन्त्रताको पक्षमा कोशेढुङ्गाको रूपमा लिने गरिन्छ।

उक्त घोषणापत्रको धारा १९ मा लेखिएको छ- "हरेक व्यक्तिलाई विचार र अभिव्यक्ति सवतन्त्रताको हक हुनेछ। यसअन्तर्गत विनाकुनै हस्तक्षेप विचार राख्न पाउने र विना रोकतोक कुनै पनि माध्यमबाट मत ग्रहण गर्ने, खोज्ने र प्रसार गर्ने अधिकारसमेत हुनेछ।" संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी घोषणपत्रको धारा १९ मा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रावधान उल्लिखित भएकाले भारतलगायतका

कतिपय मुलुकहरूले आफ्ना संविधानका धारा १९ मा नै उक्त प्रावधानलाई समावेश गरेका छन्।

यसैगरी, सन् १९६६ मा जारी भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ मा नै विचार र अभिव्यक्ति स्वतन्त्रताको कुरा उल्लेख छ। उक्त धारामा भनिएको छ-

१. प्रत्येक व्यक्तिलाई कुनै हस्तक्षेप विना विचार राख्ने अधिकार रहनेछ।
२. प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता रहनेछ।

यसअन्तर्गत सम्पूर्ण प्रकारका सूचना तथा विचार कुनै बन्देज विना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रूपमा आफ्नो छनोटका माध्यममार्फत् खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समावेश रहनेछ।

युरोपियन मानवअधिकार आयोग र मानवअधिकारसम्बन्धी युरोपियन महासन्धिको धारा १० विचार र अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरिएको छ।

### ३. विचार र अभिव्यक्ति स्वतन्त्रताका सीमाहरू

नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता वर्तमान विश्व समुदायले जतिसुकै उच्च प्राथमिकता दिए पनि यो स्वतन्त्रता सीमाविहीन भने छैन। यसमा उचित किसिमले नियन्त्रण हुने र हुनुपर्ने थुप्रै मुनासिव आधारहरू भेटिन्छन्। तर यस्तो नियन्त्रण स्वेच्छाचारी नभई लोकतान्त्रिक परिपाटीअन्तर्गत बनेको कानुनद्वारा निर्देशित हुनुपर्नेमा विचार र अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरू जोड दिन्छन्।

खासगरी साम्प्रदायिक सद्भाव बिथोल्ने, सार्वजनिक शिष्टाचार र नैतिकतामा प्रतिकूल असर पर्ने, नागरिकको इज्जत र प्रतिष्ठामा धक्का पुग्ने (गाली बेइज्जती हुने), युद्धका लागि गरिने एकपक्षीय प्रचारप्रसारमा सहयोग पुग्ने, अपराध गर्न प्रोत्साहन मिल्नेलगायतका विचार र अभिव्यक्तिले समाजमा अस्थिरता र असामन्जस्य निम्त्याउने भएकोले यस्ता खाले विचार र अभिव्यक्तिलाई विश्वव्यापी रूपमै नियन्त्रण गरिएको पाइन्छ।

यसै सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध–१९६६ को धारा १९ को उपधाराहरूमा विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न विशेष कर्तव्य र जिम्मेवारी पालना गर्नुपर्ने कुरा पनि उल्लिखित छ। यसअनुरूप अरुको अधिकार र प्रतिष्ठाको सम्मान गर्न एवम् सार्वजनिक नैतिकता र सुव्यवस्था कायम गर्न कानुनले निर्दिष्ट गरेबमोजिम विचार र अभिव्यक्तिमा नियन्त्रण हुनसक्ने व्यवस्था गरेको छ।

यसैगरी, सोही अनुबन्धको धारा २० मा युद्धका लागि एकपक्षीय प्रचारप्रसार (Propaganda) गर्ने एवम् भेदभाव, शत्रुता, हिंसा, जातीय र धार्मिक घृणा बढाउने खालका विचार र अभिव्यक्तिलाई कानुनअनुसार नियन्त्रण गर्न सकिने प्रावधान छ।

यिनै प्रसङ्गहरूको सेरोफेरोमा विचार विमर्श गर्दा शान्तिका लागि प्रसारण माध्यमको उपयोगसम्बन्धी सम्मेलन (१९३६), गल्ती संशोधनबारे अन्तर्राष्ट्रिय अधिकारसम्बन्धी सम्मेलन ( १९५२) र शान्ति प्रबर्द्धनका लागि आमसञ्चारका माध्यमले दिनुपर्ने योगदानका सम्बन्धमा युनेस्कोले जारी गरेको घोषणापत्र (१९७८) ले युद्ध र जातिभेदलाई निम्त्याउने एवम् मानवअधिकारको हनन् हुने गरी गरिएको विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउनका लागि दिएको सुझाव पनि यहाँ उत्तिकै सान्दर्भिक हुन आउँछ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ (२) को प्रबिन्धात्मक वाक्यांश (१), (२) र (३) ले सम्प्रदायहरूबीचको सुसम्बन्धमा खलल पार्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुनेलगायतका विचार र अभिव्यक्तिमाथि मुनासिब प्रतिबन्ध लगाउन सक्ने प्रावधान थियो।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४) र (५) मा पनि नेपालको सार्वभौमसत्ता वा अखण्डतामा असर पर्ने, जात, जाति, धर्म वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पार्ने, सार्वजनिक नैतिकताको प्रतिकूल हुने, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पर्ने, गालीबेइज्जती हुने वा अदालतको अवहेलना हुनेजस्ता कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने प्रावधानको व्यवस्था गरिएको छ।

यी दृष्टान्तहरूबाट विचार र अभिव्यक्ति स्वतन्त्रताहरू सीमाविहीन छैनन् भन्ने तथ्य प्रष्ट हुन्छ। तर विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि गरिएका यी नियन्त्रणहरू विवादरहित भने छैनन्। खासगरी राजनीतिक उद्देश्यका लागि सशस्त्र सङ्घर्षमा उत्रिएका समूहहरूले यस्ता नियन्त्रण चर्को रूपमा विरोध गरेको पाइन्छ।

### ४. नेपालमा सञ्चारमाध्यम नियमनका प्रसङ्गहरू

वि. सं.१९५८ बैशाख २४ गतेदेखि "गोरखापत्र" प्रकाशित भएपछि नेपालमा समाचारपत्र प्रकाशनको कालखण्ड सुरु भएको मानिन्छ। तत्कालीन राणा प्रधानमन्त्री देव शमशेरको अगुवाइ र निर्देशनमा सुरु भएको मानिएको गोरखापत्रको प्रकाशन प्रक्रिया, खर्च विवरण एवम् छाप्न हुने र हुने नहुने विषयहरू समेटी एक सनद (आदेश) जारी गरिएको थियो।

पण्डित नरदेव पाण्डेको नामबाट जारी भएको त्यस सनदलाई नै नेपालमा प्रेससम्बन्धी पहिलो कानुन मानिन्छ। किनभने त्यस सनदलाई नै गोरखापत्रले कानुन सरह पालना गर्नुपर्थ्यो। त्यसलाई नै नेपालमा सञ्चारमाध्यमको नियमनको प्रारम्भबिन्दु मान्न सकिन्छ।

यसपछि १९७० सालमा चन्द्र शमशेर मुलुकी ऐन संशोधन गरी अदलको महल ३१ मा कुनै पनि पुस्तक वा पत्रपत्रिका छाप्नुअघि गोरखा भाषा प्रकाशिनी समितिमा लगेर जँचाउनुपर्ने र त्यहाँबाट अनुमति प्राप्त गरेपछि मात्र छाप्न सक्ने व्यवस्था गरेको थियो। यस दफाले पूर्व प्रतिबन्धको सिद्धान्तलाई अङ्कार गरेको पाइन्छ।

यसैगरी, २००५ सालमा जारी भएको छापाखाना र प्रकाशनसम्बन्धी ऐनको दफा ६ मा ज्यान मार्न सुर्याउने,

अफिसर वा पल्टनिया जवानलाई राजभक्ति र कर्तव्यबाट बिचलित बनाउने, श्री ५ र श्री ३ को गाथागद्दी ताक्ने, कसैलाई आतंकित पार्ने, शासन व्यवस्थामा खलल पार्नेलगायतका १४ वटा बुँदाहरू छाप्न नहुने व्यवस्थाअन्तर्गत उल्लेख गरिएको थियो।

उता, २००८ सालमा जारी भएको नेपाल छापाखाना र प्रकाशन रजिष्ट्रीसम्बन्धी ऐनले पुस्तक छापिएको ठाउँ र छापाखानाको नाउँ खुलाउनुपर्ने, छापिएको पुस्तक वा अखबारको दुईप्रति गृहमन्त्रालयमा बुझाउनुपर्ने लगायतका प्रावधानहरू उल्लिखित थिए।

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००९ को दफा ५ (१) ले राजा र राजपरिवार, नेपालस्थित राजदूतहरूप्रति घृणा र निरादर गराउनेलगायतका नौवटा बुँदाहरूमा बन्देजात्मक व्यवस्था गरेको थियो। २०१० वैशाख १४ गते त्यस ऐनमा पहिलो संशोधन गरियो। यस संशोधनले पनि राजा र राजपरिवार, नेपालस्थित राजदूतहरूप्रति घृणा र निरादर गर्ने सामग्री प्रकाशन गर्न नपाउने कुरामा पुन: जोड दियो। यसै संशोधित व्यवस्थाअनुसार थुप्रै पत्रपत्रिकाहरू जफत भएको र कतिको त अनुमतिपत्रसमेत रद्द गरिएको अभिलेख भेटिन्छ।

वि.सं. १०१४ मा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००९ मा भएको दोस्रो संशोधनले राजा र राजपरिवारप्रति टिप्पणी गर्न फेरि पनि प्रतिबन्ध लगाएको पाइन्छ।

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ ले पनि थुप्रै बन्देजात्मक व्यवस्थाहरू गरेको थियो। यसमा पनि राजा, राजपरिवार र एकदलीय पञ्चायती व्यवस्थालाई जोगाउन प्रत्यक्ष व परोक्ष रूपमा आधारहरू खडा गरेको पाइन्छ।

उता, बैसट्ठी वर्षअघिदेखि प्रकाशित हुँदैआएको गोरखापत्रको प्रकाशनलाई व्यवस्थित गर्न "गोरखापत्र संस्थान ऐन, २०१९" जारी गरियो।

पूर्ववर्ती २०१९ सालको ऐनलाई खारेज गर्दै २०३२ सालमा जारी भएको छापाखाना र प्रकाशनले राजा, राजपरिवार र पञ्चायती व्यवस्थामा खलल पुग्नेगरी प्रकाशन गर्न प्रतिबन्ध लगायो। यस प्रावधानलाई अवज्ञा गरेमा छापिएका प्रकाशन जफत हुने, पाँच हजार रुपैयाँसम्म जरिवाना हुने र प्रमाणपत्र स्वत: रद्द हुने व्यवस्था गरिएको थियो। यस अवधिमा थुप्रै पत्रपत्रिका सरकारी नियन्त्रणको शिकार भए।

वि.सं. २०३६ जेठ १६ गते राजदरबारबाट प्रकाशित एक विज्ञप्तिमा, "राष्ट्रिय जनमत दुई मूलभूत प्रश्नहरूमध्ये कुनचाहिँ रोज्ने र त्यसको पक्ष वा विपक्षमा आफूलाई लागेको कुरा निर्धक्क र आफ्नो मत वा कुरा संयमपूर्वक अभिव्यक्त गर्न, गराउन वा आमसभा, बैठक, लेख, टीकाटिप्पणी वा आलोचना, समालोचना लेख्न वा प्रचार गर्नसमेत सम्पूर्ण नेपालीलाई पूर्ण छुट प्रदान गरिबक्सेको छ।" भन्ने व्यहोरा उल्लिखित थियो।

बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था कुन रोज्ने भन्ने विषयमा जनमत सङ्ग्रह घोषणा भएको सन्दर्भमा उक्त विज्ञप्ति आएको थियो। २०३७ साल वैशाख २० गते सम्पन्न जनमत सङ्ग्रहको नतिजाअनुसार सुधारिएको पञ्चायती व्यवस्थाको पक्ष जनमत आएको घोषणासँगै राजनीतिक स्वतन्त्रतामाथि फेरि पनि प्रतिबन्ध लगाइयो।

जनमत सङ्ग्र, सकिएपछि सरकारले जेठ १६ गते वाक तथा प्रकाशन स्वतन्त्रता अध्यादेश, २०३७ जारी गऱ्यो र साउन २९ गते ऐनको रूप दिई जारी गऱ्यो। उक्त ऐनमा चित्त नबुझेमा कानुनी उपचारको बाटो रोज्न सकिने व्यवस्था पनि गरिएको थियो।

देशमा २०४६ सालको राजनीतिक आन्दोलनपछि स्थापित सरकारले २०४८ सालमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन–२०४८ जारी गऱ्यो। यो ऐन तुलनात्मक रूपमा प्रजातान्त्रिक भए पनि यसमा पनि पञ्चायतकालीन ऐनमा जस्तै राजा र राजपरिवारको बारेमा टीकाटिप्पणी गर्न छुट दिइएको थिएन।

वि.सं. २०४९ सालमा जारी भएको राष्ट्रिय सञ्चार नीतिले रेडियो प्रसारणमा निजी क्षेत्रको सहभागिताका लागि ढोका खोलिदियो। तर त्यसमा उल्लिखित "मनोरञ्जन र शिक्षामूलक कार्यक्रम प्रसारण गर्न निजी क्षेत्रमा एफएम रेडियो सञ्चालन गर्न दिइने" भन्ने वाक्यांशले रेडियोको दायरालाई फराकिलो हुन भने दिएन। यसले सूचनामूलक ( समाचार, विचार, विश्लेषण, आदि) कार्यक्रमलाई ठाउँ दिएन।

सरकारी अकमर्ण्यताका कारण थुप्रै हण्डर खाएका एफएम प्रसारकहरूको नाममा २०५७ पुस १८ र माघ २ गते बन्देजात्मक निर्देशन जारी गऱ्यो। निर्देशानुसार स्टेसनका अध्यक्ष, स्टेसन म्यानेजरसहित तीनजनाको कार्यक्रम सञ्चालक बोर्डमा मन्त्रालयको प्रतिनिधिलाई अनिवार्य रूपमा समेटेर उनको सहमति बमोजिमका कार्यक्रममात्रै प्रसारण गर्नुपर्ने, उनको अनुपस्थितिमा बैठक बस्न नसक्ने, कार्यक्रमको विवरण एक साताअघि नै मन्त्रालयमा पठाउनुपर्ने, एफएम प्रसारण संस्थाहरूले आफ्नै स्रोतबाट समाचार सङ्कलन गरी प्रसारण गर्न नपाउने, केवल सरकारी सञ्चारमाध्यमबाट प्राप्त समाचार सामग्रीहरू प्रसारण गर्न पाइने, सरकारी प्रतिनिधिले अस्वीकार गरेको कुनै पनि कार्यक्रम प्रसारण गर्न नपाउने अवस्था आयो। यसबाट रेडियो प्रसारकहरूका लागि असजिलो स्थिति खडा भयो।

उता, २०५२ साल फागुन १ गतेदेखि नेकपा माओवादीले देशमा सशस्त्र आन्दोलन सुरु गरेपछि सञ्चारमाध्यमहरूले नजानिँदो र क्रमिक रूपमा अप्ठेरो अवस्थाको सामना गर्नुपऱ्यो। देशमा माओवादी आन्दोलन चर्किंदै जाँदा २०५८ साल मङ्सिर ११ गतेदेखि देशमा सङ्कटकाल लागु भयो। यसबाट नेपाल अधिराज्यको संविधान–२०४७ ले दिएका सबै मौलिक हकहरू निलम्बनमा परे। यसबाट सञ्चारमाध्यमहरूले समाचार सङ्कलनदेखि प्रकाशन/प्रसारणसम्मको चक्र पूरा गर्ने सिलसिलामा थुप्रै अप्ठेराहरू भोगे।

माओवादी आन्दोलन झन्झन् चर्किंदै गइरेहको बेला २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रले देशको शासनको सम्पूर्ण अभिभारा आफैँले लिएपछि सत्ता मिडियाप्रति निकै आक्रमक बन्यो। राजा

**सञ्चारमाध्यमको नियमन र नियन्त्रणका यी तमाम दृष्टान्तहरू मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र–१९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध–१९६६ र नेपाल अधिराज्यको संविधान–२०४७ र त्यसपछि बनेका संवैधानिक प्रावधानहरूको विपरीत हुने देखिन्छ। त्यसैगरी पूर्वोल्लिखित नियमन र नियन्त्रण सूचनाको अधिकतम सार्वजनिकीकरण सिद्धान्तको विरुद्ध हुने पाइन्छ।**

---

ज्ञानेन्द्रको शाही घोषणालगत्तै सञ्चारमाध्यमका कार्यालयमा सेना पठाएर प्रकाशन र प्रसारण बन्द गर्न लगाउनुका साथै इमेल, इन्टरनेट एवम् टेलिफोन सेवा बन्द गर्ने काम भयो। राजा ज्ञानेन्द्रको १५ महिनाको शासनकालमा मोबाइल सेवा चार पटकसम्म बन्द गरियो।

तत्कालीन सरकारले सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ नाम राखी कात्तिक २३ गते जारी गऱ्यो। यस अध्यादेशमार्फत् सरकारले रेडियो ऐन–२०१४, राष्ट्रिय समाचार समिति ऐन–२०१९, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन–२०४८, प्रेस काउन्सिल ऐन–२०४८, राष्ट्रिय प्रसारण ऐन–२०४९ र गाली बेइज्जती ऐन–२०१६ गरी सञ्चारसम्बन्धी ६ वटा ऐनमा संशोधन गरी अलोकतान्त्रिक चरित्र प्रदर्शन गऱ्यो।

सञ्चारमाध्यमको नियमन र नियन्त्रणका यी तमाम दृष्टान्तहरू मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र–१९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध–१९६६ र नेपाल अधिराज्यको संविधान–२०४७ र त्यसपछि बनेका संवैधानिक प्रावधानहरूको विपरीत हुने देखिन्छ। त्यसैगरी पूर्वोल्लिखित नियमन र नियन्त्रण सूचनाको अधिकतम सार्वजनिकीकरण सिद्धान्तको विरुद्ध हुने पाइन्छ।

नेपालमा सञ्चारमाध्यमको नियमनको कुरा गर्दा फ्रेड एस. सवर्ट, थियोडोर पिटरसन र विलवर स्क्र्यामले प्रतिपादन गरेका प्रेसका सिद्धान्तका मूलभूत मर्महरूसँग दाँजेर हेर्न सकिन्छ। उनीहरूले अधिनायकवादी सिद्धान्त, स्वच्छन्दतावादी सिद्धान्त, सामाजिक जिम्मेवारी सिद्धान्त र सोभियत सर्वसत्तावादी सिद्धान्त गरी "प्रेसका चार सिद्धान्त" प्रतिपादन गरेका थिए। यीमध्ये नेपालमा सोभियत सर्वसत्तावदी सिद्धान्तको उपयोग भएको पाइन्न, बाँकी सबै प्रेस सिद्धान्तको प्रयोग भएको पाइन्छ।

नेपालमा सञ्चारमाध्यमको नियमनको इतिहासलाई वि. सं. १९६८–२००७, वि. सं. २००७–१०१७, वि.सं. १०१७-२०४६ र वि. सं. २०४६ सालदेखि हालसम्म गरी चार कालखण्डमा विभाजन गरेर हेर्न सकिन्छ। १९६८ सालमा गोरखापत्र प्रकाशित भएदेखि २००७ सालसम्मको अवधिलाई अधिनायकवादी सिद्धान्तको रूपमा लिन सकिन्छ। त्यतिबेला राणाहरू सत्तामा थिए। उनीहरूले जनताले जे थाहा पाउनुपर्छ भन्ने सोच्थे, त्यही दिन्थे। त्यसमाथि जनताले पुनर्विचार गर्ने वा प्रश्न गर्ने मौका पाउँदैनथे। प्रेस पूर्ण रूपमा सत्ताप्रति जिम्मेवार हुनुपर्थ्यो। प्रेस राज्यको दासको रूपमा रहनुपर्ने अवस्था थियो।

यसैगरी, २००७ देखि २०१७ सालसम्मको कालखण्डलाई अधिनायकवाद र स्वच्छन्दतावाद दुबै सिद्धान्तको संयुक्त रूपको लिन सकिन्छ। त्यस अवधिमा तानाशाही राणा शासनको अन्त्य भइसके पनि प्रजातन्त्रको संस्थागत विकास भइसकेको थिएन। त्यतिबेला सरकारी स्वामित्वको रेडियो नेपालको स्थापना भयो भने नयाँ युगले दिएको स्वतन्त्रताको उपयोग गर्दै निजी क्षेत्रबाट पत्रपत्रिकाहरू प्रकाशित भए। तर निजी क्षेत्रका पत्रपत्रिकाहरू सरकारको पुरातन मानसिकताको शिकार भए। थुप्रै पत्रपत्रिकाहरू बन्द गराइए।

२०१७ देखि २०४६ कालखण्डमा फेरि पनि अधिनायकवादी सिद्धान्त फर्कियो। अब प्रेस जनताप्रति होइन, सत्ता र राजाप्रति जिम्मेवार हुनुपर्ने अवस्था आयो। यस अवधिमा निजी क्षेत्रका असङ्ख्य पत्रपत्रिकाहरूको दर्ता खारेजी भयो। शासकले भनेको कुरा मात्र सही र यथार्थ मानिने यस सिद्धान्तअनुसार निजी क्षेत्रका पत्रपत्रिकाहरूले उठाएका मुद्दाहरू सरकारलाई अप्रिय लाग्नु स्वाभाविकै थियो। परिणामस्वरूप पत्रपत्रिकाको प्रकाशन बन्द गरिनुका साथै पत्रकारहरूलाई जेलमा कैद गर्ने काम गरियो।

२०४६ सालदेखि हालसम्मको अवधिलाई सामाजिक उत्तरदायित्वको सिद्धान्तअनुरूप हेर्न सकिन्छ। देशको सहज र उपयुक्त राजनीतिक वातावरण देखेर यस कालखण्डमा निजी क्षेत्रका ठूला दैनिकहरूको प्रकाशन सुरु भयो भने निजी क्षेत्रबाट रेडियो र त्यसपछि टेलिभिजनहरूको पनि प्रसारण सुरु भयो। यसबाट प्रकाशन र प्रसारण क्षेत्रमा सरकारको एकाधिकार तोडियो। यस अवधिमा बहुलवाद, समावेशीकरण, सामाजिक न्याय, नागरिक अधिकारजस्ता तमाम मुद्दाहरू उठ्न थाले। यसबाट, देखेको कुरा मात्र उठाउने होइन, यस्ता

कुरा उठाउँदा समाजमा पर्नसक्ने प्रभावको बारेमा पनि मिडिया उत्तिकै जिम्मेवार हुनुपर्छ भन्ने धारणाको प्रवल रूपमा विकास हुन थाल्यो।

**५. नियमन आवश्यक कि अनावश्यक ?**

अनुशासन र आत्मसंयम हरेक पेशा, क्षेत्र र व्यक्तिका लागि उत्तिकै महत्वपूर्ण मानिन्छ। सञ्चारमाध्यमको नियमनको सन्दर्भमा केही विरोधाभासपूर्ण अवस्थाहरू भेटिन्छन्। एकथरिको भनाइमा सञ्चारमाध्यमको नियमन आवश्यक छैन। अर्कोथरिको भनाइमा सञ्चारमाध्यमको नियमन आवश्यक हुन्छ किनभने सञ्चारमाध्यमको निर्वाध प्रवाहले समाजमा गहिरा र अनुमान गर्न नसकिने विनाशकारी प्रभावहरू पर्न सक्छन्।

धेरैले सञ्चारमाध्यमलाई स्वतन्त्र रहन दिनुपर्छ भनेका छन् तर बेलगाम रहन हुनुपर्छ भन्न सकेका छैनन्। लोकतन्त्रको जननी मानिएका पश्चिमा मुलुकहरूले पनि सञ्चारमाध्यमको नियमनका लागि असङ्ख्य ऐन, कानुन, एवम् नियमाली बनाएको पाइन्छ।

सत्ता, शक्ति र पैसाको आडमा सञ्चारमाध्यमलाई दुरूपयोग गरेको कैयौं उदाहरणहरू भएकाले यसलाई नियमन गर्न आवश्यक छ भन्ने कुरालाई असान्दर्भिक र अनुचित भन्न मिल्दैन भन्ने तर्कहरूमा तुक देखिन्छ। सञ्चारमाध्यमको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा यस्ता थुप्रै दृष्टान्तहरू भेटिन्छन्। सन् १९३० को दशकतिर उदाएका जर्मनीका हिटलर, इटलीका मुसोलिनी, स्पेनका फ्रान्को, पोर्चुगल सालाजारजस्ता निरङ्कुशताका पक्षधर शासकहरूले सञ्चारमाध्यमलाई प्रचारबाजी र प्रोपोगान्डाको यन्त्र बनाउन सकिन्छ दृष्टान्त विश्वसामु पेश गरेर देखाइदिए।

उता, सशस्त्र विद्रोही समूह, तस्कर, लागूऔषधिका माफिया आदिबाट सञ्चारमाध्यलाई सधैंभरि खतरा रहने र यसबाट आमनागरिकको सुसूचित हुने अधिकारमा समेत धक्का पुग्ने भएकोले सञ्चारमाध्यलाई स्वतन्त्र रूपमा आफ्नो कर्तव्य पालना गर्न दिनुपर्छ भन्ने मान्यता पनि उत्तिकै दम देखिन्छ।

सामाजिक एवम् आर्थिक अपराधका कारण कुख्याती कमाएका जमातले अवैध रूपमा जम्मा गरेको कालो धनलाई सञ्चारमाध्यममा लगानी गरेर सेतो धन बनाउने प्रयास गरेको उदाहरणहरू पनि भेटिन्छन्। यसैगरी ठूला व्यापारीले लगानी गरेको सञ्चारमाध्यमले उनका गलत धन्दाको बारेमा मुख खोल्न नसक्ने भएकोले यस्ता सञ्चारमाध्यमलाई नैतिक र कानुनी बन्धनमा राख्नपर्ने आवश्यकतालाई पनि नाजायज भन्न सकिँदैन।

यसैगरी एउटै संस्थाले रेडियो, टेलिभिजन एवम् पत्रपत्रिका सञ्चालन गर्न पाएको अवस्थामा यसका लगानीकर्ताहरूको कालो कर्तुत बाहिर नआउने र नगारिकमाथि मिडियामाथि मुट्ठीभर व्यक्तिहरूको हैकम चल्ने अवस्था रहन्छ, त्यसैले यस प्रकारको मिडिया स्वमित्वमाथि पनि पुनर्विचार हुनुपर्छ भन्ने बहस पनि समय सान्दर्भिक नै छ।

यी सबै दृष्टान्तहरूलाई सञ्चारमाध्यमको नियमन आवश्यक देखिन्छ भन्न करै लाग्छ। तर यसले विचार अभिव्यक्ति स्वतन्त्रताका विश्वव्यापी मान्यता र आदर्शहरूलाई कुल्चन नहुने कुरामा पनि उत्तिकै गम्भीर हुनुपर्ने देखिन्छ।

**६. निष्कर्ष**

सञ्चारमाध्यमहरू नागरिकको सुसूचित हुन पाउने सामूहिक चाहनाको सम्वाहक हो। त्यसैले यिनीहरू स्वतन्त्र हुनुपर्छ। तर स्वतन्त्र हुने नाममा देश, काल र परिस्थितिसँग निरपेक्ष भने रहन सक्तैन। त्यसैले सामाजिक उत्तरदायित्वको भावना, धरातलीय यथार्थ बुझ्न सक्ने र तथ्यको वस्तुनिष्ठ विश्लेषण गर्नसक्ने क्षमतालाई सञ्चारमाध्यमका सञ्चालकहरू सञ्चारकर्मीले राम्ररी आत्मसात गर्नुपर्ने देखिन्छ।

**सन्दर्भ-सामग्री**


१. नेपाल पत्रकार महासङ्घ। चैत २०५६। पत्रकारिता
२. नेपाल पत्रकार महासङ्घ। असोज २०६३। पत्रकारिता
३. नेपाल प्रेस इन्स्टिच्यूट। जेठ–असार २०५९। खबर। वर्ष ४, अङ्क ३
४. क्षेत्री, इन्द्रध्वज। २०६४। पत्रकारिता: सिद्धान्त र प्रयोग। पृष्ठ १६८–१८१
५. मेण्डेल, टोवी र पराजुली, शोभाकर। २०६१। सूचनाको स्वतन्त्रता: एक अध्ययन।
६. पौड्याल, बद्री र मैनाली, रघु। २००७। सङ्कटकालमा समाचार। काठमाडौँ : खोज पत्रकारिता केन्द्र।
७. सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह। २०५८। रेडियो। वर्ष १, अङ्क ५
८. सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह। २०५८। रेडियो। वर्ष १, अङ्क ४
९. सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह। २०५८। रेडियो। वर्ष १, अङ्क ३
१०. कसजू, विनयकुमार। २०६३। मिडियको लोकतान्त्रीकरण। काठमाडौँ : सञ्चार अधिकार केन्द्र मिडिया सर्भिसेज इन्टरनेसनल।
११. Adhikary, Nirmala Mani. 2008. Communication, Media and Journalism: An Integrated Study. Kathmandu
१२. Kashyap, Subhash C. 1996. "Press Council of India"
१३. Regmee, Ramkrishna. May 27, 2002. "Media freedom, media equality, media diversity" (College Handout), Kathmandu.
१४. Frontline. February 18, 2000. Broadcasting and citizen's right. pp 81-85.
१५. CEHUDES. December 2000. Free Expression (Millennium Issue). Kathmandu.
१६. CRSC/NEFEJ. March 2002. Off Air. Vol.1 No.5. Kathmandu

# विचार र भावनाको कदरसहितको अभिव्यक्ति स्वतन्त्रताका लागि नयाँ संविधान

अखण्ड सागर

**१९ औं शताब्दीका जङ्गबहादुर, बीसौं शताब्दीका महेन्द्रको अनुसरण गर्न खोज्ने २१ औं शताब्दीका ज्ञानेन्द्रको निरङ्कुशता निरीह बन्न पुग्यो। वंशविनासको संदिग्ध घेरामा रहेका उनी र उनका व्यवहारप्रति जनता विश्वस्त बन्न सकेनन्। निरङ्कुशले प्रयोग गर्ने गोली छोड्ने र बोली रोक्ने दुबै हतियारको प्रयोगमा उनी असफल रहे। तत्कालीन शाही सत्ताको विरोध गर्ने, माओवादीको पक्षमा बोल्ने, काङ्ग्रेस/एमाले वा अन्य संसदवादी राजनीतिक दलको पक्षमा बोल्ने व्यक्तिहरू सरकारी गोलीका शिकार बने, यतिमात्र होइन "सडक सोधपुछ अभियान"मा लकपकाएर बोल्ने निरीह जनप्राणीहरू पनि त्यै नियतिको शिकार बन्न पुगे।**

## १ पृष्ठभूमि

संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भइसकेपछि मुलुक यतिबेला द्वन्द्व रूपान्तरणको गम्भीर तर सकारात्मक मोडमा पुगेको छ। नेपाल राज्य स्थापनाकालदेखि नै विभिन्न प्रकारका हिंसात्मक द्वन्द्वबाट आक्रान्त हुँदैआएको छ। बाइसे चौबिसे, मल्लकाल, शाहीकाल भित्रका राणाकाल/पञ्चायतकाल/प्रजातन्त्रकाल/ज्ञानेन्द्रकाल र पछिल्लो सङ्क्रमणकालमा द्वन्द्वका विभिन्न स्वरूपहरू देखा परे। मुलुक यतिबेला विभिन्न समस्या, आशा, अपेक्षा र महत्वाकाङ्क्षाको पहाडले थिचिएको छ। यिनै अवयवहरूलाई संयोजन गर्दै मुलुक नयाँ दिशातर्फ उन्मुख हुनुपर्ने सर्वत्र महसुस गरिएको छ।

दोहोरो पक्षको चरम निरङ्कुशताबाट मुलुक गुज्रिएर यतिबेला शान्तिपूर्ण वातावरणमा प्रवेश गर्ने क्रममा छ। हिजोको ११ वर्षे सशस्त्र द्वन्द्वकालमा गाउँ दोहोरो चपेटामा परेको थियो, त्यतिबेला नागरिकका अधिकारहरू ओझेलमा परेका थिए, नागरिकको आवाज मधुरो भएको थियो, सुस्ताएको थियो। अझ समग्रमा भनौं ती आवाजहरू माथि नउठ्ने गरी दबिएका थिए। अहिले त्यस्तो छैन त ठ्याक्कै नभनूँ, तथापि सुधारको क्रममा छ। मौन बसेकै कारण वा आफ्नो पक्षमा नबोलेका अथवा विपक्षमा बोलेका कारण धेरैजना नेपालीहरूको गैरन्यायिक हत्या भइरह्यो, जनताका राजनीतिक, साँस्कृतिक, नागरिक अधिकारहरू एकपछि अर्को गर्दै हनन भैरहे। तिनै वास्तविकतालाई महसूस गर्दै त्यतिबेलाका सात राजनीतिक दलहरू र नेकपा माओवादीले संविधानसभामार्फत् सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई मिलनबिन्दु बनाएर लोकतान्त्रिक आन्दोलनको साझा अभियानको सुरुवात गरे। शान्तिपूर्ण राजनीतिक अभ्यास नै मुलुकको निकासको उत्तम उपाय हो भन्ने मान्यतालाई अङ्गीकार गरेका सात राजनीतिक दलहरू हतियारको माध्यमबाट सत्ता कब्जा गर्ने माओवादीको विचार र राज्यको दमनपूर्ण स्वेत आतङ्कबाट विद्रोहलाई दबाउन सकिन्छ भन्ने भ्रम पाल्ने सरकारी व्यवहारलाई परास्त गर्न सफल भए।

**क) निरीह निरङ्कुशताः** सहरी आवरणलाई आफ्नो संसार देखेको तात्कालीन राज्यसत्ता अझ भनूँ राजा ज्ञानेन्द्रले मनोबल नभएका प्रहरी, अनुशासन नभएका सेना, छवि नभएका भारदारहरू र आफूप्रति आस्था नभएका जनताको दुहाइ दिँदै अपाच्य गतिविधिहरू सञ्चालन गर्न सुरु गरे। संविधानतः राजा राख्ने वाध्यता भएका काङ्ग्रेस र एमालेलाई समेत विश्वासमा राख्न सकेनन्। १९ औं शताब्दीका जङ्गबहादुर, बीसौं शताब्दीका महेन्द्रको अनुसरण गर्न खोज्ने २१ औं शताब्दीका ज्ञानेन्द्रको निरङ्कुशता निरीह बन्न पुग्यो। वंशविनासको संदिग्ध घेरामा रहेका उनी र उनका व्यवहारप्रति जनता विश्वस्त बन्न सकेनन्। निरङ्कुशले प्रयोग गर्ने गोली छोड्ने र बोली रोक्ने दुबै हतियारको प्रयोगमा उनी असफल रहे। तत्कालीन शाही सत्ताको विरोध गर्ने, माओवादीको पक्षमा बोल्ने, काङ्ग्रेस/एमाले वा अन्य संसदवादी राजनीतिक दलको पक्षमा बोल्ने व्यक्तिहरू सरकारी गोलीका शिकार बने, यतिमात्र होइन "सडक सोधपुछ अभियान"मा लकपकाएर बोल्ने निरीह जनप्राणीहरू पनि त्यै नियतिको शिकार बन्न पुगे।

अन्ततोगत्वा १९ दिने

जनआन्दोलनका बेलामा अनेक हतकण्डा अपनाउँदा अपनाउँदै पनि ज्ञानेन्द्रको निरङ्कुशता निरीह बन्न पुग्यो र शासनसत्ता सञ्चालन गर्नका लागि अधिकार प्रदत्त जनताको आस्था, विश्वास र भर चाँहिदो रहेछ भन्ने कुरालाई प्रमाणित गरिदियो। यो नवोदित राजनीतिक शक्तिहरूका लागि पनि सिकाइको उदाहरण बन्न सक्छ।

(ख) **सफल र कुटिल निरङ्कुशता** : नेपाल सरकार र माओवादीबीच भएको युद्धविरामको अवस्थामा भनौं या विस्तृत शान्ति सम्झौता पछाडिका चरणमा पनि सरकारी पक्षबाट भन्दा माओवादी पक्षबाट अझ स्पष्टरूपमा भन्दा माओवादीको भातृसङ्गठन योङ कम्युनिष्ट लिगका कार्यकर्ताहरूबाट विभिन्न राजनीतिक दलका कार्यकर्तामाथि आक्रमण गर्ने कार्य भइरहे। ११ वर्षे सशस्त्र जनयुद्धको धङ्धडी उनीहरूमा यथावतै रह्यो। उक्त कार्यलाई त्यतिबेला ठूला दल मानिएकाहरूले सङक्रमणकालीन व्यवहार भनेर मौन बसिरहे, दण्डहीनताको अवस्था शून्य रह्यो जसको असर स्वयम् तिनै दलहरूलाई मात्रै होइन समग्रमा नागरिकहरूलाई पनि पऱ्यो र नागरिकहरूले मात्र होइन गनिएका कार्यकर्ताहरूले समेत पनि तिनका विरुद्ध बोल्ने र आफ्ना कुरा खोल्ने आँट गर्न सकेनन्। यो क्रम चुनावको अघिल्लो दिन चैत २७ गते रातिसम्म रहिरह्यो। सबै व्यवस्था मिलाईसकेपछि भने उनीहरूले चुनावका दिन "गान्धीत्वको चामत्कारिक कौटिल्यता" प्रस्तुत गरे।

## २. अभिव्यक्ति स्वतन्त्रताका लागि क्रमागत संवैधानिक व्यवस्था

नेपालको इतिहासमा वि.सं. २००४ मा तत्कालीन राणा सरकारले तयार पारेको नेपाल सरकारको वैधानिक कानुन, २००४ नामक संविधान नै पहिलो संविधान हो, त्यसपछि क्रमश: नेपालको अन्तरिम शासन संविधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ राजाबाट जारी भएका संविधान हुन्। २०६२-०६३ ऐतिहासिक जनआन्दोलनको बलबाट स्थापित भएको प्रतिनिधि सभाले २०६३, जेठ ४ गते जारी गरेको प्रतिनिधि सभाको घोषणा, २०६३ पनि तात्कालीन अवस्थामा संविधानसरह मानिएको थियो भने जनआन्दोलन-२ मा सकृय रहेका सात राजनीतिक दल तथा दशवर्षे लामो जनयुद्ध सञ्चालन गरेको नेकपा (माओवादी) को संयुक्त सहमतिमा २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी गरिएको छ। मुलुकमा देखिएका समस्यालाई संवोधन गर्नका लागि यो संविधानको तीनपटक संशोधनसमेत भैसकेको छ।

नागरिकको अभिव्यक्ति स्वतन्त्रताको चर्चा गर्दा सूचनाको हक र प्रेस स्वतन्त्रताजस्ता कुराहरू पनि समानान्तर रूपमा सँगसँगै आउँछन्। माथि उल्लेख गरिएका संविधानहरूमा नागरिकको मौलिक हकहरूको व्यवस्था गर्ने क्रममा प्रजातान्त्रिक कालमा पूर्ण अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकहरूका बारे विभिन्न व्यवस्थाहरू गरिएका थिए।

नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान, २०१५ मा नागरिकका स्वतन्त्रतासम्बन्धी हकहरूको उल्लेख गरिएको थियो। यसकासाथै नेपालमा जारी भएका विभिन्न संविधानहरूमा नागरिकको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी व्यवस्थाहरू गरिएका थिए। २०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थालाई अपदस्थ गरी पञ्चायती व्यवस्था लागू गर्दा नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ३ मा उल्लेख गरिएको व्यक्तिगत स्वतन्त्रता लगायतका विभिन्न अधिकारमुखी धाराहरू निलम्बन गरेका थिए जुन उदाहरण निरङ्कुशताले पहिलोपटक नागरिकको अभिव्यक्तिको अधिकारमाथि प्रहार गर्छ भन्ने दह्रो उदाहरण हो। त्योभन्दा पछिल्लो समयमा पनि राजा ज्ञानेन्द्र (प्रकाशित हुँदा यिनी पूर्वराजा हुन सक्छन्) ले २०६१ माघ १९ गते मुलुकको शासनसत्ता आफ्नो हातमा लिँदा नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ मा व्यवस्था गरिएका धाराहरू निलम्बन गर्ने क्रममा धारा १२, धारा १३ मा व्यवस्था गरिएका विचार र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी हक, धारा १३ मा व्यवस्था गरिएका छापाखाना र प्रकाशनसम्बन्धी हकलाई पहिलो प्रहार बिन्दुमात्र बनाएनन् अपितु सूचना तथा सञ्चारका माध्यममा बन्देज लगाई नागरिकले पाउने सूचनासम्बन्धी हकमाथि सिधै बलात्कार गरे। नेपाल अधिराज्यको संविधानको औचित्यता समाप्त भएको अवस्थामा जारी गरिएको प्रतिनिधि सभा घोषणा २०६३ ले सोसँग संविधानमा बाझिएका कुराहरूलाई अमान्य गर्दै अन्य व्यवस्थाहरूलाई कायम राखेको थियो।

विस्तृत शान्ति सम्झौतापश्चात् सात राजनीतिक दल र नेकपा माओवादीको सहमतिमा जारी गरिएको नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा पनि प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै, धारा १२) मा व्यवस्था गरिएको स्वतन्त्रताको हकसम्बन्धी व्यवस्थामा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भनी प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,
(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,
(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,
(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,
(च) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता। जस्ता व्यवस्था गर्नुको साथै धारा १५ मा प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकका लागि यस्तो व्यवस्थासमेत गरेको छ

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य,

## विभिन्न राजनीतिक दलहरूले निर्वाचनका समयमा आ-आफ्ना घोषणापत्रमार्फत् प्रतिवद्धता गरेअनुरूपका व्यवस्थाहरूलाई इमान्दारिका साथ संलग्न गरिनुपर्छ र अधिकारको सुनिश्चिततामात्रै ठूलो विषय होइन भन्ने मान्यतालाई आत्मसात गर्दै अधिकार प्राप्तिको लागि नागरिकहरूलाई प्रोत्साहित गर्ने र अधिकार उल्लङ्घन गर्नेहरूलाई दण्डित गर्ने व्यवस्था गरिनुपर्छ।

दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।

२) कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन।

३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरेवापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन।

४) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन।

माथि उल्लेखित व्यवस्थाहरूले नागरिकहरूको वाक तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै सूचना पाउने हक र आफ्नो विचार व्यक्त गर्न पाउने अधिकारको समेत सम्मान गरेको छ।

संविधानमा यी यस्ता व्यवस्थाहरू उल्लेख गर्नु सह्राहनीय पक्ष त हुँदै हो तापनि भएका व्यवस्थाहरूलाई कसरी व्यावहारिक कार्यान्वयन गर्ने भन्ने नै ठूलो हो। यसका लागि राजनीतिक दल तथा अन्य पक्षहरू संवेदनशील हुनुपर्छ र राज्यले दण्डहीनताको अवस्थालाई कायम राख्नु हुँदैन। कानुनको सम्मान हुनुपर्छ र न्यायिक व्यवस्था कायम हुनुपर्छ।

**३. द्वन्द्व निरूपणका क्रममा गरिएका विभिन्न सम्झौताहरूमा भएका व्यवस्थाहरू**

माथि नै उल्लेख गरिएअनुसारका द्वन्द्वको अवस्था र दोहोरो सेनाको निरङ्कुशतामा मुलुक अल्झिरहेको अवस्थामा सात राजनीतिक दलहरू र तात्कालीन अवस्थाको विद्रोही पक्ष नेकपा माओवादीका बीचमा भएका विभिन्न सम्झौताहरू, युद्धविराम सम्झौता/आचारसंहिता र शान्ति सम्झौताहरूमा वाक तथा अभिव्यक्तिको अधिकारलाई सम्झौताको मुख्य मिलनबिन्दु बनाइएको छ।

२०६२ मङ्सिर ७ गते भएको सात राजनीतिक दलहरू र नेकपा माओवादीबीच भएको १२ बुँदे सम्झौताको बुँदा ४ मा पनि नागरिक स्तन्त्रता र मौलिक अधिकारका मूल्य र मान्यताप्रति सम्मान गर्दै तदनुरूपका गतिविधिलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

त्यसै गरी २०६३ असार २ गते बालुवाटारमा सम्पन्न ८ बुँदे सम्झौताको दोस्रो बुँदामा पनि नागरिक स्वतन्त्रता, मौलिक हकसहितको प्रेस स्वतन्त्रता लगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिवद्धता व्यक्त गरिएको छ। र २०६३ चैत १८ गते जारी गरिएको अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रमको खण्ड (क) को दोस्रो बुँदामा जनताको वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता लगायतका अन्य मौलिक अधिकारहरूलाई राज्य सञ्चालनका सबै पक्षमा व्यवहारिक रूपले स्थापित गरिने प्रतिवद्धता उल्लेख गरिएको छ।

त्यसैगरी मिति २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौताको बुँदा नं. ७.४ र ७.७ मा यससम्बन्धी प्रावधानलाई स्पस्टरूपमा उल्लेख गरी तात्कालीन अवस्थाका द्वन्द्वरत दुबैपक्षले स्वीकार्ने प्रतिवद्धताका साथ २०५२ सालदेखि जारी भएको सशस्त्र द्वन्द्वको अन्त्य गरी शान्तिपूर्ण सहकार्यको अध्याय प्रारम्भ भएको घोषणा गरेका थिए।

**४. विभिन्न मुख्य राजनीतिक दलहरूले निर्वाचन घोषणा पत्रमा गरेका यससम्बन्धी व्यवस्थाहरू**

हालै सम्पन्न संविधानसभा निर्वाचनका माध्यमबाट मुलुकको ठूलो दलका रूपमा स्थापित नेकपा (माओवादी) ले आफ्नो प्रतिवद्धता पत्रमा मौलिक हकसम्बन्धी व्यवस्था गर्नका सबैलाई समानताको हक, शोषण विरुद्धको हक, गोपनियताको हक, सामाजिक तथा जातीय भेदभाव विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, सम्पत्तिको हक आदि मौलिक हकहरूको ग्यारेन्टी गरिनेछ भनी सम्बोधन गरेको छ भने दोस्रो ठूलो दल नेपाली काङ्ग्रेसले पनि आफ्नो घोषणापत्रमा मानवअधिकार, मौलिक हक एवम् नागरिक तथा राजनीतिक स्वतन्त्रताका लागि मानवअधिकारको

विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा व्यवस्थित र परिभाषित एवम् विस्तृत शान्ति सम्झौता-२०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिवद्धता गरिएका मानवअधिकार र अकुण्ठित प्रेस स्वतन्त्रतासहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवम् सांस्कृतिक हक लगायत सबै वैयक्तिक अधिकार एवम् स्वतन्त्रतालाई सुरक्षित गर्ने र व्यक्ति स्वतन्त्रताका लागि हरेक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा सङ्घ-संस्था गठन गर्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिनेछ भनी व्यवस्था गरिनेछ।

तेस्रो ठूलो दल नेकपा (एमाले) ले पनि मानवअधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रताको विषयलाई मानवअधिकारको विषयलाई नागरिक स्वतन्त्रता र जीवनका आकांक्षासँग आवद्ध गराउने प्रतिवद्धता व्यक्त गरेको छ। यसै क्रममा सो दलले प्रत्येक नेपालीलाई विचार व्यक्त गर्ने, शान्तिपूर्ण रूपले भेला हुने सहितको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाई आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ। यसैगरी हालै सम्पन्न निर्वाचनमा उल्लेख्य स्थान हासिल गर्न सफल तमलोपा, मधेसी जनाधिकार फोरमजस्ता क्षेत्रीय राजनीतिक दलहरूले पनि आ-आफ्ना घोषणापत्रहरूमा अभिव्यक्तिको हक र प्रेस स्वतन्त्रताजस्ता विषयहरूलाई विशेष महत्वका साथ उल्लेख गरेका छन्।

**५. निष्कर्ष**

संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको वर्तमान अवस्थामा मुलुकको ध्यान यतिखेर गणतन्त्र कार्यान्वयन, नयाँ सरकार र नयाँ संविधान कसरी बनाउने भन्नेतर्फ मोडिएको छ। विभिन्न राजनीतिक दलहरूले निर्वाचनका समयमा आ-आफ्ना घोषणापत्रमार्फत् प्रतिवद्धता गरेअनुरूपका व्यवस्थाहरूलाई इमान्दारिका साथ संलग्न गरिनुपर्छ र अधिकारको सुनिश्चिततामात्रै ठूलो विषय होइन भन्ने मान्यतालाई आत्मसात गर्दै अधिकार प्राप्तिको लागि नागरिकहरूलाई प्रोत्साहित गर्ने र अधिकार उल्लङ्घन गर्नेहरूलाई दण्डित गर्ने व्यवस्था गरिनुपर्छ। त्यसो त यसभन्दा अगाडि निर्माण भएका संविधानहरूमा न्यायसम्बन्धी व्यवस्थाहरू नभएका त होइनन् तर कार्यान्वयन पक्ष फितलो भएकाले लागू हुन सकेनन्। यसर्थ यसपटक व्यावहारिक कार्यान्वयन सहितको मौलिक अधिकारको सुनिश्चितता गरौँ, दण्डहीनताको अवस्था गरौँ र वास्तवमै आवाजविहीनहरूको लागि नयाँ नेपालको निर्माण गरौँ।


# हार्दिक बधाई

**इन्सेक सहकर्मी संस्था मानवअधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) दोलखामा कार्यरत मानवअधिकारकर्मी २३ वर्षीया पुजन आचार्य जेठ १६ गते सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्न सफल भएकी छन्। सगरमाथा आरोहण गर्ने प्रथम मानवअधिकारकर्मी आचार्यप्रति हामी हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौ।**



**सुबोधराज प्याकुरेल**

अध्यक्ष तथा इन्सेक परिवार

# निर्वाचनको विश्वव्यापी मान्यता र नेपालमा संविधानसभाको निर्वाचन

लोकराज अवस्थी

**सात राजनीतिक दलहरूको संयुक्त गठबन्धनले ढिलै भए पनि जनचाहना अनुसार संविधानसभा निर्वाचन गराएर छोड्यो। नेपाली राजनीतिमा महत्वाकाङ्क्षी घटनाको रूपमा लिइएको संविधानसभा निर्वाचन २०६४ चैत २८ गते तनावका बावजुद पनि सहज तरिकाले सम्पन्न भएको छ।**

**१.पृष्ठभूमि**

संविधानसभा २००४ सालदेखि समयसमयमा विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो राजनीतिक मुद्दा बनाउँदै आए पनि विभिन्न आरोह-अवरोहपश्चात् २०६४ चैत २८ गते आएर यसले सार्थकता पाएको छ। नेपाली जनताले संविधानसभा निर्वाचन सफल पार्न वा मूर्तरूप दिन धेरै विद्रोह, जनआन्दोलन वा क्रान्ति गर्नुपर्‍यो। खास गरी १२ वर्षे माओवादी जनयुद्ध तथा माघ १९ पछिको राजाको प्रत्यक्ष शासनपछि भएको जनआन्दोलन २०६२/०६३ ले संविधानसभा निर्वाचनको अपरिहार्यतालाई बुलन्द बनायो। जसको परिणाम जनपक्षीय राजनीतिक पार्टीहरूले देशलाई निकास दिन तथा शान्ति स्थापनार्थ संविधानसभाको निर्वाचन गराउन सहमत भए र सम्पन्न भयो संविधानसभा। सात राजनीतिक दलहरूको संयुक्त गठबन्धनले ढिलै भए पनि जनचाहना अनुसार संविधानसभा निर्वाचन गराएर छोड्यो। नेपाली राजनीतिमा महत्वाकाङ्क्षी घटनाको रूपमा लिइएको संविधानसभा निर्वाचन २०६४ चैत २८ गते तनावका बावजुद पनि सहज तरिकाले सम्पन्न भएको छ।

संविधानसभा निर्वाचन सम्पन्न भएपछि सबै राजनीतिक दल, आमनगारिक केही हदसम्म ढुक्क भए पनि निर्वाचनअघि आमनागरिक तथा राजनीतिक दलहरूमा संविधानसभा निर्वाचनको बारेमा अन्यौलता, शङ्का तथा डरत्रास पैदा हुने वातावरण सिर्जना हुँदैगएको थियो। संविधानसभाको निर्वाचन भए पनि रक्तपातपूर्ण तरिकाले हुन्छ र त्यसले नेपालमा झन अस्थिरता ल्याउँछ भन्ने कुरामा आमनागरिक सशङ्कित थिए। राजनीतिक दलहरूमाथि पूर्णविश्वस्त हुन सक्ने वातावरण नबन्नु र नेपालको राजनीतिक प्रक्रिया जटिल मोडबाट गुज्रिरहनुले यस्तो विश्लेषण हुनु स्वाभाविक थियो। दलहरूकै खिचातानीका कारण जेठ २९ र मङ्सिर ६ गते तोकिएको मितिमा निर्वाचन हुन सकेको थिएन जसले चैत २८ गते हुने भनिएको निर्वाचनमा अनिश्चितता पैदा गरेको थियो

अर्को मुख्य शंकाको विषय भनेको नेकपा माओवादीका गतिविधि थिए। शान्ति प्रक्रियामा आएको दुई वर्ष बितिसक्दा पनि आपेक्षाकृत रूपमा उसका कृयाकलापमा सुधार आउन सकेको थिएन। माओवादीले वाईसीएल गठन गरेर आमजनमुदायमा झन् डरत्रासको वातावरण सिर्जना गर्‍यो। वाईसीएलले कानुन हातमा लिने खालका आपराधिक प्रकृतिका गतिविधिहरू गर्न थाल्यो। अरु पार्टीका नेता, कार्यकर्ता वा सर्वसाधारणमाथि आक्रमण गर्ने, घरजग्गा कब्जा गर्ने, अपहरण गर्ने, चन्दा उठाउने जस्ता कार्यहरूलाई प्राथमिकता दिइनै रह्यो। सरकारमा गएपछि पनि माओवादीको आचरणमा उल्लेख्य मात्रामा परिवर्तन आएन।

विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको भावना विपरीत अन्य राजनीतिक दलका कार्यक्रम प्रतिबन्ध लगाउने, बिथोल्ने जस्ता कृयाकलापहरूले निरन्तरता पायो नै । पूर्वी नेपालमा आन्दोलनरत विभिन्न जातीय सङ्गठनहरू, तराईमा सशस्त्र सङ्घर्षरत समूहहरू र मधेशवादी दलहरूको आन्दोलनले निर्वाचन हुने नहुनेमा दुविधा सृजना गराए। यी विभिन्न समूहहरूका अराजक गतिविधि नेपाल सरकारको नियन्त्रणभन्दा बाहिर थिए। राज्य कानुनी शासन कायम गर्न अक्षम भयो र दण्डहीनताको संस्कृतिले प्रश्रय पायो। यी र यस्तै कृयाकलापले स्वदेशी तथा विदेशी सबैलाई निर्वाचनका बारेमा एकछिन सोच्न बाध्य बनायो। यस्तो अवस्थामा निर्वाचन कास्तो हुने, कसरी हुने भन्ने विषय सबैको चासो बन्न पुगेको थियो। यी घटना र परिवेशले आमनागरिक माझ निर्वाचनप्रति शङ्का वा अन्यौल पैदा भएका थिए।

**२.निर्वाचन र अन्तर्राष्ट्रिय मान्यता**

निर्वाचन लोकतान्त्रिक पद्धतिको आधारस्तम्भ हो। लोकतन्त्रिक पद्धतिको

बारेमा छर्लङ्ग देखाउने ऐना हो। निर्वाचन प्रक्रियाबाट राज्य, राजनीतिक दलको आचरण उदाङ्गो हुन्छ। लोकतान्त्रिक मान्यताअनुसार निर्वाचन जहिले पनि स्वतन्त्र, निष्पक्ष, स्वच्छ र धाँधलीरहित हुन्छ। निर्धक्क भएर सबै मतदाताले मत खसाल्न पाउने वातावरण हुनुपर्दछ। भेदभावरहित सबैको समान पहुँच हुने खालको वातावरण सिर्जना गरेमा मात्र निर्वाचन जनचाहनाअनुसार हुनसक्छ। सरकारले मातदात.को सुरक्षा साथै मतादान गर्ने अधिकारको प्रत्याभूतिको लागि उचित कदम चाली मतदातालाई विश्वस्त तुल्याउनुपर्छ। र, आममतदाताले निर्वाध रूपमा आफ्नो मताधिकारको प्रयोग गर्न पाउनुपर्छ। निर्वाचन प्रक्रियाको बारेमा सबै मतदाताले थाहा पाउनुपर्दछ। एक मतदाताले पनि आफ्नो मताधिकारबाट वञ्चित हुनुहुँदैन। यो विश्वव्यापी मान्यता हो।

संविधानसभाको निर्वाचन त अझ महत्वपूर्ण हुन्छ। किनभने संविधानसभा निर्वाचन देशको मूल कानुन बनाउनका लागि हुनेगर्दछ। युगौंमा एकपटक आउने अवसरमा जनताले प्रत्यक्ष रूपमा आफ्ना प्रतिनिधिद्वारा संविधान बनाउन पाउने भएकाले पनि उल्लेख्य जनसहभागिता हुनु आवश्यक हुन्छ। संविधानसभाको निर्वाचनमा मतदान गर्न नपाउनु भनेको संविधान बनाउने प्रक्रियामा सहभागी हुनबाट वञ्चित हुनु हो। सबै मतदातालाई निर्वाचनमा सहभागी गराउनु मूख्यत: निर्वाचन आयोग र सरकारको जिम्मेवारीभित्र पर्दछ।

### ३.निर्वाचन पर्यवेक्षणको आवश्यकता

निर्वाचनप्रति जनविश्वास बढाउन, सरोकारवाला पक्षले निष्पक्ष वा स्वतन्त्र रूपले काम गरे नगरेको हेर्न र निर्वाचनको वैधता दिनको लागि पर्यवेक्षणको आवश्यकता पर्दछ। यसले निर्वाचनमा हुने अनियमिततामा केही हदसम्म कमी ल्याउँछ। र, आममतदातालाई निर्वाचनप्रति विश्वस्त पार्ने काम गर्दछ। यसकारण निर्वाचनको पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। निर्वाचनको लागि निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण आचारसंहिता लागू गर्ने गर्दछ र सोही आचारसंहितामुनि रहेर पर्यवेक्षकले पर्यवेक्षण गर्नुपर्दछ। पर्यवेक्षण खासगरी तीन तहमा गर्ने गरिन्छ। निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचन पछि। यस समयमा निर्वाचनको प्रक्रिया र राजनीतिक गतिविधिलाई नजिकबाट नियालिन्छ।

२०६४ चैत २८ हुने संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्न निर्वाचन आयोगले १ सय ४८ वटा स्वदेशी तथा कार्टर सेन्टर, युरोपियन युनियन, फोरम एसियालगायतका विदेशी संस्था तथा राष्ट्रलाई पर्यवेक्षणका लागि अनुमति दिएको थियो। अनुमति पाएका मध्ये ३९ संस्थाका ६४ हजार र विदेशी संस्थाका लगभग ८ सय पर्यवेक्षकले नेपाल राज्यभरी पर्यवेक्षण गरे।

### ४.संविधानसभा निर्वाचनको पूर्वअवस्था

निर्वाचन अघिको वातावरणले निर्वाचन प्रक्रिया कस्तो हुन्छ भन्ने कुराको प्रतिबिम्ब गर्छ। निर्वाचन स्वतन्त्र र निष्पक्ष हुनका लागि निर्वाचन अघिको वातावरण शान्तिपूर्ण र भयरहित हुनुपर्दछ। मतदाताले राजनीतिक दलहरूका घोषणापत्र, मतदाता शिक्षादेखि निर्वाचन विधि र प्रक्रियाको बारेमा थाहा पाउनु जरुरी हुन्छ। जबसम्म मतदाता सचेत र जागरक हुन सक्दैनन् तबसम्म निर्वाचन प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्न सक्दैन।

निर्वाचनअघि चाहिने आवश्यक तयारीहरू, ऐन नियमहरू, राजनीतिक दलका गतिविधि, शान्ति सुरक्षा, मतदाता सचेतना लगायता सम्पूर्ण कार्यहरू निर्वाचन सम्पन्न हुनुभन्दाअघि नै हुने गर्दछन्। यस्ता खालका गतिविधिले निर्वाचन प्रक्रियालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पार्दछन्। यसको साथै निर्वाचन कस्तो हुन्छ भन्ने कुराको पनि निर्धारण गर्दछ। समग्रमा निर्वाचनपूर्वको अवस्थालाई यसरी हेर्न सकिन्छ।

#### ४.१ राजनीतिक स्वतन्त्रता तथा शान्तिसुरक्षा

निर्वाचन प्रक्रियामा राजनीतिक दलहरूले गर्ने गतिविधिहरूले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन्। सबै राजनीतिक दलहरूले बिना हातहतियार शान्तिपूर्ण तरिकाले आ-आफ्ना नीति तथा कार्यक्रमहरूका साथ जनता समक्ष विनारोकतोक लैजान पाउनुपर्दछ। यो लोकतन्त्रको मूलमर्म हो। र, उनीहरूको अधिकार हो। जुन कुरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले ग्यारेन्टी गरेको छ। एक राजनीतिक पार्टीले अर्को राजनीतिक पार्टीका कार्यक्रममा बाधा पुग्ने खालका कार्यक्रम गर्न वा गराउन पाइँदैन भनी निर्वाचन आयोगले राजनीतिक दलहरूका लागि आचारसंहितामा जारी गरेको थियो। जसलाई सबै राजनीतिक दलहरूले मान्नुपर्ने हुन्छ। चुनावी कार्यक्रम शान्त र निर्विवाद रूपले पाउनु निर्वाचन प्रक्रियाको महत्वपूर्ण कार्य हो। तर संविधानसभाको निर्वाचनमा भने सहज वातावरण बन्न सकेन। यस क्रममा कतिपय उम्मेद्वार तथा कार्यकर्ताले ज्यान गुमाए भने, कतिपय घाइते भए। मतदातामा डरत्रासमय वातावरण सृजना भयो। सरकारले पूर्णरूपमा शान्तिसुरक्षा कायम गर्न सकेन। यसका केही प्रतिनिधिमूलक घटनाहरू यस प्रकार छन्।

चुनावी कार्यक्रम प्रचार-प्रसार गर्दा विभिन्न पार्टीहरूबाट घटना घटाइएका छन्। दार्चुलाको लटिनाथमा पूर्वशिक्षा राज्यमन्त्री दिलेन्द्रप्रसाद बडूलाई नेकपा माओवादी कार्यकर्ताले २०६४ माघ २२ गते उनी बसेको घर घेरामा हाली कुटपिट गरी घाइते बनाए, त्यस्तै २०६४ फागुन २५ गते राप्रपा अध्यक्ष पशुपति शमसेर राणालाई काभ्रेको नगर्चेमा अवरोध पुर्‍याई कार्यक्रममा भाग लिन अवरोध पुर्‍याए। रामेछाप क्षेत्र नं. १ एमाले उम्मेद्वार देवशंकर पौडेललाई २०६४ फागुन २९ गते वाईसीएलले कुटपिट गरी सख्त घाइते बनाए। २०६४ चैत १९ गते रसुवामा नेपाली काङ्ग्रेसका उम्मेद्वार बालचन्द्र पौडेललाई पनि घाइते बनाए। यस्तै वाईसीयलद्वारा धनकुटा, बैतडी, गोर्खा, ओखलढुङ्गा, कास्की, धनकुटा लागायतका ठाउँमा वाईसीएलले राजनीतिक दलका नेता तथा कार्यकर्तामाथि आक्रमण गरे। त्यस्तै मतदातालाई विभिन्न खालको भ्रम फैलाउने र डर सिर्जना गर्ने विभिन्न खालको अभिव्यक्ति माओवादी नेता तथा कार्यकर्ताले

सार्वजनिक रूपमा नै अभिव्यक्त गरे।

चुनावी प्रचार-प्रसारका क्रममा अन्य पार्टीहरूले पनि विभिन्न घटना घटाए। २०६४ फागुन ११ गते नेकपा एमालेका कार्यकर्ताले वाईसीएलका कार्यकर्तामाथि आक्रमण गरी ९ जना घाइते भए भने एकजनाको ज्यान गयो। त्यस्तै फागुन १३ गते मधेशी जनाधिकार फोरमका नामले आफ्नो पार्टीमा लाग्न दबाव दिँदै गोली हानी घाइते बनाए। २०६४ चैत १२ गते नेपाली काङ्ग्रेस र नेकपा माओवदीबीच दोहोरो भिडन्त हुँदा प्रहरीले चलाएको गोली लागी सोलुखुम्बुमा नेकपा माआवादीका गजेन्द्र भुजेलको मृत्यु भयो। २०६४ चैत २६ गते सुर्खेत क्षेत्र नं. १ का उम्मेद्वार ऋषिप्रसाद शर्माको हत्या, दाङमा प्रहरीद्वारा ७ जना मओवादी कार्यकर्ताको हत्या, काभ्रेमा नेकपा एकीकृतले जनमोर्चा नेपालका उम्मेद्वार कमानसिंह लामामाथि आक्रमण गरी गम्भीर घाइते बनायो।

बाँकेमा अज्ञात समूहद्वारा जनमोर्चा नेपालका उम्मेद्वार कमलप्रसाद अधिकारीको हत्या भायो। जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला समूह) ले २०६४ फगुन १७ र अन्य चारवटा समूहले फागुन ३० गते चुनाव बिथोल्ने भनी वक्तव्य जारी गरे। काठमाडौंसहित तराईका विभिन्न भागमा राजनीतिक दलका कार्यक्रमलाई लक्षित गरी बमहरू पड्काइए। यसरी चुनावी अवधिभरी चुनावमा असर पार्ने खालका विभिन्न राजनीतिक पार्टी, तराईमा आन्दोलनरत समूह र अन्य नाम नाखोलिएका समूहले हत्या, अपहरण, चन्दा आतङ्क, धम्की जस्ता गतिविधि निर्वाचनको अन्तिम घडीसम्म पनि जारी रहे।

## ४.२ मतदाता शिक्षा

विद्यार्थीका लागि परीक्षा उत्तीर्ण हुन कोर्षभित्रका सबै विषयवस्तुको ज्ञान आवश्यक भएजस्तै एक मतदाताले मतदाता शिक्षा वा निर्वाचन प्रक्रियाको बारेमा जान्नु अनिर्वाय हुन्छ। निर्वाचन प्रणाली, मत हाल्ने तरिका, निर्वाचनमा कुन मतदान प्रक्रिया अवलम्बन गरिएको छ, कुन राजनीतिक पार्टीले कस्ता नीति अवलम्बन गरेको छ, संविधानसभाका भनेको के हो, निर्वाचनमा मतदानको के महत्व छ र किन गरिन्छ भन्ने जस्ता निर्वाचनका आधारभूत जानकारीको बारेमा सबै जनतालाई सुसूचित गराउनु निर्वाचन आयोग, सरकार, राजनीतिक दल तथा नागरिक समाजको दायित्वभित्र पर्दछ।

निर्वाचन आयोगले मतदाता शिक्षा प्रचार-प्रसारका लागि सञ्चार माध्यमको बढी प्रयोग गरेको थियो। तर, नेपाल जस्तो गाउँ नै गाउँ भएको र अधिकांश जनता गरिवी, अशिक्षाको रेखामुनि रहेकाले सञ्चार माध्यममा कमको मात्र पहुँच भएकाले प्रचार-प्रसार प्रभावकारी हुन सकेन। निर्वाचन आयोगबाट प्रकाशित पोष्टर, मतदात शिक्षासम्बन्धी बुकलेट र प्रचार सामग्री सहजरूपमा तल्लो तहसम्म पुग्न सकेन। अर्को कुरा निर्वाचन आयोगले संविधानसभाको निम्तो बाँड्न वा जानकारी दिन एक गाविसमा दुइजना स्वयम्सेवक खटाइएको थियो। यो पनि त्यति प्रभावकारी देखिएन। स्वयम्सेवहरूले गोउलेलाई एक ठाउमा बोलाएर निम्तो बाँड्ने, एक गाउको जिम्मा कुनै एक जनालाई दिने काममै सीमित भयो।

अर्को तर्फ राजनीतिक दलहरूले पनि आफ्ना कार्यक्रमहरू बेलैमा जनतासामु लैजान सकेन। उनीहरूले घोषणापत्र पनि धेरै ढिला गरी बाहिर ल्याए। कुन पार्टीको घोषणापत्रमा के छ भनी मतदाताले थनहापाउन सकेनन्। राजनीतिक दलहरूले संविधानसभाको निर्वाचन अन्य निर्वाचन भन्दा फरक र विशिष्ठ खाल हो भनी मतदातालाई बुझाएनन्। जसकारण मतादाता अन्योलमा परे। संविधानसभा निर्वाचनको लागि भनी विदेशबाट ठूलो मात्रामा धनराशी भित्रिए पनि त्यसको प्रभावकारी उपयोग भएन। धेरै मतदाताहरू निर्वाचन प्रणालीको बारेमा अनभिज्ञ नै रहे।

## ४.३ माओवादीको शक्ति प्रदर्शन

राजनीतिक पार्टीहरूले जे प्रतिबद्धता जाहेर गरे पनि संविधानसभाको निर्वाचनको चुनावी कार्यक्रम त्यति सहज रूपमा अघि बढेनन्। एकले अर्काको कार्यक्रम बिथोल्ने, जनतालाई धम्क्याउने तर्साउने खालका गविधिहरू प्रशस्त मात्रमा भए। १२ वर्षे युद्धबाट शान्ति प्रक्रियामा प्रवेश गरेको नेकपा माओवादीका कृयाकलापहरू ले सबभन्दा बढी निर्वाचन प्रक्रियालाई असर पा-यो। माओवादीको सहायक सङ्गठन वाईसीएलले अरू पार्टीका उम्मेद्वारमाथि आक्रमण गर्ने, चुनावी सभा बिथोल्ने, गाउँमा प्रवेश निषेध गर्ने, मतादातालाई धम्क्याउने जस्ता गतिविधि निर्वाचनको अघिल्लो दिनसम्म जारी राखे। नेपाली काङ्ग्रेस एमाले लगायतका दलहरूले कतिपय ठाउँमा त कार्यक्रम नै गर्न पाएन भने कतिपय ठाउँमा कार्यक्रमस्थलबाट भाग्नुपर्ने अवस्था आयो भने कतिपय ठाउँमा दोहोरो भडप भई तनाव सिर्जना भएको थियो। अरु पार्टीहरूबाट पनि माओवादीका कार्यकर्तामाथि आक्रमण गरेको भए पनि अधिकांश ग्रामीण भेगमा माओवादीकै बिगबिगी रह्यो।

## ४.४ राजनीतिक दल र आचारसंहिता

निर्वाचन आयोगले २०६४ माघ २ गतेबाट राजनीतिक दलहरूका लागि आचारसंहिता लागू गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन। राजनीतिक दलहरूमा आचारसंहिता उल्लंघनमा होडबाजी चल्यो। राजनीतिक दलका लागि जारी गरेको आचारसंहिताको बुँदा नम्बर ८ मा कुनै पनि राजनीति दलहरूले चुनावी प्रचार तथा प्रसारका क्रममा भित्तेलेखन पोष्टर, ब्यानर लेख्न नपाइने भन्ने कुरा उल्लेख गरे पनि त्यसको पालना भएन। काठमाडौं उपत्याकालगायत पूर्वपश्चिम राजमार्ग तथा शहरी क्षेत्रका सबै भित्ताहरू राजनीतिक पार्टीका नाराले रङ्गिए। यसमा पनि नेकपा माओवादी नै अघि रह्यो। अधिकांश भित्ता माओवादीले नै कब्जा ग-यो।

त्यस्तै शहरका मुख्य भागमा उम्मेद्वारका फोटो सहितका फ्लेक्स बोर्ड, ब्यानर तथा पोष्टरहरू प्रयोग गरियो। प्रसार सामग्रीमा एउटा रङमात्र प्रयोग गर्न पाउने नियम भए पनि बहुरङमा निमन्त्रणा कार्ड, भित्ते पात्रो स्टीगर, क्याप, टिसर्ट, ज्याकेट लगायतका सामग्रीको प्रयोग गरी आचारसंहिता उल्लङ्घन गरे।

निर्वाचनका समयमा मतदातालाई पैसा बाँड्ने, भोजभतेर खुवाउने, विभिन्न प्रलोभन देखाउने खालका गतिविधिहरू भए। चुनाव प्रचारप्रसारमा आचारसंहिता विपरीत गाडीको प्रयोग गर्ने, सार्वजनिक स्थल, विद्यालय, मठमन्दिर तथा सडकका चोकचोकमा आमसभा गरिए। एक पार्टीले अर्को पार्टीलाई सार्वजानिक रूपमा नै गालीगलौज गर्ने, आरोप लागाउने जस्ता गतिविधि भए। पार्टीका कार्यक्रममा रोक लगाउने, झण्डा तथा प्रचार सामग्री जलाउने, चुनावी कार्यक्रममा बालबालिको प्रयोग गर्ने जस्ता क्रियाकलाप पनि भए।

राजनीतिक दलहरूले आचारसंहिता विपरीत कार्य गर्दा पनि निर्वाचन आयोग तथा सरकारले कारवाही गर्न सकेन। निर्वाचन आयोगले पटकपटक सम्झाउँदा र निर्देशन दिँदा आचारसंहिताको पलनामा खासै ध्यान राजनीतिक दलहरूले दिएनन्। निर्वाचन आयोगले केही ठाउँमा दलहरूले लेखेका भित्तेलेखन आफैँले मेटाउनुपर्ने बाध्यतासमेत पऱ्यो।

**५.मतदानको दिन**

संविधानसभाको निर्वाचन २०६४ चैत २८ गते बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सम्पन्न भयो। केही मतदान केन्द्रबाहेक प्राय: सबै मतदान केन्द्रमा ठीक समयमा मतदान प्रक्रिया सुरु भएको थियो। मतदान प्रक्रिया सहजरूपमा अगाडि बढे पनि केही ठाउँमा असमान्य स्थितिको सिर्जना भयो। निर्वाचन केन्द्रमा असहज स्थिति सिर्जना भएपछि कतिपय पहाडी क्षेत्रमा मतदाताहरू बाटैबाट फर्किन बाध्य भए। काठमाडौँ लगायतका धेरै जिल्लामा प्रस्तुत मात्रमा फर्जी मत खसालेको पाइयो।

निर्वाचनको बेलामा निर्वाचन केन्द्रमा असहज वातावरण सिर्जना गर्ने कार्यहरू विभिन्न राजनीतिक दलहरूबाट भए। रौतहट जिल्लाका आठ ठाउँमा बम पड्काइयो, भने दाङ क्षेत्र नं. ४ बाघमारे शिवसुन्दर माविमा रहेको मतदान केन्द्र कब्जा गर्ने उद्देश्यले हतियारसहित आएका चारजना माओवादी कार्यकर्ता प्रहरीको नियन्त्रणमा परे। सिरहा क्षेत्र नं. ३ स्थित मलहनिया गम्हरिया निमाविमा रहेको मतदान केन्द्रमा गोली चल्दा दुईजना सख्त घाइते भए भने सोही जिल्लाको क्षेत्र नं २ को तेनुवापट्टी गाविसको सोहपुर प्राविस्थित मतदान केन्द्रमा वाईसीएल कार्यकर्ताले मतदान अधिकृतलाई कुटपिट गरी मतपत्र जलाए। सोही जिल्लाको क्षेत्र नं. ५ को कर्जन्हा- ६ स्थित बगहा मतदान केन्द्रमा वाईसीएल कार्यकर्ताले मतपत्र च्यातेका कारण मतदान स्थगित भयो।

नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको अवरोधका कारण चितवन क्षेत्र नं. ५ मेघौली गाविसको जानुका माविमा ८:३० बजे सुरु भएको मतदान १० बजे पुन: स्थगित गरायो। नुवाकोट क्षेत्र नं. १ मा काङ्ग्रेसका कार्यकर्ताहरूले मदानपुर गाविसमा मतपेटिका तोडफोड गरे। मतपेटिकामा आक्रमण गरी खेतमा पुऱ्याइएको थियो। घटनाका क्रममा प्रहरी र काङ्ग्रेसका कार्यकर्ताबीच दोहोरो गोली हानाहानसमेत भएको थियो। धादिङमा नेपाली काङ्ग्रेस र नकपा माओवादीले क्षेत्र नं. १ का ७ गाविसका ६८ ओटा मतपेटिका २०६४ चैत २९ गते त्रिपुरेश्वर गाविसको खहरेमा आगजानी गरेर नष्ट पारे। यी घटनाहरू प्रतिनिधिमूलक मात्र हुन्। यस्ता घटनाहरू देशभरी घटेका छन्।

त्यस्तै नेकपा एमालेका कार्यकर्ताले सिन्धुली लगायतका केही मतदान केन्द्रमा धाँधली गरेको पाइयो। मधेसी जनअधिकार फोरम, जनमोर्चा नेपालले पनि आफ्नो प्रभाव रहेको ठाउँमा शक्ति प्रर्दशन गरी निर्वाचनलाई प्रभाव पार्ने काम गऱ्यो।

**५.१ निर्वाचन आयोगद्वारा पुन: मतदान**

निर्वाचन आयोगले अनियमितता भएको भनी धादिङ क्षेत्र नं. १ का ११, महोत्तरीका ३ र ५ अर्घाखाँचीका २, सप्तरी २, बाग्लुङ २, सिरहा २, ३ र ५ नुवाकोट १ र सर्लाहीको क्षेत्र नं. ५ र ६ मा निर्वाचन रद्द गरी पुन: गरायो। निर्वाचन प्रक्रिया सिद्धिएपछि संविधानसभा अदालतमा डेढ दर्जनभन्दा बढी मुद्दाहरू परेका छन्। परेका मुद्दामध्ये निर्वाचनमा धाँधली भएको भनी संविधानसभा अदालतले अन्तरिम आदेश दिँदै महोत्तरी- ६ का मधेशी जनअधिकार फोरमका शरदसिंह भण्डारी र सिन्धुली क्षेत्र नं. १ का एमालेका उम्मेद्वार विषमलाल अधिकारीलाई सपथ खान रोक लगाएको छ।

**५.२ मताधिकार र स्वतन्त्रता**

मतदातालाई कुनै किसिमको धाकधम्की नदिई स्वतन्त्र रूपमा मताधिकार प्रयोग पाउनु उसको अधिकार हो। जुन कुरा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार, १९६६ र नेपाल राज्यको अन्तरिक संविधान २०६३ मा पनि ग्यारेन्टी गरिएको छ। निर्वाचन सफल भयो कि भएन भन्ने कुरा थाहा पाउन निर्वाचनमा जनसहभागिता कस्तो थियो वा मतदाताले सहजपूर्ण वातावरणमा भाग लिन पाएन न कि पाएनन् भन्ने कुराले पनि निर्धारण गर्दछ। मतदाताले निर्वाचनमा स्वतन्त्रपूर्वक भाग लिने वातावरण निर्माण गर्नु सरकारको दायित्व हो। यसमा राजनीति पार्टी तथा अन्य सरोकारवाला निकायको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ।

निर्वाचनपूर्व जुनखालका गतिविधि भए वा घटना घटे तिनले मतदातालाई कुनै न कुनै न रूपमा प्रभाव पाऱ्यो। उनीहरूमा डरत्रासको वातावरण सिर्जना भयो। उनीहरू आफ्नो इच्छा विपरीत मत दिन बाध्य भए। मतदातालाई धम्काउने गाउँ निकाला गर्ने, ज्यानमार्ने जस्ता धम्कीपूर्ण भाषा प्रयोग गरी मतदातालाई प्रभावमा पार्ने काम विशेषत नेकपा माओवादीको सहायक सङ्गठन वाईसीएलबाट भयो भने सामान्य रूपमा अन्य राजनीतिक दलबाट पनि भए। यसरी मतदाताले उत्साहपूर्ण सहभागी हुने वातावरण त्यति सजिलो हुन सकेन।

**६. निर्वाचनपछि**

निर्वाचनपछि परिणाम जस्तो आए पनि सबै राजनीतिक दलहरूले निर्वाचनको परिणाम स्वीकार गरे। उनीहरूले जनादेशलाई सिरोधार्य गरे। जनअभिमतको कदर गरी सार्वजनिक रूपमा प्रतिबद्धता जाहेर गरे। तर पनि निर्वाचनपछि पनि स्थिति सजिलो भएन। खासगरी नेकपा माओवादीले आफूलाई मत नहालेको भनी एमाले, काङ्ग्रेसका कार्यकर्ता कुट्ने, घरजग्गा कब्जा गर्ने, गाउँलेका खानेपानीको धारा काट्ने, अन्य पार्टी

५७ वर्ष अघिको नेपाली जनतको संविधानसभा निर्वाचनको माध्यमबाट संविधान बनाउने सपना २०६४ चैत २८ गते आएर साकार भएको छ। नेपाली जनताले आफ्नो संविधान बनाउन ५ सय ७३ जना (संविधानसभा अदालतले सपथ खान रोकेका दुईजना बाहेक) सभासद चुनेर पठाएका छन्।

विजयसभामाथि आक्रमण गर्नेखालका कार्यहरू गरे। गोर्खामा काङ्ग्रेसका कार्यकर्ता र मानवअधिकारकर्मीमाथि आक्रमण गर्ने, पत्रकार तथा पर्यवेक्षकलाई धम्क्याउने खालका गतिविधिहरू भए। यसरी निर्वाचनपछि पनि कुनै कुनै ठाउँमा असहज स्थितिको सिर्जना भयो।

**७. पर्यवेक्षक संस्थाको नजरमा निर्वाचन**

संविधानसभाको निर्वाचन प्रक्रियाको अनुगमन गर्ने स्वदेशी तथा विदेशी पर्यवेक्षकहरूले आ-आफ्नै तरिकाले प्रतिवेदन सार्वजानिक गरेका छन्।

**७.१ युरोपियन युनियन**

युनियनले आफ्नो प्रारम्भिक प्रतिवेदनमा "२०६४ चेत २८ गतेको निर्वाचन नेपालमा जनप्रतिनिधिमूलक लोकतन्त्रको पुनर्स्थापनामा एउटा महत्वपूर्ण सोपान हो। अहिलेसम्म यो निर्वाचन सामान्यतया व्यवसायिक र पारदर्शी हिसाबले र कैयन अन्तर्राष्ट्रिय मापदण्डअनुसार सम्पन्न भएको छ। आफ्ना प्रतिनिधि छान्न ठूलो सङ्ख्यामा नेपाली जनताले सहभागिता जनाएका छन्। तर, नेपालका केही भागमा सीमित मात्रामा डरत्रास, धाकधम्की र मतदानलाई खुलमखुला ढङ्गले प्रभावित पार्ने घटनाहरू घटे। तर यसका विपरीत प्रचार प्रसारका बेलाको वातावरण भने मुलुकभरी नै तनावग्रस्त थियो" भनेको छ।

**७.२ कार्टर सेन्टर**

प्रारम्भिक प्रतिवेदनमा "अधिकांश नेपाली मतदाताले शान्तिपूर्वक २०६४ चैत २८ गतेको संविधानसभाको निर्वाचनमा सहभागिता जनाएका छन्। निर्वाचन सफल पार्न निर्वाचनमा खटिएका कर्मचारीहरूले विभिन्न कठिनाइको सामना गरे पनि निर्वाचनमा प्रशासन चुस्तरूपमा खटिएको देखाउँछ। निर्वाचनले नेपाली जनताको शान्ति र लोकतन्त्रप्रतिको क्रमिक यात्रालाई निरन्तरता दिनेछ" भनी हल्का टिप्पणी गरेको छ।

**७.३ मानवअधिकार आयोग**

"नेपालमा बहुप्रतिक्षित ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४ चैत २८ गते समग्रमा अपेक्षा गरेभन्दा शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। नेपाली नागरिकले निर्वाचनमार्फत् उपयोग गर्न पाएको आफ्नो मताधिकारले महत्वपूर्ण र दिर्घकालीन प्रभाव पार्नेछ। साथै यस निर्वाचनबाट जनसहभागिता सहितको मानवअधिकारमैत्री संविधान बन्ने छ" भनी टिप्पणी गरेको छ।

**७.४ राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल नेमा**

नेमाले आफ्ना २० हजार पर्यवेक्षकको हवाला दिँदै "केही मतदान केन्द्र बाहेक अधिकांश मतदान केन्द्रमा निर्वाचन शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न भयो। स्वतन्त्र र निष्पक्ष निर्वाचनको सिद्धान्त विपरीत धादिङ, रामेछाप, गोर्खा रुकुम अर्घाखाँची लगायतका जिल्लाका विभिन्न मतदाना केन्द्रमा बुथ कब्जा भए। धेरै स्थानमा यस्ता घटना भए जहाँ माओवादी कार्यकर्ताले अन्य दलका नेता तथा कार्यकर्तालाई चुनावी गतिविधि गर्न प्रतिबन्ध र अवरोध गरेका थिए।" भनी टिप्पणी गरेको छ।

**७.५ रिलेक नेपाल**

"देशका अधिकांश जिल्ला तथा मतदान केन्द्रमा सहजतापूर्ण तरिकाले निर्वाचन सम्पन्न भए पनि नुवाकोट, चितवन, नवलपरासी, दाङ, महोत्तरी, भोजपुर रौतहटका लगायतका जिल्लाको केही मतदान केन्द्रहरूमा असहज परिस्थिति सिर्जना भएको पाइयो। विशेषगरी राजीनितिक पार्टीका कार्यकर्ताले मतदातालाई बाटैमा छेक्ने, घरघरमा गएर आफ्नो पक्षमा भोट खसाल्न दवाव दिने, बुथ कब्जा गर्ने, वम पड्काउने, मतपत्र च्यात्ने विपक्षीदलका कार्यकर्ता अपहरण गर्ने जस्ता गतिविधिहरू गरेको पाइयो। यस्ता कार्यमा नेकपा माओवादीको सहायक सङ्गठन वाईसीएल अगाडि रह्यो। समग्रमा केही घटनालाई छोडेर निर्वाचन शान्तिपूर्ण वातावरणमा भएपनि निर्वाचन स्वच्छ, निष्पक्ष भने हुन सकेन।" भनी प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको छ।

यी बाहेकका अन्य पर्यवेक्षक संस्था

डिन, नियोक, जियोक लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पनि आफ्नो प्रारम्भिक प्रतिवेदनमा निर्वाचनलाई शान्तिपूर्ण र भव्य भनी उल्लेख गरेका छन्। विदेशी संस्थाले त झन अन्तर्राष्ट्रिय मापदण्डअनुसार शान्त र ऐतिहासिक निर्वाचन भनेका छन्। अधिकांश पर्यवेक्षक संस्थाले काठमाडौंको आँखाले नेपालका सबै ग्रामीण क्षेत्रलाई हेरेर प्रतिवेदन निकालेका छन्। अधिकांश पर्यवेक्षक संस्थाहरूले प्रारम्भिक प्रतिवेदनमा हल्का रूपमा टिप्पणी गरेका छन्।

पर्यवेक्षण संस्थाले खटाएको स्थानीय पर्यवेक्षकले खासगरी नेकपा माओवादीको डरत्रासका कारण सत्यतथ्य कुरा आफ्नो प्रतिवेदनमा लेख्न सकेनन्। ललितपुर, भोजपुर लगायतका जिल्लामा पर्यवेक्षकलाई मतदान केन्द्रबाट बाहिर निकाल्ने, जाकेट खोल्न लगाउने र आफूले गरेका गतिविधि बाहिर ल्याएमा आक्रमण गर्ने धम्कीसमेत दिए। अर्को कुरा पर्यवेक्षक संस्थाले खटाएका पर्यवेक्षकहरू स्वतन्त्र र निष्पक्ष हुन सकेनन्। पर्यवेक्षकमा राजनीतिक पार्टीको कार्यकर्ताको बाहुल्यता देखियो। पर्यवेक्षण गर्न खटिएका पर्यवेक्षकहरू नवलपरासी लगायतका जिल्लामा पार्टीको ऐजेण्ट बस्ने, मतदातालाई आफू समर्थित राजनीतिक पार्टीलाई भोट हाल्न लगाउने जस्ता कार्यहरू गरेको पाइयो। यी र यस्तै अन्य कारणले गर्दा पर्यवेक्षकको प्रतिवेदन विश्वसनीय आउन सकेन।

## ८. निष्कर्ष

संविधानसभाको निर्वाचन तनाव र विभिन्न घटनाका बीचमा सम्पन्न भएको छ। निर्वाचन हुनुअघि विभिन्न राजनीतिक पार्टीहरूबाट मतदान प्रक्रियालाई असर पार्ने खालका गतिविधिहरू भए। उम्मेद्वार तथा राजनीतिक दलका कार्यकर्ता तथा सर्वसाधारणले ज्यान गुमाउनुपऱ्यो। एक पार्टीले अर्को पार्टीलाई गाली गर्ने, आरोप लगाउने कार्यहरू दिनहुँ जसो भए। राजनीतिक पार्टीका नेता तथा कार्यकर्तामाथि आक्रमण गर्ने गाउँमा निषेध गर्ने, कार्यक्रम बिथोल्ने जस्ता क्रियाकलापहरूमा तीब्रता आयो। नेकपा माओवादीले आफू निकटका भातृसङ्गठनलाई आक्रमक रूपमा चुनावी मैदानमा उतान्यो। खासगरी वाईसीएलले यस्ता कार्यक्रमहरू सञ्चालन गऱ्यो. जनताको मनमा त्रास तथा भयको वातावरण सिर्जना भयो।

गाउँमा मतदाता तथा राजनीतिक दलका कार्यकर्तालाई विशेषत: माओवादीले मनोवैज्ञानिक रूपमा त्रसित बनाइ आफ्नो पक्षमा पार्ने कार्य गऱ्यो। विभिन्न खालका भ्रम फेलाएर मतदातालाई अन्योलामा पर्ने काम भए। आफ्नो पार्टीलाई भोट नदिए जङ्गल फर्किने, विगतको जस्तै जनयुद्धमा फर्किने जस्ता धम्कीपूर्ण भाषाको प्रयोग गरी मतदातालाई स्वतन्त्ररूपमा मत हाल्नबाट वञ्चित गरिए। अन्य राजनीतिक दलका कार्यकर्ताले पनि केही ठाउँमा यस्ता खाले गतिविधि गरेका थिए।

प्रत्यक्षतर्फ कुल मतदाता १ करोड ७६ लाख ११ हजार ८ सय ३२ मध्य १ करोड ८ लाख ६६ हजार १ सय ३१ मत मात्र खसेको थियो। जुन कुल मतको करिब ६५ प्रतिशत हो। संविधानसभाको निर्वाचन खसेको मत त्यति सन्तोषजनक होइन। संविधानसभा निर्वाचनमा ८०, ९० प्रतिशत मत खस्नुपर्थ्यो तर ६५ प्रतिशतमा मात्र सीमित रह्यो। ३५ प्रतिशत मतदाताले नयाँ संविधान बनाउने प्रक्रियामा सहभागिता जनाउन पाएनन्।

लामो सङ्घर्ष र सैयौं नेपालीको बलिदानपछि प्राप्त महान् अवसर संविधानसभा निर्वाचनमा पनि ज्ञानीहरूले अफ्नो मताधिकार प्रयोग गर्न पाएनन्। अर्को कुरा खसेको कुल मतमध्ये १ करोड ३ लाख ६ हजार १ सय २० मत मात्र सदर भएका छन्। तीमध्ये ५ लाख ६० हजार ११ मत बदर भएका छन्। ठूलो सङ्ख्यामा मत बदर हुनुले मतदाता शिक्षा प्रभावकारी नभएको देखाउँछ।

संविधानसभाको निर्वाचनलाई राजनीतिक दलहरूले प्रतिस्पर्धा र संसदीय निर्वाचनकै रूपमा लिएको पाइयो। नयाँ संविधान निर्माण गर्ने भन्दा पनि आफ्नो अस्तित्वसँग जोडेर निर्वाचनलाई प्रभाव पार्ने काम भयो। विगतमा जस्तै यस पटक पनि शक्तिको प्रयोग गरी मतदातालाई असर पार्ने काम भए। जसरी पनि निर्वाचन जित्ने भन्ने सूत्र प्रयोग गरियो। निर्वाचनको विश्वव्यापी मान्यता र मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ र नेपाल राज्यको अन्तरिक संविधान २०६३ को मूलमर्म विपरीतका कार्यहरू गरी निर्वाचन आफ्नो पक्षमा पार्ने काम भए।

अन्तत: ५७ वर्ष अघिको नेपाली जनतको संविधानसभा निर्वाचनको माध्यमबाट संविधान बनाउने सपना २०६४ चैत २८ गते आएर साकार भएको छ। नेपाली जनताले आफ्नो संविधान बनाउन ५ सय ७३ जना (संविधानसभा अदालतले सपथ खान रोकेका दुईजना बाहेक) सभासद चुनेर पठाएका छन्। इतिहासमा पहिलो पटक उल्लेख्य मात्रमा आदिवासी, मधेशी, दलित, जातजाति, भाषा, वर्ग, क्षेत्र र सदियौंदेखि राज्यको मूलधारबाट पाखा पारिएको समुदायको प्रतिनिधित्व भएको छ। नेपाली जनता आफ्नो अधिकारको लागि जागेका छन्। संविधानसभा निर्वाचन सम्पन्न भए पनि त्यसबाट बन्ने संविधान निर्माण गर्न बाँकी छ। जनचाहना अनुसार सहमतीय संस्कृतिको अवलम्बन गरी सबै मिलेर लोकतान्त्रिक संविधान निर्माण गर्नु ६ सय १ जना सभासद्को पहिलो कर्तव्य हो। आशा गरौं, अब नेपाली जनताको चाहनाअनुसार लोकतन्त्रिक संविधान बन्नेछ।

## सन्दर्भ-सामग्री


१ निर्वाचन आयोग

२ इन्सेक अनलाइन र इन्सेकको संविधानसभा निर्वाचन आचारसंहिताको उल्लङ्घन तथा अनुगमन प्रतिवेदन

३ युरोपियन युनियन, कार्टर सेन्टर, नेमा, रिलेक र मानवअधिकार आयोगका संविधानसभा निर्वाचनको प्रारम्भिक प्रतिवेदन

४ कान्तिपुर दैनिक, वर्ष १६, अङ्क ५३, २०६४ चैत २९ गते

# संविधानसभाको निर्वाचन र पर्यवेक्षणको अनुभूति

सोमराज थापा

**घटनाहरूलाई हामीले चौबीस घण्टे अनलाइनमार्फत् सङ्कलन र संप्रेषण गर्ने, सम्बन्धित निकायको ध्यान आकर्षण गर्ने, प्रहरी प्रशासन र राजनीतिक दलसँग छलफल गर्दै त्यस प्रकारका घटना नहोस् भनी पहल गर्ने काम गर्‍यौं। सायद हाम्रो पहल प्रयास र छलफलको उपलब्धि के भयो त्यो सरकार र सम्बन्धित पक्षले मूल्याङ्कन गर्ने हो वा थियो। हामी भने निरन्तर आफ्नो काममा लागि रह्यौं।**

विगतको निर्वाचनको एतिहासिक जिम्मेवारीलाई समेत इन्सेक क्षेत्रीय कार्यालय विराटनगरले सदैव संयोजक र सचिवालयको रूपमा सम्पन्न गरेको थियो। यस पटक पनि इन्सेक अध्यक्ष नै राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) को संयोजक र राष्ट्रिय निर्वाचन पर्यवेक्षण कमिटी (नियोक) को सदस्य भएको कारण क्षेत्रीय कार्यालयहरूमा पनि स्वत: त्यस जिम्मेवारीबाट बाहिर रहने कुरै भएन। नियोक र नेमाको क्षेत्रीय सदस्य रहेको इन्सेक क्षेत्रीय कार्यालयलाई चैत २१ गते निर्वाचन पर्यवेक्षण गर्ने पूर्वाञ्चलको विराटनगरस्थित रहेको सात वटा संस्थाहरू- नेमा, नियोक, जियोक, केअप, डिन, नेपाल बार.ए, रिलेक, बीच समन्वय गरी पर्यवेक्षणको एउटा रुट र एकै प्रकारका प्रतिवेदन बनाउने कामको लागि कोर्अडिनेसन कमिटीको संयोजकको जिम्मेवारीसमेत इन्सेकले पायो। अत: विराटनगरस्थित रहेका अन्तराष्ट्रिय सङ्घसंस्था, प्रहरी, प्रशासन, निर्वाचन कार्यालय र राजनीतिक पार्टीहरूसँग समन्वय गर्दै निर्वाचनमा पर्यवेक्षण गर्ने व्यक्तिहरूलाई अभिमुखीकरण गर्दै उत्साहित र उत्प्रेरित गर्दै जिल्लादेखि क्षेत्रभरिका साथीहरूलाई निर्वाचनको पर्यवेक्षण गर्ने एतिहासिक दायित्व निर्वाह गर्न र चुनौतीहरूको सामना गर्ने अग्रणी भूमिका निर्वाह गर्नुपर्ने नै भयो। सोही अनुसारको योजना बनाई सबै जिल्लाहरूमा पठाइयो भने क्षेत्रमा पनि सोही अनुसारको तयारी गरियो।

इन्सेक पूर्वाञ्चल यस क्षेत्रमा रहेका ४४ वटा मानवअधिकार, सामाजिक तथा पेशागत संस्थाहरूको साझा फोरम पूर्वाञ्चल मानवअधिकार सञ्जालको सचिवालय र संयोजक भएको कारण तथा १० वर्षे सशस्त्र द्वन्द्व र त्यसको अगाडि पछाडिको समयमा पनि मानवअधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले निर्वाह गरेको भूमिकाको कारण यहाँ दैनिक धेरै मुद्दाहरू दर्ज हुने, सहयोग र संरक्षणको माग भइरहेको हुन्छ। सोही क्रममा चुनाव अगाडि चैत ३ गते ओखलढुङ्गा क्षेत्र नं १ का उम्मेद्वार बालकृष्ण दाहालमाथि, चैत १३ गते क्षेत्र नं. २ मा नेपाली काङ्ग्रेसका उमेद्वार बालाराज कार्की र चैत १३ गते नै भोजपुर कुलुङगका नेपाली काङ्ग्रेसका कार्यकर्ता गणेश बुढाथोकी माथि, चैत २६ गते धनकुटा जिल्लाको चानुवा गाविसका राप्रपा गाउँ कमिटी अध्यक्ष पदमबहादुर पौडेल तथा चैत ६ गते सिरहा जिल्लाका एमाले उम्मेद्वार धर्मनाथप्रसाद साहलाई वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरेको एवम् चैत ७ गते खोटाङको बडहरे गाविसमा जनमोर्चा नेपालको चुनावी सभा बिथोलिदिएको, चैत १२ गते संखुवासभाको ताम्कु गाविस र चैत २१ गते धनकुटाको बसपार्कबाट रा.प्र.पा को निर्वाचन प्रसार सामग्री कब्जामा लिई वाईसीएलले जलाइदिएको, चैत १३ गते सप्तरी मधेपुरा-१ बाट घरमै सुतिरहेका लाहान क्याम्पसका प्राध्यापक नारायणलाल दास र सप्तरी बसहरिया- ४ का शिक्षक शैलेन्द्र चौधरीलाई तथा चैत २५ गते सिराहका गोविन्दपुर ८ का मनोज कार्कीलाई अपहरण गरेका घटनादेखि सोलुखुम्बुमा चैत १३ गते वाईसीएलका गजेन्द्र भनिने गंगा भुजेलको प्रहरीको गोलीबाट मृत्यु भएको, चैत २४ गते धनकुटा भीरगाउँ- ४ का जनशक्ति पार्टीका कार्यकर्ता दिपक दाहालको हत्या, सुनसरी चादँबेला- ६ मा सद्भावना पार्टीका कार्यकर्ता गुलाब सेन खवासको चैत १६ गते भएको मृत्यु र चैत

१८ गते विराटनगर ७ को जामे मस्जिदमा बम विस्फोट गराइएको र सो घटनामा दुई जनाको मृत्यु भएको लगायतका बम विस्फोट, अपहरण, चन्दा आतङ्क, तराईमा सशस्त्र समूहबाट भइरहेको घटना र लिम्बुवान आर्मी, किरातँ वर्कर्स पार्टीबाट भएका घटनाहरूले समेत संविधानसभाको चुनाव स्वतन्त्र, निस्पक्ष र भयरहित हुन्छ भन्ने कुरामा पूर्ण रूपमा सबैमा शङ्का थियो। शङ्का गर्ने अर्को कारण थियो शान्ति सुरक्षाप्रति राज्यको उदासिनता र राज्यको धेरै ठाउँमा अनुपस्थिति र निस्क्रियता। अत: यी घटनाहरूले हामीलाई पनि गम्भीर, दुखित, चिन्तित बनाए। यस्ता घटनाहरूलाई हामीले चौबीस घण्टे अनलाइनमार्फत् सङ्कलन र संप्रेषण गर्ने, सम्बन्धित निकायको ध्यान आकर्षण गर्ने, प्रहरी प्रशासन र राजनीतिक दलसँग छलफल गर्दै त्यस प्रकारका घटना नहोस् भनी पहल गर्ने काम गऱ्यौँ। सायद हाम्रो पहल प्रयास र छलफलको उपलब्धि के भयो त्यो सरकार र सम्बन्धित पक्षले मूल्याङ्कन गर्ने हो वा थियो। हामी भने निरन्तर आफ्नो काममा लागि रह्यौँ।

यसैबीच मोरङ जिल्लाको याङशिला र टाँडीमा रहेको माओवादी छापामारको अस्थायी शिविरबाट छापामारहरू हतियार सहित गाउँमा पसेका छन्। हतियार बोकेर भोट माग्दै आचारसंहिताको उल्लङ्घन गरिरहेका छन्। इन्सेकले अनुगमन गरिदिनु पऱ्यो भनी पटक-पटक फोन आइरह्यो। छिटपुट रूपमा मिडियामा पनि यस्तो कुरा उठेको हुँदा इन्सेक क्षेत्रीय कार्यालय र पत्रकार महासङ्घ मोरङको संयुक्त टोलीले त्यस प्रकारका घटनासहित अन्य चुनावकै मुखमा बिजुलीका पोलहरू बाँडिएको, सार्वजनिक स्थलहरूमा नै भित्तेलेखन लेखिएको, फर्जी नमुना मतपत्र बाँडिएको जस्ता सबै प्रकारका निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरूको अनुगमन गर्ने योजना बनाई चैत २० र २२ गते १०/१२ जनाको संयुक्त टोली बनाई मोरङको उत्तरी क्षेत्रको याङशिला, केराबारी, भोगेटेनी, सिहंदेवी, लेटाङ, जाँते, टाँडी, रमिते लगायतका गाविसहरूको स्थलगत अनुगमन गऱ्यौँ। सो अनुगमनमा आचारसंहिता उल्लङ्घनका छिटपुट केही घटनाहरू भएता पनि माओवादी छापामारहरू शिविर छाडी हतियार बोकी गाउँ पसेको भन्ने पाइएन। अन्य घटनाका सन्दर्भमा पत्रकार सम्मेलन गरी प्रेस विज्ञप्तिमार्फत घटनाहरू सार्वजनिक गरिसकिएको छ।

समयले बिस्तारै निर्वाचनको दिनलाई नजिक ल्याइरहेको थियो। हामी सोही दिनको पर्यवेक्षण गर्ने तयारीमा द्रुत गतिले योजना अनुसारको काम गरिरहेका थियौँ। निर्वाचनकै दुई दिन अगाडि सुनसरीको बराहक्षेत्रमा नेमाका पर्यवेक्षकहरूलाई नेकपा माओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले तालिमं गर्न नदिएको, नेमाका जिल्ला सदस्य प्रेम पोखरेल सहितका केहीहरूलाई कब्जामा लिइएको, नेमाको ड्रेसहरूसमेत खोसी प्रहरीलाई बुझाई दिइएको भन्ने खबर आएको हुँदा हामीले त्यस घटनालाई ध्यान दिनैपर्ने भयो। भोलिपल्ट त्यस घटनाको सहजीकरण र छलफलका निम्ति हामी धरान गयौँ। तर इटहरीको जेसिस भवनमा पर्यवेक्षण गर्ने सुनसरीका साथीहरूको बैठक बसिरहेको छ भन्ने सुनी हामी त्यहीं आयौँ। सुनसरी जिल्लामा सबै राजनीतिक दलहरू र प्रहरी प्रशासनसँग व्यापक छलफल तथा सहकार्य नभएको हुँदा त्यस्तो प्रकारको घटना भएको निष्कर्ष निस्क्यो। नेपाली काङ्ग्रेससँगकुरा भइसकेको हुँदा नेकपा माओवादीको जिम्मेवार व्यक्तिसँग छलफल गर्नुपर्ने कुरा उठ्यो। सोही अनुसार मैले माआवादीका सुनसरी इन्चार्ज हिमालसँग सम्पर्क गरे। उनी पनि इटहरीमा नै भएको हुँदा उहाँ तत्काल जेसिस भवनमा आए र छलफल भै सो समस्याको समाधान भयो। चुनावकै सङ्घारमा आइपुग्दा पथरी शनिश्चरेमा वाईसीएलले परेड खेलिरहेका छन्। त्यहाँको चुनावमा भुटानी शरणार्थीहरूको समेत प्रयोग हुन सक्ने देखिन्छ भन्ने जस्ता फोन पटक-पटक आइरहँदा हामी त्यसतर्फ जान र अनुगमन गर्न बाध्य भयौँ। यसरी चैत २६ र २७ गते दौडधुपमा नै दिन बित्यो।

२८ गते हुने निर्वाचनका लागि सात वटा पर्यवेक्षण गर्ने संस्थाहरूको नाममा गाडी पास लिने, गाडी जुटाउने र पर्यवेक्षण गर्ने करिब ८४ जना साथीहरूको समूह विभाजन गर्नुपर्ने, सुरक्षा निकायसँग समन्वय गर्नुपर्ने, आकस्मिक आईपर्ने प्राथमिक उपचार सामग्री (First Aid Box) को व्यवस्था गर्नुपर्ने लगायतका कामहरू सम्पन्न गर्नुपर्ने थियो। योजनाअनुसार यी काम र आकस्मिक रूपमा आइपर्ने घटना, जटिल समय र सङ्क्रमणकाल परिस्थितिले गाउँ र क्षेत्रमा रहेका पर्यवेक्षक साथीहरूले झेल्नुपरेको चुनौती र त्रास मनोविज्ञानका कारण दिनहुँ आइरहने फोनले पनि हैरान पारेको थियो। पर्यवेक्षण गर्ने ७ वटा संस्थाको इन्सेक सचिवालय भएको हुँदा सचिवालयमा रहेर काम गर्ने साथीहरू भुवन अधिकारी, दिपेन न्यौपाने र विवेशिका भूर्तेलले गाउँबाट आउने धेरै फोन रिसिभ गर्नुहुन्थ्यो। उठाएका फोनहरूमा गाउँमा पर्यवेक्षण गर्ने साथीहरू डराएको, धम्कीको सामना गर्नुपरेको, गाउँमा पसेमा खुट्टा भाँचिदिने भनी वाईसीएलले भनेको भन्ने फोन आइरहेको साथीहरू भन्नुहुन्थ्यो। सातवटा गाउँमा मोबाइल टिमको पर्यवेक्षण हुँदैछ। त्यसबाहेक सोम सरको नेतृत्वमा एउटा मानवअधिकार अनुगमनको टिमले जिल्लाभरी घुम्छ। तपाईंहरू नडराउनुहोस्, तपाईंहरू एक्लै हुनुहुन्न भनी साथीहरूले आस्वास्त पार्नुहुन्थ्यो। त्यसमाथि पनि मेरो मोबाइलले एक छिन पनि आराम पाएको थिएन, मोबाइलको घण्टी सुनेर साथीहरू छक्क पर्नुहुन्थ्यो। मोबाइलमा आएका फोनहरूमध्ये मोरङ क्षेत्र नं १ बाट २/३ जना पर्यवेक्षकलाइ पनि वाईसीएलले १ नं क्षेत्रमा पस्ने पर्यवेक्षकको खुट्टा भाँच्ने भनेका छन्, के कसरी पर्यवेक्षण गर्नु भनी फोन गर्नुभयो। १ नम्बर क्षेत्रमा नेमाको नेतृत्व इन्सेककै बागमती कट्टेलले गरिरहेको र पर्यवेक्षण मोबाइल टिमको नेतृत्व पनि म आफैले गरेको थिएँ। खुट्टा भाँचे पनि उहाँकै भाँच्नु अरे भनी भन्नुहोस् भन्दै मैले फोन राखेँ।

चुनाव पर्यवेक्षण मोबाइल समूहका लागि सातवटा पर्यवेक्षण गर्ने संस्थाहरूबाट सातवटा, नेमा क्षेत्रीय समितिको नामबाट क्षेत्रीय रूपमा पर्यवेक्षण



जनआन्दोलन २०६२/६३ को क्रममा काठमाडौं कलंकीमा कर्फ्यू तोड्दै जनताहरु




जनआन्दोलन २०६२/६३ को क्रममा कलंकीमा प्रदर्शन गर्दै प्रदर्शनकारी



गणतन्त्रको घोषणाको
राष्ट्रिय झण





संविधानसभा निर्वाचनमा ललितपुरको मंगलबजारमा मतदान गर्दै





संविधानसभा निर्वाचनको अपरिवर्तनीय मिति घोषणाको माग गर्दै नागरिक समाजका प्रतिनिधि



गणतन्त्र घोषणा भएकोमा काठमाडौंमा खुशी व्यक्त गर्दै एक युवती

# गणतन्त्रको यात्रा.......

२०६५ साल जेठ १५ गते बुधवार बसेको संविधानसभाको पहिलो बैठकले २४० वर्षको शाहवंशीय राजतन्त्रलाई अन्त्य गर्दै नेपाललाई विधिवतरूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा परिणत भएको घोषणा गरेको छ ।

निरङ्कुश राजतन्त्रको विरुद्धको जनआन्दोलन २०६२/६३ को फलस्वरुप पुनर्स्थापित प्रतिनिधिसभाले राजाको अधिकारमा व्यापक कटौती गर्दै प्रधानमन्त्रीलाई नै राष्ट्राध्यक्ष बनाएको थियो ।

२००७ सालदेखि ओझेलमा पार्दै आएको संविधानसभाको निर्वाचनलाई नेपाली जनताले जनआन्दोलन २०६२/६३ मार्फत् पुनः मूलरूपमा उठाएका थिए । जनआन्दोलनको बलमा स्थापित नेपाल सरकारले संविधानसभा निर्वाचनको मिति दुईपटक सार्‍यो । मानवअधिकार तथा नागरिक समाज निर्वाचनको मिति पटकपटक सार्नुकोमा विरोध जनाउँदै निर्वाचनको अपरिवर्तनीय मिति घोषणा गर्न माग गर्दै सडकमा ओर्लियो । अन्तत २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । यही निर्वाचनबाट गठन भएको संविधानसभाको पहिलो बैठकले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवतरूपमा परिणत भएको घोषणा गरेको छ । सम्पूर्ण नेपालीलाई अधिकारसम्पन्न गराउने संविधान निर्माण भए मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्राले देशलाई नयाँ युगमा प्रवेश गराउने छ ।

– बिमलचन्द्र शर्मा



...पल्ट राजदरबारमा फहराइँदै





गणतन्त्र घोषणाको दबाब दिँदै नागरिक समाजले निकालेको जुलुस

**पुरानो आग्रह, पूर्वाग्रहलाई बिर्सदै जनआन्दोलनको मर्मअनुरूप नयाँ नेपाल बनाउन कम्मर कस्नुपर्दछ। दलहरूको कार्य सम्पादनलाई हेरेर नागरिक समाज र मानवअधिकारकर्मीहरू तपाईंहरूको गलत कामको खबरदारी र सही कामको लागि साझेदारी गर्न सदैव तत्पर छौं।**

गर्न एउटा र इन्सेक क्षेत्रीय कार्यालयको नाममा मानब अधिकार अनुगमनको लागि एउटा गरी नौवटा गाडीको लागि पास लिने काम भयो। चुनावको चटारोमा नौवटा गाडी जुटाउन निकै गाह्रो भयो। तर निर्वाचन आयोगका प्रमुख, जिल्ला प्रशासन कार्यालयका पदाधिकारीहरू र अन्य साथीहरूको सहयोगले गाडी जुटाउने लगायतका कामहरू पनि सजिलैसँग फत्ते भयो।

यसरी अगाडि बढेको योजना र तयारीअनुसार २८ गते बिहान आठ बजेदेखि पर्यवेक्षण मोबाइल टिम आआफ्नो क्षेत्रमा अगाडि बढ्यो। मोरङ १ नम्बर क्षेत्रमा बार एसोसिएसनका अध्यक्ष सीताराम राईको नेतृत्वमा १० जना, २ र ३ नम्बर क्षेत्रको लागि जियोकका डा. सनत बरालको नेतृत्वमा ९ जना, क्षेत्र नं ४ मा नियोकका शिवबहादुर कार्कीको नेतृत्वमा १२ जना, क्षेत्र नं. ५ र ६ मा नेमामा टिका पुरीको नेतृत्वमा आठ जना, क्षेत्र नं. ७ मा डिनका सुरेशलाल श्रेष्ठको नेतृत्वमा ९ जना, क्षेत्र नं ८ मा डिन क्षे.का. का मदन श्रेष्ठको नेतृत्वमा ८ जना, क्षेत्र नं. ९ मा रिलेक नेपालका घनश्याम पोखरेलको नेतृत्वमा आठजना, नेमाको क्षेत्रीय समितिबाट इन्सेककी शकुन्तला बरालका नेतृत्वमा नौजना र इन्सेकबाट मानवअधिकार अनुगमनका लागि सोमराज थापाको नेतृत्वमा १० जना गरी ८४ जनाको समूहले मोरङ जिल्ला र नजिकका अन्य जिल्लाहरूको निर्वाचनको पर्यवेक्षण र अनुगमन गर्ने काम भयो।

चैत २८ गते निर्वाचनको दिन मोरङ जिल्लाको अनुगमन गर्दा पनि एक अर्काको टिमबीच फोन सम्पर्क भइरहेको थियो। सचिवालय राखिएको इन्सेक कार्यालयमा समेत सबै टिमका साथीहरूले फोन गरी अवस्थाको बारेमा जानकारी दिइरहने योजनाअनुरूप फोन आइरहन्थ्यो। मसँग पनि सबै टिमका साथीहरू बीच फोनसम्पर्क भइरहेको थियो। मोरङ जिल्लाको कुनै पनि निर्वाचन क्षेत्रको कुनै पनि बुथमा कुनै पनि प्रकारको अप्रिय घटना नभएको हुँदा पर्यवेक्षक गर्ने सबै साथीहरू खुशी हुनुहुन्थ्यो। साच्चै सो दिनको चुनावमा सुनसरीको रामनगर भुटाहा- २ मा फोरम र ने.का. बीच झडप हुँदा फोरमका कार्यकर्ता पौवा भनिने गंगादासको मृत्यु भएको साथै सप्तरी र सिराहका केही मतदान केन्द्रमा विवाद भएका कारण मतदान स्थगित भएको खबरले केही दुखित बनाए पनि मोरङसहित पूर्वाञ्चलका अन्य जिल्लाबाट आएका समाचार अनुसार चुनाव सबैले सोचेभन्दा धेरै शान्तिपूर्ण वातावरणमा सम्पन्न भयो। सबैले एउटा ठूलो युद्ध जिते जस्तो र महायज्ञ सम्पन्न गरे जस्तो अनुभूति गरे।

चुनावपछि जिल्लाबाट आएका सूचना, अनलाइन समाचार र मिडियाको टिका टिप्पणी र पर्यवेक्षणको प्रतिवेदन अनुसार चुनावमा प्रत्यक्ष रूपमा धाँधली, हस्तक्षेप र बुथ लुटिएको नभएता पनि वाईसीएलसहित अन्य पार्टीका कार्यकर्ताहरूले आफ्नो शक्तिको प्रभावअनुसार जनतालाई दबाव दिएका, वाईसीएलले जनतालाई मनोवैज्ञानिक त्रास बीच भोट खसाउन बाध्य बनाएको चर्चा परिचर्चा धेरै भयो। निर्वाचनपछि भए देखिएका घटनाक्रमहरूले समेत यथार्थ के हो भन्ने सोच्न बाध्य बनायो। भोजपुरको दोमाने- १ मा २०६५ वैशाख ४ गते काङ्ग्रेसलाई भोट मागेको आरोपमा वीरबहादुर राईलाई वाईसीएलले गाउँ निकाला गर्ने धम्की दिएको, २८ गते नै पाँचथर जिल्ला फलैंचा गाविस- ८ का नरबहादुर गुरुङ र वाईसीएलबीच झडप भएको कारण गुरुङ अझै घर बस्न नसकेको, भोजपुरको दलगाउँ- ३ रिलेक नेपालका पदम कार्की र नेपाल विद्यार्थी संघका जिल्ला सहसचिव सुरेन्द्र कार्कीले निर्वाचन पर्यवेक्षण गरेको आरोपमा गाउँबाट विस्थापित बनाएको भन्ने समाचारहरू तथा पछिल्लो भोजपुरको कुलुङमा रामसिहं राई सहितका व्यक्तिमाथि भएको घटनाले वाईसीएलप्रति मात्र नभई सिङ्गो माओवादी पार्टीको नीति र व्यवहारमाथि प्रश्नचिन्ह खडा भएको छ। यसले संविधानसभाको चुनावको निस्पक्षता, स्वतन्त्रता र भयरहित रूपमा सम्पन्न भएको छ त ? भन्ने आशङ्का जन्माएको छ।

यद्यपि चुनाव सम्पन्न भएको छ र त्यसको परिणामसमेत आएको छ। अत: विगतमा आफूहरूबाट भएका कमिकमजोरीलाई सच्याउँदै जनताले दिएको अभिमत, जनताको चाहना र भावनाअनुरूप सबै राजनीतिक दलहरू आ-आफ्नो ठाउँमा जिम्मेवार बन्नै पर्नेछ। पुरानो आग्रह, पूर्वाग्रहलाई बिर्सदै जनआन्दोलनको मर्मअनुरूप नयाँ नेपाल बनाउन कम्मर कस्नुपर्दछ। दलहरूको कार्य सम्पादनलाई हेरेर नागरिक समाज र मानवअधिकारकर्मीहरू तपाईंहरूको गलत कामको खबरदारी र सही कामको लागि साझेदारी गर्न सदैव तत्पर छौं।

*(थापा इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय, बिराटनगरका क्षेत्रीय संयोजक हुन्।)*

# निर्वाचनको क्रममा मध्यमाञ्चल क्षेत्रको मानवअधिकार स्थिति

कृष्ण गौतम

**निर्वाचन आचारसंहिता ०६४ मा पनि राजनीतिक दल वा उम्मेद्वार वा तिनका संस्थाहरूले अरू दलका उम्मेद्वारहरूले आयोजना गरेको जुलुस वा आमसभा बिथोल्ने वा बाधा पुऱ्याउन हुँदैन। कसैले पनि मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा कसैका पनि इच्छा विपरीत मतदान गर्न बाध्यात्मक पारिनु दुवैमा भने जस्तो कुरा प्रष्टसँगले उल्लेख गरिएको छ तर विडम्बना दलहरूले आफ्नै लागि आफूहरूले नै तयार पारेको आचारसंहिता र मानवअधिकारको विश्वव्यापी मान्यताको विपरित क्रियाकलाप गर्न उद्दत रहे।**

संविधानसभाको पहिलो बैठकले नेपाल सङ्घीय गणतान्त्रिक मुलुक रहने निर्णय पारित गऱ्यो। संविधानसभाको यो निर्णयले २ सय ४० वर्षसम्म वंशको आधारमा नेपालमा शासन गर्दै आइरहेको शाहवंशीय राजतन्त्रको अन्त्य भएको छ।

०६४ चैत २८ गते सम्पन्न संविधानसभाको निर्वाचनबाट नेकपा (माओवादी) मुलुकको सबैभन्दा ठूलो राजनीतिक दलको रूपमा स्थापित भएको छ। अनुमान गरिएभन्दा सहज ढङ्गले सम्पन्न यस निर्वाचनका क्रममा मध्यमाञ्चल क्षेत्रको मानवअधिकारको अवस्था कस्तो रह्यो भन्ने प्रसङ्ग मात्र यहाँ नियाल्ने प्रयास गरिएको छ।

मानवअधिकारको मान्यता तथा राजनीतिक दलहरूको सहमतिमा निर्माण गरिएको निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरूलाई यहाँ चर्चा गर्न खोजिएको छ।

निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट निर्वाचनमा स्वच्छ शान्तिपूर्ण प्रतिस्पर्धा गरिनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै निर्वाचन आचारसंहिता जारी गरिएको हुन्छ। संविधानसभा निर्वाचनका लागि पनि ०६४ भदौ २ गते निर्वाचन आयोगबाट स्वीकृत गरिएको संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०६४ माघ २ गतेदेखि लागु हुने गरी जारी गरिएको थियो।

निर्वाचन आचारसंहिता जारी भइरहेको अवस्थामा यस क्षेत्रअन्तर्गत तराईका ६ वटा जिल्ला (धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मधेश अधिकारको लागि गठित राजनीतिक दलहरूले विभिन्न माग राखी गरिएका "बन्द" हड्ताल, र माओवादीका कार्यकर्ताहरूको आधार इलाका दावी गर्दै अन्य राजनीतिक दलहरूद्वारा आयोजित चुनावी सभाहरू बिथोल्ने, उम्मेद्वारहरूमाथि साङ्घातिक आक्रमण गर्ने कार्य निरन्तर भइरहे। ०६४ फागुन ३१ गते रामेछाप क्षेत्र नं. १ का नेकपा (एमाले) का तर्फबाट उम्मेद्वार बनेका देवशंकर पौडेलसहितको समूहलाई प्रिती गाविसमा गरिएको आक्रमण यस क्रममा सबैभन्दा पहिले गरिएको ठूलो आक्रमणको रूपमा लिन सकिन्छ। यस घटनाको सबै क्षेत्रबाट निन्दा र भर्त्सना गरिएपछि नेकपा (माओवादी) कै त्यस्ता खाले क्रियाकलाप गर्ने आफ्नो पार्टीको नीति नरहेको र पार्टीका तर्फबाट त्यस्ता किसिमका गतिविधिहरू हुन नदिने प्रतिबद्धता दोहऱ्याइरहे भने गाउँगाउँमा कार्यकर्ताहरूले आफ्ना सोही प्रवृत्तिहरू दोहोऱ्याइरहे।

रामेछापमै विभिन्न स्थानमा एमाले, जनमोर्चा र नेपाल काङ्ग्रेसद्वारा आयोजित चुनावी सभाका कार्यक्रम माओवादी पक्षको आक्रमणका कारण हुन सकेनन्। रामेछापका देवशंकर पौडेल मात्र होइन रसुवा जिल्लामा नेपाली काङ्ग्रेसका तर्फबाट उम्मेद्वार बनेका बालकृष्ण पौडेलसहित समूहमाथि पनि प्रचारको क्रममा हिँडिरहेको अवस्थामा माओवादीबाट आक्रमण गरियो।

सिन्धुपाल्चोक जिल्लामा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरालाई प्रचार कार्यक्रममा जान अवरोध गरी फर्काउने काम पनि माओवादी पक्षबाटै भए। धादिङ जिल्लाको केवलपुरमा नेकपा (एमाले) ले आयोजना गरेको चुनावी कार्यक्रममा माओवादी हस्तक्षेप भएपछि सो क्षेत्रमा नेकपा (एमाले) का तर्फबाट उम्मेद्वार बनेका राजेन्द्र पाण्डेलाई सशस्त्र प्रहरीले सुरक्षा दिएर काठमाडौं फर्काएको थियो। धादिङ जिल्ला क्षेत्र नं. २ बसेरीमा चुनावी कार्यक्रमबाटै भागी हिँडेका नेपाली

काङ्ग्रेसका कार्यकर्तालाई राति बास बसेको ठाउँमा गएर माओवादीका कार्यकर्ताले ०६४ चैत १४ गते बिहान ३ बजे माओवादी कार्यकर्ताले आक्रमण गर्दा आठजना भन्दा बढी काङ्ग्रेसी कार्यकर्ताहरू घाइते भएका थिए। यी र यस्तै घटना सुनियोजित ढङ्गबाट श्रृङ्खलाबद्ध रूपमा भइनै रहे। निर्वाचनकै दिन सर्लाही जिल्ला गडैया मतदान केन्द्र नजिक अज्ञात समूहले गोली प्रहार गरी स्वतन्त्र उम्मेदवार शम्भुप्रसाद सिंहको हत्या गरे।

रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. २ का नेपाली काँग्रेसका उम्मेदवार राजपुर फरहथवा-४ का मोहम्द अफताफ आलमको घर नजिकैको एक गोठमा ०६४ चैत २७ गते बम विस्फोट हुँदा सोही जिल्ला सरुअठा गाविसका २२ वर्षीय पिन्टु भन्ने त्रिलोक प्रताप सिंह र सरुअठा गाविस-९ का २३ वर्षीय बसी अख्तर मिया र नाम नखुलेका एक भारतीय नागरिकको घटनास्थल मै मृत्यु भएको अन्य कयौं हताहत भएका आशंका गरिएको छ । बुथ कब्जा गर्ने प्रयोजनको लागि बम वितरण गर्ने क्रममा सो घटना भएको आशंका गरिएको छ। पीडित परिवार र अन्य राजनीतिक दलले सो घटनाको छानविन गरी दोषीहरूलाई कारबाही गरिनु पर्ने माग गर्दै आएका छन्।

नुवाकोट, चितवन, सर्लाही, महोत्तरी लगायतका जिल्लाका केही मतदानमा विभिन्न घटना भएका कारण पुन: मतदान गरिएको छ। रामेछाप, काभ्रे, धादिङ लगायतका केही मतदान केन्द्रहरूमा माओवादीका कार्यकर्ताहरूले अन्य पार्टीका प्रतिनिधिहरुलाई समेत बस्न नदिई एकलौटी रूपमा मतदान भएको भन्दै त्यस्ता केन्द्रहरूमा पुन: मतदानको माग गरिएको भए पनि सुनुवाई भएन। त्यस्ता ठाउँमा बसेका निर्वाचन पर्यवेक्षकहरूले टुलुटुलु हेर्न बाध्य भए।

यसले जनतामा भय र त्रासको बीच सम्पन्न निर्वाचनमा स्वभाविक रूपले मतदाताहरूले भय मुक्त भएर मतदान गर्ने उपयुक्त वातावरण बन्न सकेन।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ लगायतका सन्धिले प्रत्येक नागरिकलाई उनीहरूले रूचाएको राजनीतिक विचार अभिव्यक्त गर्ने तथा देशभित्र स्वतन्त्रता पूर्वक हिँडडुल गर्न पाउने अधिकार प्रत्याभूति गरेको छ। यसैगरी निर्वाचन आचारसंहिता ०६४ मा पनि राजनीतिक दल वा उम्मेद्वार वा तिनका संस्थाहरूले अरू दलका उम्मेद्वारहरूले आयोजना गरेको जुलुस वा आमसभा विथोल्ने वा बाधा पुऱ्याउन हुँदैन। कसैले पनि मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा कसैका पनि इच्छा विपरीत मतदान गर्न बाध्यात्मक पारिनु दुवैमा भने जस्तो कुरा प्रष्टसँगले उल्लेख गरिएको छ तर विडम्बना दलहरूले आफ्नै लागि आफूहरूले नै तयार पारेको आचारसंहिता र मानवअधिकारको विश्वव्यापी मान्यताको विपरित क्रियाकलाप गर्न उद्दत रहे।

सिन्धुपाल्चोकबाट प्रकाशित हुने सिन्धुसन्देश पत्रिका ०६४ चैत २६ गते बजारमा आउनै नपाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिए। यस्ता खाले घटनाबाट नेपाली जनताको सूचनाको हक तथा प्रेस अभिव्यक्ति स्वतन्त्रताको समेत उल्लङ्घन भयो।

यसबीच भएका कुनै पनि घटनाका दोषीहरूलाई सरकारले कानुनी कारबाही गर्न सकेन। यसले दण्डहीनताको संस्कृतिले प्रश्रय पायो।

*(गौतम इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौंका क्षेत्रीय संयोजक हुन्।)*

## चुनाव प्रचारको क्रममा उम्मेदवारहरूमाथि नै आक्रमणका केही घटनाहरू

रामेछापमा नेकपा (एमाले) का संविधानसभा सदस्यको प्रत्यक्ष निर्वाचनका उम्मेद्वार सैपु गाविस निवासी देवशंकर पौडेललगायत उनका सहयोगीलाई ०६४ फागुन २९ गते प्रिती गाविस-२ मा वाईसीएल कार्यकर्ताले आक्रमणमा गरी गम्भीर घाइते बनाए। सैपु गाविस निवासी निकास भनिने हेमन्तमणी पौडेलको नेतृत्वमा रहेको टेके सार्की, उद्धव पौडेललगायत करिब ४०-५० जनाको समूहमा रहेको वाईसीएल कार्यकर्ताले चुनाव प्रचार प्रसारको लागि घरदैलो कार्यक्रम गर्नेक्रममा ढुंगा, लाठिसहितको आक्रमण गरेका थिए। उक्त आक्रमणमा परी एमालेका चित्रबहादुर कार्की, शान्तिप्रसाद पौडेल, कुलबहादुर दर्जी, सहदेव बस्नेत, राजु कार्कीलगायत १५ जना घाइते भए।

जनमोर्चा नेपालबाट काभ्रे क्षेत्र नम्बर १ का संविधानसभा सदस्य उम्मेद्वार मादनकुँडारी गाविस- ८ निवासी अन्तरिम विधायक कमानसिं लामालाई ०६४ चैत १८ गते नेकपा एकीकृतका कार्यकर्ताले बुढाखानी गाविस-४ मा बास बसेको स्थानमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। घटनामा मेच्छे गाविस-१ का राज लामा, मेच्छे गाविस-४ का कमल लामा, भीमखोरी गाविस-४ का नरमान लामा र मादनकुडाँरी गाविस-१ का चन्द्र लामासमेत घाइते भए। घाइत सबैको काठमाडौंस्थित वीर अस्पतालमा उपचार गरियो। फोक्सिङटार गाविसका चमारसिँह मोक्तानको घरमा बास बसेको समयमा एकीकृतका कार्यकर्ता बनखु गाविस-६ का सागर लामा, टेकबहादुर बल, मानध्वज घलान, युदु लामा र काजी मोक्तानले आक्रमण गरेका थिए।

भुमेस्थान गाविस- ४ सल्लेमा एमालेका उम्मेद्वार राजेन्द्रप्रसाद पाण्डेसहितको टोलीलाई चुनाव प्रचार प्रसारको समयमा ०६४ चैत ७ गते साँझ वाईसीएल कार्यकर्ताले आक्रमण गरे। सो आक्रमणमा परी ४२ वर्षीय कृष्ण थापा, ३५ वर्षीय शिव रिजाल, ऋषिराज रेग्मी सहित पाँचजना घाइते भए।

नुवाकोटबाट संविधानसभा सदस्यमा निर्वाचित तथा अर्थमन्त्री रामशरण महतलाई ०६५ वैशाख २ गते निर्वाचित भएपछि निर्वाचन क्षेत्र घुम्ने क्रममा गणेशस्थान गाविस- ७ स्थित डटेलबेशी नजिक पुग्दा वाईसीएलका करिब १ सय कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। वाईसीएल कार्यकर्ताले हानेको ढुंगाले लागि मन्त्री महतको टाउकोमा चोट लग्यो भने अन्य दुईजना घाइते भए।

रसुवा जिल्लाका नेपाली काङ्ग्रेसका तर्फबाट संविधानसभा सदस्य उम्मेद्वार बालचन्द्र पौडेललगायत १९ जनालाई चैत्र १९ गते वाईसीएल कार्यकर्ताले संविधानसभाको चुनाव प्रचार-प्रसार अभियानका क्रममा भोर्ले गाविसको किमारजोङ डाँडामा कुटपिट गरी घाइत बनाए।

# परिवेश भयभीत तर निर्वाचन शान्तिपूर्ण

मधु पन्थी

**चुनावअघि केही स्थानहरूमा माओवादी पक्षबाट भएका ज्यादतिपूर्ण गतिविधिका कारण शायद कमैले आशङ्का गरेका थिए होलान की चैत २८ गतेको चुनाव त्यति शान्तिपूर्ण हुन्छ भनेर। तर एउटा सत्य कुरा के हो भने चुनावअघि माओवादी पक्षबाट भएका ज्यादतीपूर्ण घटनाका कारण चैत २८ को चुनाव भयभितको वातावरणमा शान्तिपूर्ण तवरले सम्पन्न भयो। भलै यो चुनाव जतिसुकै भययुक्त वातावरण र धाधलीपूर्ण भएको हो भनेर चिच्याए पनि यो चुनावले राष्ट्रिय साथसाथै अन्तर्राष्ट्रिय रूपमै वैधता पाइसकेको छ।**

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराले विशेषत: संविधानसभा चुनावपूर्व, चुनावको दिन र चुनावपछिको अवधिमा मानवअधिकारको अवस्थाको पर्यवेक्षण गर्‍यो।

"हाम्रो अभियान: स्वतन्त्र र भयरहित वातावरणमा मताधिकार" भन्ने मूलनाराका साथ इन्सेक पोखराले यस क्षेत्रभर आफ्नो अभियान सञ्चालन गर्‍यो। यसैक्रममा आफूले रोजेको दल र उम्मेद्‌वारलाई स्वतन्त्र, भयरहित वातावरण र गोप्यरूपमा मतदान गर्न पाउनु सबैको अधिकार हो भन्दै जनवकालतका साथ यस क्षेत्रका मनाङ-मुस्ताङदेखि सबै जिल्लामा सचेतना अभियान सञ्चालन गर्‍यो। सोअन्तरगत मताधिकारको वकालत गर्दै इन्सेक केन्द्रीय कार्यालयद्वारा तयार पारिएको पोस्टर, पर्चा, पुस्तिकालगायतको व्यापक मात्रामा वितरण तथा प्रचार-प्रसार गरियो। कस्ता उम्मेद्‌वार र दललाई भोट दिने भन्ने सम्बन्धमा पनि स्वतन्त्र र निष्पक्ष तरिकाले मतदाता तथा नागरिकलाई सचेत तुल्याइयो। साथसाथै "स्वतन्त्र, निष्पक्ष, भयरहित एवम् सहभागितामूलक निर्वाचनका निम्ति इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको अपिल" सहितको प्रर्चा प्रकाशन गरी जिल्ला जिल्लामा व्यापक मात्रामा वितरण पनि गरियो। कामविशेषले कुनै पनि गाउँमा हाम्रा कार्यकर्ता जाँदा त्यस वरपर रहेका नागरिकलाई उनीहरूको गोप्य मताधिकारको बारेमा सचेत तुल्याइने कार्य पनि गरिएको थियो।



विशेषगरी हामीले यो संविधानसभा निर्वाचनलाई केन्द्रबिन्दु बनाएर यस अवधिमा यस पश्चिमाञ्चल क्षेत्रको मानवअधिकारको अवस्था तथा निर्वाचकीय वातावरणको अवलोकन, अनुगमन तथा पर्यवेक्षण नजिकबाट गर्‍यौं र सो क्रममा चुनावपूर्व, चुनावको दिन र चुनावपछिको अवस्था यस्तो पायौं।

**चुनावपूर्वको अवस्था**

संविधानसभा निर्वाचनको तिथि नजिकिँदै जाँदा पनि पश्चिमाञ्चल क्षेत्रमा राजनीतिक दलहरूबाट निर्वाचन आचारसंहिता विपरीतका कार्यहरू तथा मानवअधिकार विरोधी क्रियाकलापहरू रोकिएको थिएन। यस क्षेत्रको तराई भेगका कपिलबस्तु, नवलपरासी र रूपन्देही जिल्लामा आपराधिक घटना वृद्धि भएका थिए। साथै तराईका यी जिल्लाहरूमा हत्या, अपहरण, बम विस्फोट जस्ता मानवअधिकार विरोधी घटनाहरू समेत

पछिल्लो अवधिसम्म जारी रहेको थियो। यसै अवधिमा कपिलबस्तु जिल्लामा माओवादी कार्यकर्ताको गोली प्रहारबाट हत्या भयो। सो घटनाको सत्यतथ्य बुझ्न इन्सेक पोखराको टोली घटनास्थल गएको थियो। घटनाको तत्काल छानविन गरी दोषीलाई कारबाही र पीडितलाई न्याय दिलाउन सरकार तथा स्थानीय प्रहरी-प्रशासनले त्यति तदारुकताका साथ काम-कारबाही अगाडि नबढाएको सो टोलीले प्रतिवेदन सार्वजनिक गर्‍यो। त्यसभन्दा अघि अर्घाखाँची जिल्लामा पनि माओवादी कार्यकर्ताको हत्या भएको थियो। सो घटनाको सत्यतथ्य बुझ्न हाम्रो टोली घटनास्थल गई घटनाको यथार्थ विवरणसहितको प्रतिवेदन सार्वजनिक गरेको थियो।

इन्सेक क्षेत्रीय कार्यालयमा स्थापना गरिएको सूचना केन्द्रमा आचारसंहिता विपरीत तथा मानवअधिकार विरोधी घटनाहरूको ठूलो सङ्ख्यामा अभिलेख भयो। जसमा नेकपा (माओवादी) अग्र पङ्क्तिमा रहेको थियो। त्यसपछि नेकपा (एमाले), नेपाली काङ्ग्रेस तथा राष्ट्रिय जनमोर्चा क्रमैसँग रहे। तराईमा सङ्घर्षरत सशस्त्र समूहहरूबाट मानवअधिकार उल्लङ्घनका घटना भएको पाइयो।

विशेषगरी उम्मेद्वार तथा पार्टी कार्यकर्ताको अपहरण, कुटपिट, मतदातालाई धम्की, एकले अर्काको चुनावी सभा बिथोल्ने, अन्य दल वा उम्मेद्वारको प्रचार-प्रसारमा अवरोध गर्ने, पोष्टर च्यात्ने, भित्तेलेखन नमेटाउँने, जस्ता निर्वाचन आचारसंहिता विपरीतका क्रियाकलापहरू यस क्षेत्रमा बढी मात्रामा भएको पाइयो। उपरोक्त अभिलेखअनुसार यी क्रियाकलाप निर्वाचन आचारसंहिताको बुँदा नं ११, १६, ३३ र ३५ को अत्याधिक उल्लङ्घन भएको हाम्रो ठम्याइ रह्यो। साथै थुप्रै घटनाबाट व्यक्तिको बाँच्न पाउने नैसर्गिक अधिकारसमेत उल्लङ्घन भयो।

यस क्षेत्रको मनाङ र मुस्ताङ, यी दुई जिल्लाबाहेक इन्सेक पोखराको टोली यस क्षेत्रका १४ जिल्लामा चुनावअघिको चुनावी वातावरणको वस्तुगत स्थिति बुझ्न जिल्ला भ्रमणमा गएको थियो। यस क्षेत्रका स्याङ्जा, पाल्पा, म्याग्दी, कास्की, रूपन्देही, नवलपरासी, कपिलबस्तु, मनाङ, मुस्ताङ र लमजुङ जिल्लामा केही छिटपुट घटनाबाहेक चुनावी अभियान सबैको राम्रै रह्यो। यी जिल्लाहरूमा हामीलाई सबै राजनीतिक दलका नेता तथा उम्मेद्वारले सौहार्दपूर्ण वातावरणमा सबैको चुनावी अभियान अगाडि बढेको जानकारी गराएका थिए। गुल्मीको क्षेत्र नं. ३ र तनहूँको क्षेत्र नं. १ बाहेक यी जिल्लाका अन्य क्षेत्रहरूमा सबै दल तथा उम्मेद्वारको चुनावी अभियान सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। तर अर्घाखाँची, गोरखा, पर्वत र बाग्लुङ जिल्ला भने चुनावी अभियानभर सँधै तनावपूर्ण नै रहिरहे। यी जिल्लाहरूमा निर्वाचन आचारसंहिता विपरीतका घटना पनि ज्यादै नै भएको तथ्याङ्कले प्रष्ट पारेको छ। यस क्षेत्रका कास्की, पाल्पा, स्याङ्जा, मनाङ, मुस्ताङ र म्याग्दी जिल्ला भने चुनावी अभियानमा नमूनाका जिल्लामा चित्रण गर्न योग्य रहेको ती जिल्लाको अनुगमनको क्रममा हामीलाई राजनीतिक दलदेखि प्रहरी-प्रशासन, आमनागरिक, नागरिक समाजका प्रतिनिधिलगायत सबैले जनाए।

अर्घाखाँची र गोरखा जिल्लामा माओवादीबाहेक अन्य दलले सहज रूपमा चुनावी अभियान सम्पन्न गर्न नै पाएनन्। गोरखा जिल्लामा त अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई समेत चुनावी वातावरणको अनुगमन गर्नबाट रोक लगाइयो भने मानवअधिकारकर्मी, पत्रकार र राष्ट्रिय पर्यवेक्षकले थुप्रै दुःख व्यहोर्नु पर्‍यो। त्यस्तै गुल्मी जिल्लाको क्षेत्र नं. ३ र तनहूँ जिल्लाको क्षेत्र नं. १ मा माओवादीले अन्य दलका उम्मेद्वारलाई विभिन्न स्थानमा प्रवेश नै निषेध गर्ने काम गरे। बाग्लुङ जिल्लामा विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता तथा तिनका समर्थकबीच पटकपटक झडपहरू भए। जसले गर्दा सौहार्दपूर्णरूपमा कसैको पनि चुनावी अभियान अगाडि बढ्न सकेन। चुनावी अभियानको क्रममा शक्तिबान् दल तथा उम्मेद्वारले कमजोरलाई थिचोमिचो गर्ने गरेको पाइयो।

विभिन्न पक्षबाट राष्ट्रिय रूपमा फैलाइएका हल्लाहरू जस्तै: "कस्ले-कस्लाई भोट दियो भन्ने कुरा दुरबिनले हेर्न सक्ने", "माओवादीले नजिते पुन: जङ्गल फर्कने" लगायतका अफवाहहरूबाट यस क्षेत्र पनि प्रभावित बन्यो नै। यस्ता अफवाहहरूबाट आममतदाता सशङ्कित बने। यसका अलवा माओवादी पक्षबाट विपक्षी दल तथा उम्मेद्वारका कार्यकर्ता, समर्थक र मतदातालाई आफ्नो पक्षमा मत खसाल्न उर्दी जाहेर गरेका घटनाहरू पनि सार्वजनिक भए। चुनावको अघिल्लो दिनसम्म पनि राजनीतिक दलहरू संवेदनशील भई आफ्ना चुनावी गतिविधिलाई स्वस्थ प्रतिस्पर्धात्मक ढङ्गले सञ्चालन गरी जनताको मताधिकारको उपभोग गर्ने भयरहित वातावरणको सुनिश्चितता गराउन सकेनन्।

**चुनावको दिनको अवस्था**

बहुप्रतिक्षित चैत २८ गतेको दिन, प्रत्येक जिल्लामा इन्सेक जिल्ला प्रतिनिधिहरू सजगतापूर्वक र तदारुकताका साथ खटिरहेका थिए। बिहानैदेखि कुन बुथमा कस्तो वातावरण छ भन्ने बारेमा जिल्ला जिल्लाबाट सूचना क्षेत्रीय कार्यालयमा प्राप्त भइरहन्थ्यो। तिनै सूचनाको आधारमा हामीले आवश्यकतानुसार क्षेत्रीयस्तरमा र केन्द्रीय स्तरमा सरोकारवालाहरूको ध्यानाकर्षण गराएका थियौं। त्यसरी चुनावको दिन बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म हामी प्रत्येक जिल्लासँग नियमित सम्पर्कमा रह्यौं। जिल्लागत प्रतिवेदनको आधारमा चैत २८ गते यस क्षेत्रको सबैभन्दा बढी अर्घाखाँची जिल्ला, दोस्रोमा गोरखा जिल्ला, तेस्रोमा बाग्लुङ जिल्ला र चौंथोमा नवलपरासी जिल्लामा मतदान प्रक्रियामा बढी अवरोध पुर्‍याइनुका साथै गोप्य मताधिकारको व्यापक मात्रामा उल्लङ्घन भएको खबरहरूको ओइरो लाग्यो। गोरखा जिल्लाबाहेक अन्य जिल्लाका केही मतदान केन्द्रमा त्यसदिन मतदान स्थागित गरी

अर्को पटक मतदान कार्य सम्पन्न गरियो।

यस क्षेत्रका अधिकांश जिल्लाहरूमा यसपटकको मतदान प्रक्रियामा उत्साकजनक रूपमा महिलाहरूको सहभागिता रह्यो। चुनावलाई प्रतिकूल असर पार्ने गरी चुनावअघि विभिन्न पक्षबाट फैलाइएका अफवाहहरूको प्रभावबाहेक तथा केही जिल्लामा छिटपुट घटनाहरू अलावा सो चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भएको जिल्ला जिल्लाको रिपोटिङ छ।

हामी कास्की जिल्लामा चुनावको दिन विभिन्न निकाय, पक्ष तथा व्यक्तिहरूको सूचनाको आधारमा संवेदनशील भनिएका बुथहरूमा गई अनुगमन तथा पर्यवेक्षणसमेत गर्‍यौं। प्राय: प्रत्येक बुथमा पर्यवेक्षकहरू थिए। हामी उहाँहरूसँगै सूचना लिन्थ्यौं। अनुगमन तथा पर्यवेक्षणको क्रममा केही बुथमा जाँदा एकदमै शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा मतदान प्रक्रिया अघि बढेको पर्यवेक्षकहरूले बताउँथे। चुनावको दिन स्वयम्सेवकहरूले अपाङ्ग, अशक्त, बृद्धाहरूलाई सहयोग गरिरहेको हामीले पायौं।

बाग्लुङका जिल्लाका ११, अर्घाखाँची जिल्लाका तीन र नवलपरासी जिल्लाको एक गरी पश्चिमाञ्चल क्षेत्रमा १५ वटा मतदान केन्द्रमा निर्वाचन स्थगित भयो। अर्घाखाँचीका १३ वटा मतदान केन्द्रमा माओवादीले विपक्षीहरूको मत खस्न असहज परिस्थिति सिर्जना गरे। बाग्लुङ जिल्लाको राङखानी गाविस, खुङ्गा गाविस र मालिका गाविसअन्तर्गतका ११ मतदान केन्द्रमा असहज परिस्थिति उत्पन्न भएपछि मतदान स्थगित गरियो। नवलपरासी जिल्लाको तमसरिया गाविसस्थित एउटा मतदान केन्द्रमा स्वयम्सेवक एवम् कर्मचारीले मतदातालाई आफैंले लगेर मतदान गर्न लगाएको भन्दै माओवादीले विरोध जनाएपछि मतदान स्थगित भयो। अर्घाखाँची जिल्लाको बल्कोट गाविसको अम्बर प्राविको मतदान केन्द्रमा माओवादीले मतपेटिका कब्जा गरी आगजनी गरेपछि मतदान स्थगित भएको थियो। त्यसैगरी जुकेना गाविसस्थित सुदा माविको मतदान केन्द्रको मतपेटिका माओवादीले जलाएपछि मतदान स्थगित भयो।

बाग्लुङ जिल्लामा बुथ कब्जा गर्ने क्रममा एक राजनीतिक दल र अर्कोबीच झडपहरू समेत भए। त्यसैक्रममा र खुङ्गा र राङखानी गाविसस्थित बुथमा राष्ट्रिय जनमोर्चा, एमाले र नेकपा (एकीकृत) का कार्यकर्ताबीच झडप हुँदा एमालेका पाँचजना र नेकपा (एकीकृत) का एक जना गरी छ जना कार्यकर्ता घाइते भए। नवलपरासी जिल्लाको क्षेत्र नं ४ स्थित स्वाँठी गाविसको पचभैयास्थित मतदान केन्द्र परिसरमा चुनाव-प्रचार गरेको आरोपमा एमालेका सोही क्षेत्रका उम्मेद्वार बैजनाथ चौधरी र कार्यकर्ता वीरेन्द्र यादवलाई माओवादीको मुस्लिम मुक्ति मोर्चाका कार्यकर्ताले कुटपिट गरी घाइते तुल्याए। कास्की जिल्लाबाट पाँचजना र रूपन्देही जिल्लाबाट चारजना गरी नौजना वाईसीएलका कार्यकर्तालाई प्रहरीले मतदान केन्द्र वरिपरि हतियारसहित हिँडेको अवस्थामा गिरफ्तार गर्‍यो।

हामी पुगेको केही बुथमा मतदान गर्न भनेर बुथमा गएका केही मतदाताहरू "आफ्नो नाममा पहिलेनै अरु कसैले मत हाली सकेको" भन्दै आक्रोशित हुँदै फर्किएको हामीले देख्यौं। कति मानिसहरू "विगतका चुनावमा आफूले भोट हाल्न पाएको तर पनि यसपटक मतदाता नामावलीमा नाम नभएको" भन्दै निराश हुँदै फर्किएको हामीले देख्यौं। केही बालबालिकाले अरुको नाममा मतदानसमेत गरेको हामीले पायौं। उमेर नपुगेको स्पष्ट पहिचान हुनसक्नेलाई समेत बुथमा खटिएका एजेण्ट, स्वयंमसेवक, कर्मचारी तथा मतदान अधिकृतले समेत बिनारोकटोक मतदान गर्न दिएका थिए। कुनै कुनै बुथमा हेर्दा १८-१९ वर्षको लाग्ने युवा पनि ५०-६० वर्षको नामावलीमा नाम भएको मतदाताको नामबाट मत हालेको हामीले स्पष्ट देख्यौं। तर त्यस बखत उम्मेद्वारका प्रतिनिधिहरूले वास्तविक मतदाता हुन् वा होइनन् अथवा अरु कसैको

**संविधानसभा निर्वाचनको तिथि नजिकिँदै जाँदा पनि पश्चिमाञ्चल क्षेत्रमा राजनीतिक दलहरूबाट निर्वाचन आचारसंहिता विपरीतका कार्यहरू तथा मानवअधिकार विरोधी क्रियाकलापहरू रोकिएको थिएन। यस क्षेत्रको तराई भेगका कपिलबस्तु, नवलपरासी र रूपन्देही जिल्लामा आपराधिक घटना बृद्धि भएका थिए। साथै तराईका यी जिल्लाहरूमा हत्या, अपहरण, बम विस्फोट जस्ता मानवअधिकार विरोधी घटनाहरू समेत पछिल्लो अवधिसम्म जारी रहेको थियो। यसै अवधिमा कपिलबस्तु जिल्लामा माओवादी कार्यकर्ताको गोली प्रहारबाट हत्या भयो।**

नाममा मत हाल्न पो आएको हो कि ? भनेर सोधपुछ गरेको देखिएन। कुनैकुनै बुथमा मतदाताहरूले गोप्य मतदान नगरी स्पष्ट खुला रूपमा मतदान गरेको समेत देखियो। कुनै कुनै बुथमा हामी पुग्दा केही मानिसहरू जोडतोडका साथ औँलाको मसी मेटाइरहेको समेत हामीले पायौँ।

चुनावको दिन हामीले अनुगमन गरेका धेरै बुथहरूमा बुथबाहिरपट्टि ठूलो सङ्ख्यामा युवाहरूको जमात देखिएको थियो जसले गर्दा मतदातादेखि सबैका निम्ति त्रासमय वातावरण बनेको थियो। मतदान केन्द्रनजिक नै स्पष्टसँग देखिने चुनाव चिन्हसहितका वालपेन्टि पनि मतदानको दिनसम्म नमेटाइएको हामीले देख्यौँ।

मतदाताहरूसँग मतदान प्रतिक्रिया बुझ्दा मतदाता शिक्षा तथा सचेतनामा कमी रहेको पाइन्थ्यो। केही मतदाताहरूले मतपत्रमा औँठा छाप लगाउन औँठामा मसि दल्न लागेको देखी हामीले केहीलाई "मतपत्रमा औँठाले होइन स्वस्तिक छाप लगाउनुपर्छ", भनेर बताएका थियौँ। मत हाल्न स्पष्ट परिचय खुल्ने कार्ड वा परिचय-पत्र साथमा लिएर कमै मात्रले गएका थिए। जसको अभावमा मत हाल्नेले आफ्नै नाममा मत हाल्यो वा अन्यकै नामबाट मत हाल्यो खुल्न सक्ने अवस्था नै थिएन।

**चुनावपछिको अवस्था**

मतदान प्रक्रियापछि हामीले मतगणना र मतगणनास्थल समेतको अनुगमन गर्‍यौँ। मतगणनामा मतपत्र हेर्दा मतदाता शिक्षा तथा सचेतना निकै नै कमी भएको अनुभव हामीलाई भयो। कुनै मतपत्रमा औँठा छाप हानिएको हामीले देख्यौँ। कुनै अथवा धेरै बदर मतपत्रमध्येमा धेरै चाहीं एउटै मतपत्रमा दुईटा चिन्हमा स्वस्तिक छाप हानिएको हामीले देख्यौँ। कुनै कुनै मतपत्रमा त दुई भन्दाबढी चिन्हमा छाप हानिएको पनि हामीले देख्यौँ। कुनैमा दुई चिन्हको बीचमा पर्ने गरी छाप हानिएको, कुनै कुनैमा छाप नै नहानिएको, कुनै कुनैमा कलमले टिक दिइएको हामिले पायौँ। अथवा कुनै कुनै मतपत्रको पछाडिपट्टि बिना चिन्हमा छाप हानेको हामीले भेटायौँ। कुनैकुनै मतपत्रमा मतदान अधिकृतको छाप नै नभएको हामीले पायौँ। त्यस्तै एउटा उदाहरणको रूपमा कास्की जिल्लाको क्षेत्र नं. १ को दर्जनौं मतपत्रमा अधिकृतको हस्ताक्षर नै थिएन।

संविधानसभाको चुनाव सम्पन्न भएपछि पश्चिमाञ्चल क्षेत्रका केही जिल्लाहरूमा राजनीतिक हिंसाका घटनाहरूको बृद्धि भएको र त्यस्ता घटनाका दोषीहरूले उन्मूक्ति पाईरहेको हामीसँग रहेको घटनाक्रम अभिलेखको विश्लेषण गर्दा पत्ता लाग्छ। चुनावपछिको अवधिमा पश्चिमाञ्चल क्षेत्रमा विपक्षी दल वा उम्मेद्वारको चुनावी कार्यक्रममा सहभागी भएको तथा आफ्नो दल वा उम्मेद्वारलाई सहयोग नगरेको आरोपमा एकले अर्को राजनीतिक दलका कार्यकर्ता तथा समर्थकमाथि आक्रमण गर्ने, कुटपिट गर्ने र धम्की दिने जस्ता मानवअधिकार विरोधी घटनाहरू जारी रहे।

चुनावपछिको अवधिमा पश्चिमाञ्चल क्षेत्रमा दुईजना राजनीतिक कार्यकर्ताको हत्यासमेत भएको छ। यसैक्रममा माओवादी, काङ्ग्रेस र राष्ट्रिय जनमोर्चा पक्षबाट मानिसलाई कुटपिट गरी घाइते तुल्याएको अभिलेख इन्सेक क्षेत्रीय कार्यालयमा रहेको छ। त्यसरी आक्रमणका घटना हुनेमा बाग्लुङ जिल्ला पहिलो स्थानमा, गोरखा जिल्ला दोस्रो स्थानमा, पर्वत जिल्ला तेस्रो स्थानमा तथा कपिलबस्तु जिल्ला चौथो स्थानमा रहेका छन्।

कास्की जिल्लाको सैमज्याङ गाविस- ३ का एमाले कार्यकर्ता ऋषिराम सुवेदी चैत २८ गतेको चुनावमा मतदान गरी घरतर्फ फर्कंदै गर्दा नकाबधारी अज्ञात व्यक्तिहरूबाट हत्या भयो। उनी चुनावको अवधिमा एमालेको तर्फबाट स्वयम्सेवकको रूपमा खटिएका थिए। नवलपरासी जिल्लाको क्षेत्र नं. ४ मा संविधानसभा निर्वाचनको निम्ति राप्रपा नेपालका उम्मेद्वार (पराजित) बच्चासिंह भन्ने रुद्रबहादुर सिंहलाई वैशाख ६ गते बिहान हतियारधारी अज्ञात व्यक्तिहरूले उनी घरमै बसिरहेको बेला गोली प्रहार गरी हत्या गरेका थिए। यी दुवै घटनाका पीडकहरूलाई अझसम्म पनि प्रहरी-प्रशासनले पक्राउ गर्न सकेको छैन।

जे होस् हामी आमनागरिक अहोरात्र खटी संविधानसभाको चुनाव सफल बनायौँ। त्यो पनि ऐतिहासिक शान्तिपूर्ण। चुनावअघि केही स्थानहरूमा माओवादी पक्षबाट भएका ज्यादतिपूर्ण गतिविधिका कारण शायद कमैले आशङ्का गरेका थिए होलान की चैत २८ गतेको चुनाव त्यति शान्तिपूर्ण हुन्छ भनेर। तर एउटा सत्य कुरा के हो भने चुनावअघि माओवादी पक्षबाट भएका ज्यादतीपूर्ण घटनाका कारण चैत २८ को चुनाव भयभितको वातावरणमा शान्तिपूर्ण तवरले सम्पन्न भयो। भलै यो चुनाव जतिसुकै भययुक्त वातावरण र धाँधलीपूर्ण भएको हो भनेर चिच्याए पनि यो चुनावले राष्ट्रिय साथसाथै अन्तर्राष्ट्रिय रूपमै वैधता पाइसकेको छ। अन्ततः विगतका कमजोरीबाट पाठ सिक्दै भविष्यमा सचेत भई त्यस्ता गल्ती पुनः हुन नदिनुनै सबैको महानता हुनेछ।

भविष्यमा हुने निर्वाचन भयरहित र निष्पक्ष तवरले सम्पन्न गर्नका निम्ति दलहरूले नयाँ सँस्कारको सुरुवात गर्नुपर्ने छ। उनीहरूले आफ्ना चुनावी अभियानहरू स्वस्थ-प्रर्तिस्पधात्मक पद्धतीनुसार लैजानुपर्ने अनिवार्य छ। दलहरूले चुनावी रणनीतिको रूपमा अघि सार्ने गलत अभ्यासहरू तथा अफवाहहरूको समयमै चिर्नुपर्ने र मतदाताहरूलाई सचेत तुल्याउनु पर्ने छ। मतदाता सचेतना अभियान प्रभावकारी रूपमा प्रत्येक ग्रामीण गाउँगाउँमा लैजानुपर्ने हुन्छ। अनिवार्य तवरले परिचयपत्रको व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने छ।

*(पन्थी इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका क्षेत्रीय संयोजक हुन्।)*

# मानवअधिकारका दृष्टिमा मध्यपश्चिमाञ्चलमा संविधानसभाको निर्वाचन

भोला महत

**राज्यले आफ्ना सुरक्षा संयन्त्रहरूलाई प्रभावकारी रूपमा प्रत्येक मतदान केन्द्रमा पुऱ्याउन नसकेका कारण माओवादी बाहेक अन्य दलहरूले बुथ तथा मतदान केन्द्रमा आफ्ना प्रतिनिधिहरू राख्ने अवसर नै पाएनन्। जसका कारण अधिकांश स्थानहरूमा मतदाताहरूले स्वतन्त्र र भयरहित वातावरणमा भोट खसाल्न सकेनन्।**

नेपाली जनताले ५७ वर्ष अघिदेखि प्रतिक्षा गरेको संविधानसभाको निर्वाचन विभिन्न आशङ्काका बीचमा भर्खरै सम्पन्न भएको छ। अब कुनै बिघ्नबाधा भएन भने आगामी दुई वर्षमा जनताद्वारा अनुमोदित संविधान निर्माण हुनेछ। नेपालकै इतिहासमा पहिलोपटक सम्पन्न भएको संविधानसभाको निर्वाचनलाई मुलुकको भाग्य निर्माण गर्ने महान् अभियानको रूपमा नेपाली जनताले लिएका छन्। त्यसै भएर होला सारा नेपाली जनताले बडो चासो र खुशीका साथ यस अभियानमा सक्रिय सहभागिता जनाए। नेपालीले मात्र होइन, अन्तर्राष्ट्रिय जगतले समेत नेपालको शान्ति प्रक्रियाको एउटा महत्वपूर्ण खुट्किलोका रूपमा रहेको ऐतिहासिक संविधानसभालाई नजिकबाट नियाल्यो। विश्वभरका समाचार माध्यममा नेपालको विषयमा व्यापक चर्चा र परिचर्चाहरू भए। निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित सम्पन्न होस् भन्नका खातिर पर्यवेक्षणमा खटिएका लगभग ६५ हजार स्वदेशी तथा विदेशी पर्यवेक्षकहरूले पनि बढो जिम्मेवारीका साथ आ-आफनो भूमिका निर्वाह गरे। मानवअधिकार सङ्घ-संस्थाहरूले निर्वाचनमा केन्द्रित हुँदै समग्र मानवअधिकारको स्थितिको अनुगमन गरी त्यसको अभिलेखीकरणसमेत गरेका छन्।

ऐतिहासिक संविधानसभाको निर्वाचन समग्रमा सफलतापूर्वक सम्पन्न भएता पनि केही चुनौती र अपठ्याराहरू बीच मतदाताहरूले आफ्नो मतको प्रयोग गर्नुपर्ने अवस्थासमेत सिर्जना भयो। यस दौरानमा मतदाताहरूको स्वतन्त्र रूपले भोट खसाल्न पाउने अधिकार तथा निर्भिकतापूर्वक आफूले रोजेको पार्टी तथा उम्मेद्वारलाई मत दिने वातावरण भने राज्यले तयार गर्न सकेन। राज्यले आफ्ना सुरक्षा संयन्त्रहरूलाई प्रभावकारी रूपमा प्रत्येक मतदान केन्द्रमा पुऱ्याउन नसकेका कारण माओवादी बाहेक अन्य दलहरूले बुथ तथा मतदान केन्द्रमा आफ्ना प्रतिनिधिहरू राख्ने अवसर नै पाएनन्। जसका कारण अधिकांश स्थानहरूमा मतदाताहरूले स्वतन्त्र र भयरहित वातावरणमा भोट खसाल्न सकेनन्। निर्वाचनमा नागरिकले स्वतन्त्र, भयरहित वातावरणमा भाग लिनका लागि निर्वाचन पूर्वको वातावरणले महत्वपूर्ण अर्थ राख्दछ। यदि नागरिकहरूले आफनो मत खसाल्नुअघि राज्यले निर्वाचनपूर्व त्यसका लागि उपयुक्त वातावरण बनाउन सकेन भने नागरिक आफ्नो विवेक प्रयोग गर्न डराउनुपर्ने वातावरण सिर्जना भयो। मध्यपश्चिम क्षेत्रमा निर्वाचन आचारसंहिताको व्यापक उल्लङ्घन र मानवअधिकार ज्यादतीका घटनाहरू बाहिर आए। यस क्षेत्रमा दुईजना उम्मेद्वारको हत्या हुनुका साथै अपहरण, कुटपिट तथा धम्कीका घटनाहरू भए। मध्यपश्चिम क्षेत्रमा मात्र निर्वाचनकै मुखमा १३ जनाले ज्यान गुमाउनु पऱ्यो। मतदाताहरूले समेत मानसिक पीडाको शिकार हुनुपऱ्यो। कतिपय ठाउँहरूमा प्रचार प्रसारको क्रममा माओवादी बाहेक अन्य दलका नेता तथा कार्यकर्ताहरूले खुलेर आफ्नो पार्टीको चुनावी प्रचार-प्रसार गर्न पाएनन्।

२०६४ चैत २६ गते नेकपा एमालेबाट सुर्खेत क्षेत्र नम्बर १ का प्रत्यक्षतर्फका उम्मेद्वार ४५ वर्षीय ऋषिप्रसाद शर्माको मैनतडा गाविस-८ मा हत्या भयो। गोवरडिहा गाविस-४ मधेवामा चुनाव-प्रचार प्रसारको क्रममा पुगेका सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च दाङ क्षेत्र नं. १ का उम्मेद्वार ३० वर्षीय योगेन्द्र चौधरीलाई ०६४ चैत ११ गते स्थानीय माओवादीका कार्यकर्ता भक्त चौधरी लगायतका ५/६ जनाले ज्यान मार्ने धम्की दिए। दाङ जिल्ला चैलाही २ लमहीमा २०६४ चैत २६ गते साँझ अन्दाजी ७:४५ बजेको समयमा पूर्वगृहमन्त्री खुमबहादुर खड्काको सुरक्षार्थ गाडीमा बसेका सुरक्षाकर्मीहरूले गोली चलाउँदा ७ जना

**राजनीतिक दलहरूको आफ्नो चुनावी प्रचार-प्रसारको क्रममा निर्वाचन आचारसंहिताको उल्लङ्घन र मानवअधिकार ज्यादतीका घटनाहरू भइरहेको अवस्थामा अनुगमन र पर्यवेक्षणका लागि यस क्षेत्रमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरू सहर केन्द्रित देखिए। राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) र राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) जस्ता ठूला नेटवर्क भएका संस्थाहरूले भने धेरैजसो केन्द्रहरूमा आफ्ना पर्यवेक्षकहरू खटाइएको पाइयो। अतिदुर्गम कर्णाली अञ्चलका अधिकांश बुथहरूमा पर्यवेक्षण गर्न भने कोही पुग्न सकेनन्।**




माओवादी कार्यकर्ताको मृत्यु भयो। त्यस घटनामा सौडियार गाविस- ५ का २१ वर्षीय सित्तल चौधरी, बेला गाविस-३ सिरियानाका २५ वर्षका मीनबहादुर पुन, चौलाही गाविस-२ कोलहीका २२ वर्षीय जिउलाल चौधरी, राजपुर गाविस-९ भैसाहीनाका २४ वर्षीय पूर्णज सेन, चौलाही गाविस-२ कोलही गाविसका २८ वर्षीय लवरू चौधरी, राजपुर गाविस-९ भैसाहीनाका २५ वर्षीय चेतबहादुर बुढाथोकी, कोर्चावा रोल्पाका २२ वर्षीय अमर पुनले ज्यान गुमाउनु पऱ्यो। सोही घटनामा गोली लागि घाइते भएका चैलाही-४ का २२ वर्षीय दीपेन्द्र के.सी., बेला-५ का २० वर्षीय मीनबहादुर बुढाथोकी, सौडियार गाविसका १८ वर्षीय सुनेश चौधरी, त्रि.न.न.पा १० का १६ वर्षीय गोविन्द चौधरी, नारायणपुर- ३ का २२ वर्षीय किशोर चौधरी, त्रि.न.न.पा.-१० का बाँधु चौधरी, चौलाही-२ का १९ वर्षीय नुमाकान्त बोहरा, चौलाही -२ का १९ वर्षीय सोनु पाण्डे, चौलाही-२ का २९ वर्षीय किरण चौधरी, सल्यान कपुरकोटका १६ वर्षीय लेटमान खड्का हालसम्म पनि उपचारमा छन्। उनीहरूको पछिल्लो अवस्थाका बारेमा कसैले चासो देखाएका छैनन्।

हत्याको श्रृङ्खला एउटै जिल्लामा मात्र सीमित रहेन। संविधानसभा निर्वाचन बाँके क्षेत्र नं. २ राष्ट्रिय जनमोर्चाका उम्मेद्वार ५० वर्षीय कमल अधिकारीको ०६४ चैत ५ गते राति करिब १०.३० बजे चार जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले गोली हानी हत्या गऱ्यो। बाँकेको बेतहनी गाविस- ९ उडुवा (वावाकुटी) स्थित आफ्नै घरमा सुतिरहेको बेला हतियारधारी समूह घरभित्र प्रवेश गरी अधिकारीलाई चार राउण्ड



गोली हानेका थिए। राज्यले निर्वाचनमा उठेका उम्मेद्वारको त सुरक्षा दिन सकेन भने सामान्य नागरिकले कसरी सुरक्षाको अनुभूत गरे होलान्।

त्यसैगरी ०६४ फागुन २४ गते सल्यान जिल्लामा नेकपा माओवादीले खलङ्गाको टुँडिखेलमा आयोजना गरेको चुनावी सभाको सांस्कृतिक कार्यक्रममा खुकुरी प्रर्दशन गरेका थिए। साथै अन्य राजनीतिक दल तथा सङ्घसंस्थाका पर्यवेक्षकहरूलाई गालीगलौज गर्दै आफूहरू युद्धबाट आएको हुनाले कसैसँग नडराउने र पर्यवेक्षकहरूको समेत पर्यवेक्षण स्वीकार्य नहुने जस्ता भाषाहरू प्रयोग गरेका थिए।

रोल्पा जिल्ला गाम गाविस- ५ का ३९ वर्षीय माओवादी कार्यकर्ता टेकबहादुर बुढा मगर र उवा गाविस- ७ घर भई माओवादीद्वारा सञ्चालित जैमकसलाको जलजला सहकारीका सदस्य ३५ वर्षीय भक्तबहादुर विकलाई ०६४ चैत ५ गते तीनजनाको एक समूहले गोली हानी हत्या गरे। एकै समूह र हतियारबाट भएको रोल्पाको सो घटनाका पीडकका बारेमा कुनै जानकारी प्राप्त हुन सकेन। प्रहरीलै घटनाको अनुसन्धान जारी रहेको बतायो।

निर्वाचनका दिन अन्य दिनहरू भन्दा सामान्य जस्तो देखिए पनि अधिकांश जिल्लाहरूमा मतदाताहरूलाई डर देखाउने, आफ्ना पार्टीका चुनाव चिन्ह लेखिएका टिसर्ट प्रयोग गरी मतदान केन्द्रमा बस्ने, आचारसंहिताले बन्देज लगाएका सवालहरूमा बेवास्ता गरी मतदाताहरूलाई प्रभावित पार्ने जस्ता कामहरू पनि भए। यति हुँदाहुँदै पनि ऐतिहासिक संविधानसभाको निर्वाचनले सफलता पायो।

मध्यपश्चिम क्षेत्रको कुल मतदाता सङ्ख्या २१,९९,१६४ मध्ये १४,२१,७४२ मत खसेकोमा १३,६६,९८७ मत मात्र सदर भयो। जम्मा ३३ वटा सिटका लागि भएको प्रतिस्पर्धामा माओवादीले २७, नेकपा एमाले ले ३, नेपाली काङ्ग्रेसले १ र मधेसी जनअधिकार फोरमले २ सिटमा विजय हासिल गरे। प्रत्यक्षतर्फ जम्मा ३३ वटा सभासद् विजयी भएकामध्ये महिला ७ जना, पुरूष २६ जना रहेका छन् जसमा जनजातिको सङ्ख्या ७ रहेको छ भने मुस्लिम समुदायबाट १ जना विजयी बनेका छन्। त्यसै गरी समानुपातिकतर्फ संविधानसभा सदस्यका लागि विभिन्न दलहरूबाट चुनिएका जम्मा ४७ जनामध्ये पुरूष २४ जना र महिला २३ जना रहेका छन्। जसमा दलित ९, मधेसी २, जनजाति १३, मुस्लिम १ र ब्राह्मण/ क्षेत्री गरी जम्मा २२ जनाले प्रतिनिधित्व रहेका छन्।

संविधानसभाको निर्वाचन नेपाली जनताका लागि पहिलो अनुभव थियो। नागरिक समाज र राजनीतिक दलहरूले संविधानसभाका बारेमा आम मतदाताहरूलाई सचेत पार्ने काम हुनुपर्थ्यो त्यो हुन सकेन। संविधानसभाको महत्वभन्दा बढी दलगत प्रचारमा पार्टीहरू केन्द्रित भएका घटनाहरू धैरै भए। सामाजिक सङ्घ संस्थाहरूले पनि आफ्ना गतिविधिहरू शहर केन्द्रित गरे, संविधानसभा सचेतना कार्यक्रमहरू लैजाने क्रममा ग्रामीण तहका जनता कसैको प्राथमिकतामा परेनन्। निर्वाचन आयोगमार्फत् खटाइएका स्वयम्सेवकहरूले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन्। अधिकांश ठाऊँहरूमा स्वयम्सेवकहरू संविधानसभाको सचेतना दिनुका सट्टा राजनीतिक दलको प्रचार प्रसारमा लागेको पाइयो। राजनीतिक दलहरूको आफनो चुनावी प्रचार-प्रसारको क्रममा निर्वाचन आचारसंहिताको उल्लङ्घन र मानवअधिकार ज्यादतीका घटनाहरू भइरहेको अवस्थामा अनुगमन र पर्यवेक्षणका लागि यस क्षेत्रमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरू सहर केन्द्रित देखिए।

राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) र राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) जस्ता ठूला नेटवर्क भएका संस्थाहरूले भने धैरैजसो केन्द्रहरूमा आफ्ना पर्यवेक्षकहरू खटाइएको पाइयो। अतिदुर्गम कर्णाली अञ्चलका अधिकांश बुथहरूमा पर्यवेक्षण गर्न भने कोही पुग्न सकेनन्। यस क्षेत्रमा विशेष गरी राष्ट्रिय स्तरमा पर्यवेक्षण गर्ने संस्थाहरूमा नेमा, नियोक, डिन, पीपीसीसी, जियोक, नियोक नेपाल, नेपाल बार, रिलेक नेपाल, मानवअधिकार परिषद् लगायतका थिए भने अन्तर्राष्ट्रिय स्तरका पर्यवेक्षण गर्ने संस्थाहरूमा युरोपियन युनियन, कार्टर सेन्टर, अनमिन लगायतका थिए। साथै निर्वाचनकै दौरानमा मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्ने कार्यमा ओएचसिएचआर, राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक लगायतका संस्थाहरू संलग्न रहे।

ऐतिहासिक संविधानसभाको निर्वाचनमा भएका विविध चुनौतीका बीचमा पनि सफल भएको छ। यसलाई हामी सबै नेपालीहरूको सफलताका रूपमा लिनुपर्छ। तर नयाँ संविधान बनाउने जिम्मेवारी पाएका सभासद्हरूले जनताका सवालहरूलाई कसरी सम्बोधन गर्ने हुन् ? आर्थिक, समाजिक तथा सांस्कृतिक कारणले पछि पारिएका मानिसहरूको अधिकार सुनिश्चितका लागि कसरी काम हुने हो ? ०६२/०६३ को जनआन्दोलन र माओवादी जनयुद्धका दौरानमा जनताद्वारा उठाइएका माग तथा जनभावनालाई नयाँ बन्ने संविधानमा कसरी लिपिबद्ध गरिने हो ? सशस्त्र द्वन्द्व कालका पीडितहरूलाई राज्यले कहिले न्याय दिने हो ? मानवअधिकारको ज्यादती तथा उल्लंघन गर्ने पक्षहरूलाई राज्यले कानुनको कठघरामा कहिले उभ्याउने हो ? पीडितका पक्षमा मलमपट्टी लगाउनका लागि योजना कस्ता बन्ने हुन् ? यिनै यर्थाथबीच संविधानसभामार्फत् बन्ने नयाँ संविधानको प्रतिक्षामा छन् नेपाली जनता। अत: संविधान निर्माण प्रक्रियामा सबै जनजाति, दलित, मधेसी, महिला तथा पिछडिएका वर्गको सहभागिता कसरी गराउन सकिन्छ भन्ने चिन्ता सरोकारवाला सबैमा हुन जरूरी छ।

*(महत इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय संयोजक हुन् ।)*

# सुदूरपश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचनको अवस्था

खड्कराज जोशी

**संविधानसभा निर्वाचन अगाडि सरकारले शान्ति सुरक्षाको पूर्णरूपमा ग्यारेन्टी गर्न नसकेको भए पनि निर्वाचनका दिन सबै निर्वाचन क्षेत्र, केन्द्र र बुथमा सुरक्षाकर्मी परिचालन गरी शान्तिसुरक्षाको व्यवस्था गरिएको पाइयो। निर्वाचनलाई सहजरूपमा सम्पन्न गर्न सहयोगीका रूपमा निर्वाचन आयोगले स्वयम्‌सेवकहरूको पनि व्यवस्था गरेको थियो भने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षकहरूसमेत निर्वाचन केन्द्र र बुथको पर्यवेक्षणमा व्यस्त रहेको पाइयो।**

लामो समयको अन्तरालपछि ऐतिहासिक संविधानसभाको निर्वाचन केही छिटपुट घटनाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। विश्वले नै अत्यन्त चासो राखेको नेपालको संविधानसभा निर्वाचनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट बाक्लै अनुगमन तथा पर्यवेक्षण पनि गरिएको थियो। यसै सन्दर्भमा २१ ओटा निर्वाचन क्षेत्र रहेको यस सुदूरपश्चिमाञ्चल क्षेत्रमा पनि निर्वाचनपूर्व, निर्वाचनको दौरान र निर्वाचनपश्चात् मानवअधिकार र निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरूको पर्यवेक्षण तथा अनुगमन गरियो। अनुगमनका क्रममा सुदूरपश्चिमाञ्चल क्षेत्रका नौओटै जिल्लामा निर्वाचनको तीनओटै चरणमा पर्यवेक्षण र अनुगमन गरिएको थियो।

निर्वाचन सम्पन्न हुनुपूर्व यस क्षेत्रमा सबै राजनीतिक दलहरूबाट आचारसंहिता र मानवअधिकारका उल्लङ्घनका घटनाहरू भएका भए पनि उल्लेख्य र अप्रिय खटनाहरू भने भएको पाइएन। निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहीत बनाउन निर्वाचन आयोगले आचारसंहिता जारी गरे पनि आचारसंहिता विपरीत निर्वाचन प्रचारप्रसारमा बाधा पुर्‍याउने, अपहरण गर्ने आक्रमण गर्ने, झण्डा तथा प्रचार सामग्री नष्ट गर्ने, रङ्गीन फोटोसहितका पर्चा छपाउने, भारतीय नम्बरप्लेटका गाडीहरू प्रयोग गर्ने, उम्मेद्वारहरूलाई भौतिक आक्रमण गर्ने, आर्थिक प्रलोभन देखाउने, महिलाहरूमाथि अमानवीय व्यवहार, बालबालिकाको प्रयोग लगायतका आचारसंहिता उल्लङ्घनका घटनाहरूबाट यो क्षेत्र पनि अछूत रहन सकेन। डडेल्धुरा जिल्लामा राजनीतिक दलहरूबीच विवाद भई स्थिति तनावग्रस्त भएपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्युसमेत जारी गर्‍यो। निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र धाँधलीरहीत बनाउनका लागि राजनीतिक दलहरूले गरेका सहमति र सम्झौताहरू पूर्णरूपमा पालना नभएको पाइयो। यति हुँदाहुँदै पनि यस क्षेत्रमा हत्या र अप्रिय हिंसाका घटनाहरू भएको पाइएनन्।

निर्वाचनको अगिल्लो दिनसम्म तनावग्रस्त अवस्थामा रहेको सुदूरपश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचनका दिन भने अपेक्षाकृत शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएको पाइयो। सामान्य फाटफुट घटना बाहेक निर्वाचनका दिन अप्रिय घटनाहरू भएको पाइएन। संविधानसभा निर्वाचन अगाडि सरकारले शान्ति सुरक्षाको पूर्णरूपमा ग्यारेन्टी गर्न नसकेको भए पनि निर्वाचनका दिन सबै निर्वाचन क्षेत्र, केन्द्र र बुथमा सुरक्षाकर्मी परिचालन गरी शान्तिसुरक्षाको व्यवस्था गरिएको पाइयो। निर्वाचनलाई सहजरूपमा सम्पन्न गर्न सहयोगीका रूपमा निर्वाचन आयोगले स्वयम्‌सेवकहरूको पनि व्यवस्था गरिएको थियो भने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षकहरूसमेत निर्वाचन केन्द्र र बुथको पर्यवेक्षणमा व्यस्त रहेको पाइयो।

निर्वाचनका दिन मतदाताहरूलाई डर धम्की तथा जबरजस्ती मतदान गर्न बाध्य बनाइएको सूचना कहिकतैबाट पनि पाउन सकिएन। मतदाताहरू निशङ्कोचरूपमा मतदान कार्यमा व्यस्त देखिन्थे। राजनीतिक दलहरूद्वारा शक्ति प्रदर्शन गर्ने तथा बुथ क्याप्चर गर्ने कार्य

भएको पाइएन तर डोटी क्षेत्र नं. १ को बारापाटा मतदान केन्द्र र कैलाली क्षेत्र नं. ५ को कालीका मा.वि.चौमालामा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले २ पटक मतदान गरेको भनि अन्य पार्टीहरूले विरोध गर्दा करिब २ घण्टा निर्वाचन स्थगित भएको थियो त्यस्तै बझाङ जिल्ला क्षेत्र नं. २ रायल गाविसको गर्जेपानी मतदान केन्द्रमा नेकपा माओवादीका कार्यकर्ताले पनि २ पटक मतदान गरेको भनी अन्य पार्टीहरूले विरोध गर्दा करिव ३ घण्टा निर्वाचन स्थगित भएको थियो। निर्वाचन केन्द्रमा निर्वाचन आयोगले जारी गरेको समयभित्र निर्वाचन सम्पन्न भएको थियो। निर्वाचन कार्यालयका अनुसार यस सुदूरपश्चिमाञ्चल क्षेत्रमा ६५ प्रतिशत मतदान भएको थियो।

निर्वाचन सम्पन्नपश्चात् भौगोलिक विकटता र मतपेटिकाको सुरक्षा तथा मतपेटिका जिल्ला सदरमुकाममा ल्याउने कार्यको जिम्मा लिएको जनपथ प्रहरीको सक्रियताको कमिका कारण केही स्थानका मतपेटिका समयमा सदरमुकाम ल्याउन ढिला भएता पनि सवै निर्वाचन केन्द्रका मतपेटिकाहरू सुरक्षित रूपमा जिल्ला सदरमुकाम ल्याउने कार्य भएको थियो भने डडेल्धुरा जिल्ला बाहेक यस क्षेत्रका सम्पूर्ण निर्वाचन क्षेत्रको मतगणना कार्यमा राजनीतिक दलहरूबीच बिनाविवाद सम्पन्न भएको थियो। मतगणनापश्चात् घोषित परिणामलाई सबैले स्वीकार गरेका छन् तर डडेल्धुरा जिल्लामा भने नेपाली काङ्ग्रेसका विजयी उम्मेद्वार शेरबहादुर देउबाले धाँधली गरेर विजयी भएको भन्दै नेकपा माओवादीका प्रत्यासी खगराज भट्टले निर्वाचन बदर गरिपाउँ भनी निर्वाचन कार्यालयमा मुद्धा दायर गरेका छन्। सबै जिल्लामा विजय जुलुसहरू पनि शान्तिपूर्णरूपमा सम्पन्न भएता पनि बझाङ क्षेत्र नं. १ का नेकपा एमालेबाट निर्वाचित भानुभक्त जैशीको विजयी जुलुसमा सहभागी हुन आएका एमाले सर्मथक कार्यकर्ताहरूमाथि माओवादी कार्यकर्ताहरूले आक्रमण गरेपछि केहिबेर दोहोरो झडप भएको तर अप्रिय घटना भने भएन।

प्रत्यक्ष निर्वाचनअन्तर्गत २१ ओटा निर्वाचन क्षेत्र रहेको यस सुदूरपश्चिमाञ्चल क्षेत्रमा नेकापा माओवादीले १६ स्थानमा विजय हासिल गऱ्यो भने नेपाली काङ्ग्रेस र नेकपा एमालेले क्रमश: तीन र दुई स्थानमा मात्र विजय हात पाऱ्यो। यसै गरी समानुपातिकतर्फ पनि नेकपा माओवादीनै अगाडि रहृयो।

मतदान हुनुअघिका दिनहरूमा राजनीतिक दलहरूका बीच भइरहेको आक्रमण, असहमतिका कारण देखिएको तनावले संविधानसभा निर्वाचनको दिनलाई समेत नकारात्मक प्रभाव पार्न सक्ने अनुमान गरिएको भए पनि केही छिटफुट घटनाहरू बाहेक निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको थियो।

*(जोशी इन्सेक सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढीका क्षेत्रीय संयोजक हुन् ।)*

# स्व. सिंहप्रति श्रद्धाञ्जली



**प्रकाश मानवअधिकार पुरस्कार-०५५ बाट सम्मानित व्यक्तित्व वरिष्ठ अधिवक्ता तथा मानवअधिकारकर्मी रामानन्दप्रसाद सिंहको ०६५ वैशाख २५ गते भएको असामयिक निधनले हामीलाई दु:खित तुल्याएको छ । हामी स्व. सिंहप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा समवेदना प्रकट गर्दछौं ।**

**सुबोधराज प्याकुरेल**
अध्यक्ष तथा इन्सेक परिवार

# हत्याले निम्त्याएको आशङ्का

**जीवन्त वाग्ले**

नेकपा माओवादीद्वारा हत्या गरिएका रामहरि श्रेष्ठको हत्या प्रकरणमा नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनको निस्क्रियताको सम्वन्धमा दैनिक समाचार पत्रहरूमा फरक-फरक ढङ्गले समाचारहरू आइरहे। चितवनस्थित माओवादी तेस्रो डिभिजनको क्याम्पलगायत २१ सहायक शिविरस्थल र नेपाली सेनाका व्यारेकहरूमा अनमिनका हतियार अनुगमनकर्ताहरूले नियमित रूपमा अनुगमन गर्ने गर्छन्।

यसका साथै, एक-एकजना हतियार अनुगमनकर्ता, नेपाली सेनाका सदस्य र माओवादी सेनाका सदस्य रहेका दश संयुक्त अनुगमन टोलीहरूले जिल्लाहरूमा नियमित सम्पर्क, अनुगमन र अनुसन्धानका कार्य गर्नुपर्ने उसको कार्यादेश हो। तर, माओवादीले ०६५ वैशाख १५ गते उसलाई अपहरण गरि चितवनस्थित तेश्रो शिविरमा लगिएको माओवादीका शिविर कमाण्डर विविधले जनाएका छन्। अनमिनको सक्रिय उपस्थिति हुँदा हुँदै पनि मृतक श्रेष्ठको क्याम्पभित्र माओवादी जनसेनाको चरम यातनाका कारण वैशाख २८ गते हत्या गरेका थिए। अनिमनको २४ घण्टे उपस्थिति क्यान्टोनमेन्टमा हुनु र श्रेष्ठको हत्या हुनु गम्भीर विषय हुन पुगेको छ। यसले आम जनता विशेषगरी मानवअधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूलाई बढी गम्भीर बनाएको छ। एक तथ्याङ्कका अनुसार, रामहरि श्रेष्ठको हत्या मङ्सिर ५ गते माओवादीद्वारा जारी गरिएको शान्ति सम्झौतापछिको १९ औं हत्या हो।

एक वर्षका लागि नेपालमा काम गर्ने कार्यादेश पाएको अनमिनले माओवादीका क्यान्टोनमेन्ट भित्र २४ घण्टा रहेर उनीहरू हतियार तथा सेना व्यवस्थापन अनुगमनको सम्झौता बमोजिम यी स्थलहरूमा भण्डारण गरिएका हतियारको अनुगमन गर्नुपर्ने उसको दायित्व हो। अनुगमन तथा पर्यवेक्षण सहज अवस्थाका लागि हैन। यो विशेष परिस्थितिका लागि गरिने कार्य हो। नेपालमा अझै पनि शान्ति प्रक्रियाले मूर्त रूपमा पाउन सकेको छैन। संविधानसभा चुनावपछिका विविध खाले घटनाहरूले पनि अनमिनको भूमिकालाई कम आकलन गर्न मिल्दैन। अनमिनका सदस्यहरू माओवादी तेस्रो डिभिजन क्याम्प भित्र रहँदारहँदै पनि रामहरि श्रेष्ठको हत्या हुनु जस्ता घटनाले अनमिनको भूमिकामा नै प्रश्नचिह्न खडा हुन पुग्यो।

अनमिनको पहिलो कार्य भनेको माओवादी र नेपाली सेनाका हातहतियारहरूको प्रमाणीकरण गर्दै शान्ति प्रक्रियालाई सार्थक बनाउने हो। दोस्रो, राजनीतिक दलहरूको बीचमा भएका हतियारसम्बन्धी सम्झौताहरूको कार्यान्वयनको पक्षलाई समन्वायत्मका समितिमार्फत् सहयोग पऱ्याउने हो। अर्कोतिर, संविधानसभाका सञ्चालन र सम्पन्न गर्न प्राविधिक सहयोग पुऱ्याउँदै हतियार युद्धविरामका लागि अनुगमन तथा पर्यवेक्षण गर्ने हो।

लामो समयसम्म सशस्त्र युद्ध गरेको माओवादी बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा आस्था राख्दै जनताको चाहना पूरा गर्ने दायित्व बोकेको राजनीतिक दल अन्ततः पटक-पटक हत्या हिंसामा संलग्न भएको आरोप खेप्दै आएको घटनाक्रमले पुष्टि गरेको छ। माओवादीले शान्ति प्रक्रियामा आफ्नो भूमिका गहन भएको पुष्टि पनि संविधानसभा निर्वाचनमार्फत प्रष्ट पनि पाऱ्यो। यो मुलुकमा कम्युनिज्म आस्था विचार राख्नेहरू पनि छन् भन्ने कुरोलाई चरितार्थ पनि पाऱ्यो। तर, उसले आफूलाई समय, काल परिस्थिति अनुसार ढाल्न सकेन। कुनै वस्तु पाउनुभन्दा पनि पाएको वस्तुलाई संरक्षण गर्दै गुणात्मक निरन्तरता दिनु बढी चुनौतीपूर्ण हुन्छ। त्यसैले माओवादीले आगामी दिनहरूमा भैरवनाथ गण प्रवृत्ति नदोहोराइकन जनताको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्दै कानुनी शासनमा समाहित हुनुपर्ने भएको छ। यस्तै क्रियाकलाप दोहोऱ्याइरहयो भने माओवादीले आगामी दिनमा मुलुकको बागडोर सम्हाल्नका लागि पाएको जनादेश खेर नजाला भन्न सकिन्न। वधशालाको उपमा दिइएको बहुचर्चित भैरवनाथ गणको छनक यस घटनाले दिन खोजेको हो कि भन्ने आभाष पाउन सकिन्छ जहाँ ४९ जनालाई निर्मम यातना दिई हत्या गरिएको थियो।

अनमिनको भूमिकालाई एउटा घटनाबाट अवमूल्यन गर्न मिल्दैन किन कि उसले नेपालमा शान्ति स्थापनार्थ चालेको कदमहरू सराहनीय छन्। अनमिनको कार्यादेशलाई केलाउने भने शान्ति प्रक्रियालाई संस्थागत तवरले स्थापित गर्न सञ्चालनमा ल्याएका प्रक्रियाहरूको कारणबाट पनि संविधानसभाको निर्वाचन सफल हुन पुगेको हो। अनमिनले आफ्नो अन्तिम म्याद गत पुससम्म पाएको हो तर, राजनीतिक दलहरूको आग्रहमा जुलाई २२ गतेसम्म उसको कार्यलाई महत्वका साथ लम्वाइएको हो। त्यसैले अनमिनले आफू नेपाल नछाड्दासम्म अझ सशक्त ढङ्गले आफ्नो कार्यलाई अगाडि बढाउनुपर्ने देखिन्छ। माओवादीले क्याम्पमा लगी सर्वसाधारणको हत्या गर्ने जस्ता प्रवृत्ति दोहोऱ्याइरहे भने अनमिनको भूमिका अझ सशक्त हनुपर्ने छ। अनमिनले श्रेष्ठको हत्यासम्वन्धमा आन्तरिक छानबिन गर्ने भएको छ। अनिमिनले ढिलै भएपनि सत्य, तथ्य पत्ता लगाई सार्वजनिक गरी माओवादीको कमजोरी औंलाएको छ। यदि घटनासम्बन्धमा तदारुकता नदेखाएको भए अनमिनको साखमा नै शङ्का गर्ने स्थिति नआउला भन्न सकिन्थ्यो। अनमिनले यो वा त्योसँग नजिक वा टाढा भन्दा पनि घटनाको तथ्यपरक, वस्तुपरक ढङ्गबाट आफ्नो कार्य सम्पन्न गर्नुपर्छ जुन उसको कायदिश हो।

# मानव स्वतन्त्रताको विश्व सुरूवात र नेपालमा संवैधानिक व्यवस्था

प्रकाश घिमिरे

**सन् १२१५ मा पहिलो पटक व्यक्तिका स्वतन्त्रताहरूलाई बेलायती नागरिकहरूले अक्षरमा लेख्ने काम गरे। नेपालमा भने त्यसको झण्डै साढे सात सय वर्षपछि लेख्ने काम भयो। नेपालमा नागरिक स्वतन्त्रताको सवाल प्राचीनकालदेखि नै अभ्यासमा भएता पनि यसलाई संवैधानिक रूपमा व्यवस्था गर्न थालिएको भने २००४ साल देखि हो।**

**१. स्वतन्त्रताको अर्थ र विश्वमा यसको विकासक्रम**

मानिसको अधिकार र स्वतन्त्रता यही नै हो भनेर किटानका साथ परिभाषित गर्न कठिन छ। यो समयसापेक्ष र परिवर्तनशील विषय हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा १ मा सबै मानिसहरू पहिचान र अधिकारको दृष्टिले समान रूपमा जन्मेका हुन्छन्, तिनीहरूका विचार शक्ति र अन्तस्करणलाई भातृत्व भावले समान रूपले व्यवहार गरिनुपर्दछ भन्ने उल्लेख छ।[1] उक्त घोषणापत्र अनुसार स्वतन्त्रता भन्नाले मानिसका अधिकारहरू प्रयोग गर्नको लागि अर्काको अधीन तथा दासत्वबाट मुक्त रहेको अवस्थालाई जनाउँछ। त्यसैगरी बेलायतको स्वतन्त्रताको महाअधिकारपत्र १२१५ ( Magna-carta 1215 ) मा पनि सम्पत्तिसम्बन्धी अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकार, जथाभावी सजाय विरुद्धको अधिकार, स्वतन्त्र र निष्पक्ष पुर्पक्षको अधिकारलाई समेटेको पाइन्छ। मानवअधिकार र स्वतन्त्रताको विकास राष्ट्रिय आन्दोलनको रूपमा भएको पाइन्छ। मानवअधिकार र स्वतन्त्रताको अवधारणा उत्पन्न हुनुभन्दा धेरै पहिले नै विभिन्न राष्ट्रहरूको राष्ट्रिय कानुनभित्र मानवअधिकार र स्वतन्त्रताको विकास भैसकेको पाइन्छ। राष्ट्रिय कानुनअन्तर्गत व्यक्तिगत अधिकार र स्वतन्त्रताको विकास गर्नमा मानिसको प्राकृतिक अधिकारको सिद्धान्तको व्याख्याले महत्वपूर्ण योगदान पुऱ्याएको थियो। मानिसका प्राकृतिक अधिकारहरूलाई प्राकृतिक कानुन, दैवी कानुन, नैतिक कानुन, उचित तर्कको कानुन, अलिखित कानुन, प्रथाजनित कानुन, आदिको रूपमा व्याख्या गरिएको पाइन्छ। प्राकृतिक कानुन व्याख्याका दुई पक्षहरू रहेका थिए।

तानाशाही व्यवस्थाको विरोध गर्नु र अधिकतम व्यक्तिगत स्वतन्त्रताको वकालत गर्नु।

कतिपय विद्वान्हरू खासगरी अरिष्टोटल, हब्स, मोन्टेस्क्यूले प्राकृतिक कानुनभन्दा प्रत्यक्ष कानुनको वकालत गरे। प्रत्यक्ष कानुनमा व्यक्तिगत स्वतन्त्रताको अवधारणा, कानुनको सर्वोच्चताको सिद्धान्त र उचित कानुनी प्रक्रियाको सिद्धान्त गरी तीन प्रमुख अवधारणाको विकास भयो। यी अवधारणाहरूको आधारमा विभिन्न समयमा विभिन्न राष्ट्रहरूको राष्ट्रिय कानुनमा व्यक्तिगत स्वतन्त्रता र अधिकारको प्रत्याभूति गर्ने विभिन्न नियमहरू समावेश हुनथाले।[2]

सन् १२१५ मा आएको स्वतन्त्रताको महा-अधिकारपत्र ले व्यक्तिको सम्पत्तिको अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकार, जथाभावी सजाय विरुद्धको स्वतन्त्रता, र स्वतन्त्र र निष्पक्ष पुर्पक्षको अधिकारलाई मुख्य नागरिक स्वतन्त्रताको रूपमा उल्लेख गरेको छ। यी बुँदाहरू मानव स्वतन्त्रताका लागि प्रथम लिखित दस्तावेज हुन्। सन् १६६४ मा जोन मिल्टनले धार्मिक स्वतन्त्रता, आन्तरिक स्वतन्त्रता र नागरिक स्वतन्त्रतालाई मान्छेका मुख्य स्वतन्त्रता भने। उनको यस विचारले लेख्ने, बोल्ने, छाप्ने लगायतका स्वतन्त्रताहरूको पक्षमा वकालत गरेकोले यसले प्रेस स्वतन्त्रताको विकासमा महत्वपूर्ण योगदान पुऱ्यायो।[3] स्वतन्त्रता सम्बन्धी यी दस्तावेजहरू आएपछि विश्वमा नै यसको महत्व महसुस गर्न थालियो। तर प्रथम विश्वयुद्धपछि स्थापित लिग अफ नेसन्स र दोस्रो विश्वयुद्धपछि स्थापित संयुक्त राष्ट्र सङ्घको स्थापनापश्चात् स्वतन्त्रता तथा मानवअधिकारको व्यवस्थित अवधारणालाई नीतिगत र व्यवहारिक रूपमा मूर्तरूप दिने कार्यको सुरुवात भयो। अनि मात्र मानवस्वतन्त्रलाई विश्वव्यापी रूपमा मानिसका अधिकारको रूपमा मान्न थालियो।

**२. नेपालमा स्वतन्त्रतासम्बन्धी संवैधानिक विकासक्रम**

राणा शासनको निरङ्कुशतालाई पराजित नगरी नागरिक अधिकार र स्वतन्त्रता प्राप्त गर्न नसकिने भएकाले नेपाली जनता निरङ्कुशताको विरोधमा एकजुट हुँदै गए र राणा शासनको विरुद्धमा देशभर क्रान्ति हुँदै गयो। बनारसमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस स्थापना भएर यो राणाहरूको विरुद्धमा लाग्यो। देशको यस्तो वातावरणलाई रोक्न राणा प्रधानमन्त्री पद्म शम्शेरले वि.सं.२००४

१. मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र

२. Tripathi,Dr. Haribansh,Fudamental Rights and Judicia Review In Nepal,Pairavi Prakashan,2002,Kathmandu

३. सर्वोच्च अदालत स्वर्ण महोत्सव स्मारिका

मार्ग १३ गते नेपाल सरकारको वैधानिक कानुन २००४ घोषणा गरे। वि.सं. २००५ साल बैशाख १ गतेदेखि लागू हुने भनिएको यस कानुनलाई ६ भाग ६८ धारा १ अनुसूचीमा विभाजन गरिएको थियो। नेपालको संवैधानिक विकास क्रममा यस वैधानिक कानुनलाई पहिलो लिखित संविधान मानिन्छ। यस संविधानमा व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशनसम्बन्धी स्वतन्त्रता, भेला हुने र छलफल गर्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र कानुनको उपयोगको समानता, छिटोछरितो न्याय प्राप्त गर्ने स्वतन्त्रता, नि:शुल्क कानुनी उपचारको हक, मताधिकारको हक र व्यक्तिगत सम्पत्तिको सुरक्षा आदिको व्यवस्था गरिएको थियो। नेपाल सरकारको वैधानिक कानुन २००४ ले नेपालमा पहिलोपटक नागरिक अधिकार र स्वतन्त्रताको अवधारणा विकास गऱ्यो। तर तिनीहरूको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन। किनकि राणाहरू नागरिकलाई स्वतन्त्रता दिन होइन देखाउन मात्र चाहन्थे। संवैधानिक उपचारको सम्बन्धमा कुनै व्यवस्था नगरेको कारण वैधानिक कानुनबाट प्रधान न्यायालयको स्थापना गरेता पनि सर्वसाधारणको लागि सुलभ र सरल कानुनी उपचार पाउनु सम्भव थिएन। यसले केवल परम्परागत निरङकुश हुकुमी शासन व्यवस्थालाई कानुनको आधारमा अझ दमन गर्ने खालको वातावरण वातावरण प्रदान गरेको पाइन्छ। तर पनि यस संवैधानिक विकासले केही हदसम्म प्रजातान्त्रिक शैलीमा शासन चलाउन राणाहरूलाई बाध्य गरेको देखिन्छ। यस अवधिलाई प्रजातान्त्रिक शासन व्यवस्थातर्फ अगाडि बढेको सङ्क्रमणकालको रूपमा यस नेपाल सरकारको वैधानिक कानुन २००४ लाई लिन सकिन्छ।

**२.१ नेपाल सरकारको वैधानिक कानुन २००४ र नागरिक स्वतन्त्रता**

नेपालको पहिलो संविधानको रूपमा आएको नेपाल सरकारको वैधानिक कानुन २००४ को भाग २ को धारा ४ र ५ मा मौलिक हकहरू उल्लेख गरिएको छ। धारा ४ मा अन्य हकहरूसँग मिसाएर केही स्वतन्त्रता पनि उल्लेखित छन्। यहाँ उल्लेखित स्वतन्त्रता यस्ता छन् : लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ-संस्थाको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, व्यक्तिगत सम्पत्ति संरक्षणका स्वतन्त्रता उल्लेख गरिएको छ। यो मौलिक हकलाई हेर्दा राणाकालीन संविधानले व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता गरी ५ वटा स्वतन्त्रताको व्यवस्था गरेको पाइन्छ। यो संविधान नेपाली नागरिकका स्वतन्त्रता उल्लेख गर्ने पहिलो संविधान भए पनि स्वतन्त्रताको भावनालाई कार्यान्वयन गर्ने सन्दर्भमा भने धेरै पक्ष खट्किएको पाइन्छ।

**२.२ नेपालको अन्तरिम शासन विधान २००७ मा स्वतन्त्रताको व्यवस्था**

नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको राणाविरोधी आन्दोलन सफल भएपछि दिल्ली सम्झौता भयो। यस सम्झौतापछि राजा त्रिभुवनबाट २००७ साल फागुन ७ गते ऐतिहासिक घोषणा भयो। १०४ वर्षे राणा शासनको अन्त्य भयो। नयाँ संविधानको महसुस गरी नेपालको अन्तरिम शासन विधानको घोषणा २००७ साल चैत्र १९ गतेदेखि लागू हुने गरी गरियो। नेपालको संवैधानिक विकासक्रमका दोस्रो लिखित संविधानको रूपमा मानिएको यस विधानमा मौलिक अधिकार र स्वतन्त्रताको स्पष्ट रूपमा व्यवस्था नगरी भाग २ मा राज्यका नीतिनिर्देशक सिद्धान्तअन्तर्गत धारा १६ मा नागरिक अधिकारको रूपमा स्वतन्तत्रताको व्यवस्था गरिएको थियो। यसअन्तर्गत वाक र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्ण तरिकाले विना हालहतियार भेला हुने र सभा सम्मेलन गर्न पाउने स्वतन्त्रता,
सङ्घ-संस्था खोल्न पाउने स्वतन्त्रता, नेपालको जुनसुकै भागमा बसोबास गर्न पाउने स्वतन्त्रता, नेपाल अधिराज्य भरी विना रोकतोक आवतजावत गर्न पाउने स्वतन्त्रता, सम्पत्ति आर्जन गर्ने, उपभोग गर्ने, बेचबिखन गर्न पाउने स्वतन्त्रता र कुनै उद्योग व्यवसाय रोजगार गर्न पाउने स्वतन्त्रता। नेपालको अन्तरिम शासन विधान २००७ मा गरिएका नागरिक स्वतन्त्रताको व्यवस्थाको अध्ययनबाट अधिकारहरूको वर्णन उत्साहजनक रूपमा भएको पाइन्छ। तर यसको कार्यान्वियन पक्ष भने निराशाजनक रहेको थियो।

**२.३ नेपाल अधिराज्यको संविधान २०१५ र स्वतन्त्रताको व्यवस्था**

नेपालमा प्रजातन्त्र आईसकेपछि २०१५ सालमा दोस्रो प्रजातान्त्रिक संविधान आयो। नेपालको संवैधानिक विकास क्रममा यो तेस्रो लिखित संविधान रहेको थियो। वि.सं. २०१५ साल फाल्गुण १ गते राजा महेन्द्रबाट नेपाल अधिराज्यको संविधान २०१५ नामबाट जारी भयो। नेपाल अधिराज्यको संविधान २०१५ को भाग ३ मा मौलिक हकसम्बन्धी व्यवस्था गरिएको पाइन्छ। उक्त संविधानमा कानुन बमोजिम बाहेक कसैको पनि जिउज्यान तथा सम्पत्तिको अपहरण गरिने छैन भनी उल्लेख गरी नागरिक हकअधिकारको व्यवस्था, नागरिकहरूका मौलिक हकको उल्लङ्घन भएमा संवैधानिक उपचार जस्ता कुराहरूको व्यवस्था गरेबाट यो संविधान मानवअधिकार र स्वतन्त्रताको सवालमा महत्वपूर्ण रहेको मान्न सकिन्छ। यो संविधानमा व्यक्तिगत स्वतन्त्रता, धार्मिक स्वतन्त्रताको हक, अभिव्यक्ति स्वतन्त्रताको हक, विना हातहतियार भेला हुने स्वतन्त्रताको हक, सङ्घसंस्था खोल्ने स्वतन्त्रता र नेपालको कुनै पनि भागमा घुम्न वा बसोबास गर्न पाउने स्वतन्त्रता। नेपाल अधिराज्यको संविधान २०१५ को प्रावधान अनुरूप नै राजा महेन्द्रले राज्यको सम्पूर्ण शक्ति आफ्नो हातमा लिई जननिर्वाचित सरकार र निकायहरूलाई ध्वस्त बनाउँदै पञ्चायती शासन व्यवस्था राजाको सक्रियतामा २०१७ सालमा लागू गरे र उनले नेपालको संविधान २०१९ जारी गरे।

**२.४ नेपालको संविधान २०१९ र स्वतन्त्रताको व्यवस्था**

२०१९ सालमा राजा महेन्द्रले नेपालको संविधान २०१९ जारी गरे। यो संविधानको भाग ३ मा धारा ९ देखि धारा १७ सम्म मौलिक कर्तव्य र हकहरू उल्लेख

गरिएको छ। मौलिक हकअन्तर्गत धारा ११ मा स्वतन्त्रताको हक स्पष्ट उल्लेख गरिएको छ। यसअन्तर्गत मुख्य रूपमा ५ वटा स्वतन्त्रता उल्लेखित छन्। वाक र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्ण विना हातहतियार भेला हुने स्वतन्त्रता, सङ्घ-संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र सम्पति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गरी वा अरु किसिमले उठाउन पाउने स्वतन्त्रता मुख्य थिए। यी स्वतन्त्रतालाई सीमित गर्नका लागि अन्य किसिमका प्रावधानहरू पनि उल्लेख गरिएको छ। यो संविधानलाई हेर्दा नागरिकका स्वतन्त्रताहरू देखिए पनि त्यसको आसपासमा उल्लेखित प्रावधानहरूले नागरिकका स्वतन्त्रताको निर्वाध उपयोगलाई यो संविधानले कटौती गरेको छ। जवाफदेहिता र जिम्मेवारी एक व्यक्तिप्रति मात्र केन्द्रित भएको देखिन्छ। २०१७ देखि २०४६ सालसम्म वास्तविक नागरिकको स्वतन्त्रता नेपाली जनताहरूले उपभोग गर्न पाएनन्। आखिर २०४६ सालमा पञ्चायती निरङ्कुशता ढली प्रजातान्त्रिक परिपाटीको व्यवस्था सुरु भै छाड्यो। यसपछि नागरिक स्वतन्त्रताको प्रत्याभूतिसहित नेपाल अधिराज्यको संविधान २०४७ तयार भयो।

### २.५ नेपाल अधिराज्यको संविधान २०४७ मा स्वतन्त्रतासम्बन्धी व्यवस्था

नेपाल अधिराज्यको संविधान २०४७ लाई त्यसपूर्वका अन्य संविधानहरूभन्दा बढी प्रजातान्त्रिक र मानवअधिकारको संरक्षणको हिसावले उत्कृष्ट संविधानको रूपमा स्वीकार गरिएको पाइन्छ। यसअघिको संविधानले व्यवस्था गरेको मृत्युदण्डको सजायलाई पूर्णरूपले खारेज गर्दै जीवनको अन्त्य हुने गरी कानुन बनाउन नपाउने व्यवस्था गरेको छ। यस संविधानको भाग ३ मा मौलिक हकका रूपमा नेपाली नागरिकलाई प्रदान गरिने विभिन्न हकअधिकारको व्यवस्था गरिएको पाइन्छ। यी अधिकारलाई संविधानमा नै स्पष्ट व्यवस्था गरी सामान्य कानुनको आधारमा हरण गर्न नसकिने गरी बनाइएको छ। यो संविधानमा नेपाली नागरिकका स्वतन्त्रताका अधिकारलाई भाग ३ मा रहेको मौलिक अधिकारमा उल्लेख गरिएको छ। यस भागको दोस्रो क्रम अर्थात् धारा १२ मा स्वतन्त्रतासम्बन्धी मुख्य पाँच वटा अधिकारलाई उल्लेख गरिएको छ।

विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, सङ्घ-संस्था खोल्न पाउने स्वतन्त्रता, अधिराज्यभरी आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता मुख्य छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ ले व्यवस्था गरेका धेरैजसो नागरिक अधिकार र स्वतन्त्रताको पक्षलाई नेपाल अधिराज्यको संविधान २०४७ ले आत्मसात गरेको छ। तर यस संविधानले जनतालाई सर्वेसर्वा राजकीय शक्तिको स्रोत बनाउन सकेको छैन। दोस्रो जनआन्दोलन २०६३ पछि नेपालमा पहिलो पटक ऐतिहासिक रूपमै संसदले राजाका सम्पूर्ण अधिकारहरू कटौती गरी संसदको घोषणा २०६३ जारी गऱ्यो। २०६३ साल माघ १ गते जारी गरिएको संविधानमा नागरिक स्वतन्त्रताका अधिकारलाई व्यवस्थित गरिएको छ।

### २.६ नेपालको अन्तरिम संविधान २०६३ मा स्वतन्त्रतासम्बन्धी व्यवस्था

जनआन्दोलन २०४६ ले पश्चात् नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनतालाई स्वतन्त्र र अधिकारयुक्त बनाउन गरेको प्रयास र जनआन्दोलन २ को सफलतापछि संसदले जारी गरेको संसदको घोषणा २०६३ ले प्रदान गरेका नेपाली जनताको स्वतन्त्रता र मानवअधिकारको संरक्षणको लागि जनआन्दोलनपछि संयुक्त रूपमा गठन भएको नेपाल सरकारले नेपालको अन्तरिम संविधान २०६३ तयार गरी संसदले यसलाई अनुमोदन गरिसकेको छ। नेपालको अन्तरिम संविधान २०६३ मा स्वतन्त्रताको अधिकारलाई भाग ३ मा मौलिक हकअन्तर्गत पहिलो क्रममा अर्थात् धारा १२ मा उल्लेख गरेको छ। यी स्वतन्त्रताहरू ६ वटा छन्। विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा सङ्गठन खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता यो संविधानमा उल्लेखित मुख्य स्वतन्त्रता हुन्।

### ३. निष्कर्ष

सन् १२१५ मा पहिलो पटक व्यक्तिका स्वतन्त्रताहरूलाई बेलायती नागरिकहरूले अक्षरमा लेख्ने काम गरे। नेपालमा भने त्यसको झण्डै साढे सात सय वर्षपछि लेख्ने काम भयो। नेपालमा नागरिक स्वतन्त्रताको सवाल प्राचीनकालदेखि नै अभ्यासमा भएता पनि यसलाई संवैधानिक रूपमा व्यवस्था गर्न थालिएको भने २००४ साल देखि हो। त्यसयता २०६३ सालसम्म आईपुग्दा जम्मा छवटा संविधानहरू बनाइए। यिनीहरूमा भएको स्वतन्त्रताको अधिकारलाई हेर्दा छवटा संविधानमा नै धेरै समानता पाइन्छ। तर व्यवहारमा हेर्यौं भने प्रजातान्त्रिक संविधान र निरङ्कुश संविधानमा धेरै भिन्नता देखिन्छ। त्यसैले स्वतन्त्रतालाई संविधानमा उल्लेख गर्नुमात्र नागरिकको स्वतन्त्रतालाई प्रत्याभूत गर्नु होइन। यसको कार्यान्वयनका लागि राज्यले कस्तो संयन्त्र बनाउँछ, यसलाई व्यवहारिकता प्रदान गर्ने कस्तो इच्छा राख्छ, त्यो पक्ष स्वतन्त्रताको रक्षाका लागि अझ महत्वपूर्ण हुन्छ भन्ने कुरा नेपालका छवटा संविधानलाई विश्लेषण गर्दा थाहा हुन्छ।

**सन्दर्भ-सामग्री**

१. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९९८
२. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयद्वारा प्रकाशित सामग्रीहरू
३. पन्त, सुधानाथ, नेपालको कानुनी व्यवस्था र प्रजातन्त्रको विकासको दर्पण, जुरिष्ट एण्ड कम्पनी, २०६३, काठमाडौं
४. घिमिरे, ओमप्रकाश, नेपालमा नागरिक स्वतन्त्रतासम्बन्धी संवैधानिक व्यवस्था : एक अध्ययन, शोधपत्र, एलएलबी तेस्रो वर्ष, २०६४।
५. नेपालका संविधानहरू (वि.स. २००४ देखि २०६३ सम्मका)

# मानवअधिकारका रूपमा अभिव्यक्ति स्वतन्त्रताको हक

## १. पूर्वाञ्चल

**रेनुका राई**
**किमालुङ- १ भोजपुर**

अभिव्यक्ति स्वंतन्त्रताको प्रत्याभूतिका लागि सरकारका सवैखाले सकारात्मक या नकारात्मक कुरामाथि बोल्न र प्रश्न उठाउन पाइने अधिकार कानुनमा लेखिएको हुनुपर्छ। जसले गर्दा सरकारले सुधने मौका पाउँछ। किनकि अभिव्यक्ति स्वतन्त्रताको हक व्यक्तिको नैसर्गिक अधिकार हो। यसबाट कसैलाई वञ्चित गरिनु हुँदैन। कोही कानुनी दायरामा तलमाथि ठूलासाना हुनुहुँदैन। एउटा व्यक्तिको हत्या गर्दा गरीब र सोझो नागरिक जसरी २० वर्ष जेलजीवन भोग्न सहर्ष स्वीकार गर्छ, त्यसरी नै दण्डित हुन्छ गरिन्छ। तर यतिबेला ठूलो र धनको नाममा गैरजिम्मेवार काममा मानवता विरोधी कार्यमा पनि उनीहरू खुलेआमा हिड्न पाउछ। यस्ता व्यवस्थाको पनि अन्त्य गरीनुपर्‍यो। कानुनको नजरमा वरावर भन्ने कुरालाई कानुनी दस्तावेजमा मात्र होईन अव: लागु गराउन पर्ने किटानीका साथ कानुनमा उल्लेख गरीनुपर्‍यो। कानुनलाई आफ्नो हातमा राखेर निर्दोष जनतामा खेलवाड गर्ने त्यस्ता व्यक्तिको विरुद्धमा पनि स्पष्ट कानुनमा अव लेखिनुपर्छ। यति अधिकार जनतामा निहित हुनुपर्छ नभए त्यो अभिव्यक्ति स्वतन्त्रको हक नभएर पुरानै तानशाह हुन्छ। जसलाई अभिव्यक्ति स्वतन्त्रको हक भन्न मिल्दैन। अभिव्यक्ति स्वतन्त्रतालाई संस्थागत गर्ने पर्ने प्रमुख अभिभारा राजनीतिक दलहरूको हो। सरकार र कानुन नीति निर्माण तहमा राजनीतिदलहरू नै पुग्दछन्। सरकार उनीहरू नै बनाउँछन्। त्यसैले दलहरूले एक अर्काका पारस्परिक विरोधहरूलाई हटाई हरेक सर्वसाधारण नागरिकले स्वतन्त्र र निर्वाधरूपमा स्वतन्त्र राजनीतिक भूमिका खेल्न पाउनुपर्ने वातावरणको व्यवस्था गर्नुपर्दछ। जसले गर्दा दल आफूहरूबीच मनमुटाव हुन पाउँदैन र कार्यकर्ताबीच दुस्मनी हुँदैन। आफैँमा निस्वार्थ प्रतिस्पर्धा भएपछि स्वतन्त्र तरीकाले दलहरू माथि उठ्न सक्छन् अनि विकासमा पनि उनीहरू लाग्नसक्छन्। यदि दलहरूले स्वतन्त्र राजनीतिको वातावरणलाई उचित कानुनी मान्यता दिएर नराख्ने हो भने जनभावना कुण्ठित बन्छ।

**राजेश निरौला**
**प्रमुख, नेपाल बार एशोसिएसन, मानवअधिकार परियोजना, विराटनगर**

आफ्नो विचार वा धारणा स्वतन्त्र रूपमा राख्न पाउनु अभिव्यक्ति स्वतन्त्रता हो। नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १२ को उपधारा ३ (क) मा मौलिक हकको रूपमा यसको व्यवस्था गरिएको छ। सरकारले संविधान तथा कानुनहरूमा लेखेर मात्र हैन वास्तविक रूपमा सबै तहमा इमान्दारीपूर्वक कार्यान्वयनमा पनि ल्याउनुपर्छ। राजनीतिक दलहरूले अभिव्यक्ति स्वत्रन्तताका लागि आफ्ना कार्यकर्ताहरूलाई अरुको विचार सुन्न र सम्मान गर्न सिकाउनुपर्छ। अहिले हाम्रो देशमा विचार राखेकै आधारमा आक्रमण गर्ने जुन संस्कृतिको विकास हुँदै छ त्यसमा तुरुन्त परिवर्तन ल्याउनुपर्छ।

**भेषराज पोखरेल**
**सामाजिक कार्यकर्ता**
**इनरुवा नपा- ९ बलाहा, सुनसरी**

अभिव्यक्ति स्वतन्त्रता संविधानप्रदत्त मौलिक हक हो। मानिसले स्वतन्त्रपूर्वक आफ्ना कुराहरू राख्न पाउनुलाई अभिव्यक्ति स्वतन्त्रता भनिन्छ। भयरहित वातावरणमा आफ्ना सकारात्मक विचारहरू राख्न पाउनु र ती विचारहरूको अरुले सम्मान गर्नु नै अभिव्यक्ति स्वतन्त्रताको हकअन्तर्गत पर्दछ जस्तो लाग्छ। अभिव्यक्ति स्वतन्त्रताको हक भनेकै के हो भन्ने बारेमा प्रत्येक व्यक्ति जानकार हुन जरुरी छ। यो हकको उल्लङ्घन गर्नेलाई कानुनअनुसार कारवाही हुने व्यवस्था हुनुपर्दछ। आफ्ना सकारात्मक कुराहरू राखेकै भरमा धम्कीपूर्ण वातावरणको अन्त्य हुनुपर्ने जरुरी छ। हरेक जातजाति, भाषाभाषी तथा वर्गका मानिसहरूले आफ्ना अभिव्यक्ति व्यक्त गर्दा अरुको पनि सम्मान हुनुपर्ने आवश्यकता पर्दछ। कुनै पनि मानिसले आफ्ना विचारहरू राख्दा विचारमाथि सुनुवाई पनि हुन जरुरी छ। अभिव्यक्ति स्वतन्त्रताको हकको ग्यारेन्टी गर्नको लागि कानुनी प्रावधानको व्यवस्था हुनुपर्नेछ। अभिव्यक्ति स्वतन्त्रताको हकबारे सबै राजनीतिक दलका तल्लो तहका कार्यकर्ताहरूलाई समेत थाहा हुनुपर्दछ र उनीहरूले त्यसलाई व्यवहारमा समेत उतार्नुपर्नेछ।



**अधिवक्ता कृष्णप्रसाद दाहाल**
**ईनरुवा- ३, सुनसरी**

अभिव्यक्ति स्वतन्त्रताको बारेमा मानवअधिकारसम्बन्धी विश्वब्यापी घोषणाको धारा १९ अनुसार प्रत्येक व्यक्ति आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र छन् भन्ने व्यवस्था गरेको छ। अभिव्यक्ति स्वतन्त्रता भन्नाले त्यस्तो मौलिक अधिकारको स्वतन्त्रता बुझिन्छ, जुन कुनै पनि व्यक्तिले आफ्नो विचार राख्न पाउने स्वतन्त्रता, अभिमत राख्न पाउने स्वतन्त्रता वा विरोध गर्न सक्ने स्वतन्त्रता वा मौन अभिव्यक्ति दिन सक्ने स्वतन्त्रता हो। यसका अतिरिक्त सूचना प्राप्त गर्ने र ती सूचनाहरूको खोजी वा अनुसन्धान गर्ने स्वतन्त्रता हो। यस्तो स्तन्त्रताको प्रयोग गर्दा कुनै पनि अवरोध वा हस्तक्षेप एवम् सीमाहरू तोकिनु हुँदैन। मुलुकमा बन्न लागिरहेको भावी लोकतान्त्रिक संविधानमा मानवअधिकारसम्बन्धी विश्वब्यापी घोषणाको अवलम्बन गर्दै यो अधिकारलाई मौलिक अधिकारको रूपमा उल्लेख गरी सूचनाको हक तथा स्वतन्त्रताको हकसम्बन्धी व्यवस्था सम्बन्धित कानुनहरूमा प्रभावकारी रूपमा लागु गरी कार्यान्वयनसमेत गर्नु गराउनुपर्छ। यस्तो हकको उल्लङ्घन भएमा प्रत्याभूति वा कार्यान्वयनको लागि सर्वोच्च अदालतबाट मात्र होइन कि तल्लो तह जिल्ला स्तरमा नै त्यस्तो अधिकारको कार्यान्वयनका लागि कार्वाही वा उजुरी सुन्न सक्ने र लागु गर्न गराउन सक्ने अधिकार प्रदान गरिनुपर्छ। सर्वप्रथम त राजनीतिक दलभित्रनै अभिव्यक्ति वा अभिमत राख्नसक्ने स्वतन्त्रता हुनुपर्छ, त्यसपछि नागरिकले बोलेका कुराहरूको सम्मान गरिनुपर्छ। आफ्नो दलगत विचार मात्र ठूलो वा राम्रो हो भन्ने भावनाबाट मुक्त हुनुपर्छ, अर्काको विचारको पनि सम्मान गर्ने परिपाटी थाल्नुपर्छ। कुनै पनि नयाँ विषय वा प्रावधानका बारेमा सार्वजनिक बहस वा छलफल गर्ने परिपाटीको थालनी हुनुपर्छ। राष्ट्रिय हित वा सार्वजनिक सरोकारको विषयमा ब्यापक छलफलको माध्यमबाट सर्वसाधारणको धारणा बुझ्ने र अभिमत राख्न सक्ने वातावरण बनाई दलिय स्वार्थबाट माथि उठी राष्ट्रिय स्वार्थको धारणा राख्ने बानी बसाल्नुपर्छ। यसै गरी नयाँ बन्ने सूचना तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कानुनको निर्माणमा ऐक्यबद्धता जाहेर गर्दै प्रभावकारी कानुन निर्माण गर्न आफ्नो दलको तर्फबाट प्रयास गर्नुपर्छ।

**अनुभूति बम नेपाली**
**गैरसरकारी संस्था महासङ्घ**
**जिल्ला शाखा अध्यक्ष, तेह्रथुम**

अभिव्यक्ति स्वतन्त्रता भन्नाले विश्वका मानवजातिले स्वतन्त्र रूपमा मौखिक र लिखित तरिकाले आफ्नो विचार प्रवाह गर्नुलाई अभिव्यक्ति स्वतन्त्रता भनिन्छ। नेपालको प्रचलित कानुनले आम नेपाली जनतालाई बोलेर लेखेर र विभिन्न सङ्केतमार्फत् आफूलाई लागेको विषयमा सर्मथन वा विरोध गर्न पाउनुलाई अभिव्यक्ति स्वतन्त्रता भन्ने गरिन्छ। मानवजातिले राज्यका कुनै पनि सार्वजनिक सरोकारका विषयमा बोलेर अथवा विभिन्न छापामाध्यमद्वारा आफ्नो अभिव्यक्ति सार्वजनिक रूपमा प्रस्तुत गर्न पाउनुलाई नागरिक अभिव्यक्ति स्वतन्त्रता भन्ने गरिन्छ। मानवजातिले समाजमा कहिलेकाहीं आफ्नो विषयमा र कहिलेकाहीं समाजमा पीडित भएका नागरिकका बारेमा व्यक्तिगत र सामुहिक रूपमा अभिव्यक्ति सार्वजनिक गरिरहेको हुन्छ। मानिसले समाजमा पीडित भएका नागरिकको बारेमा कहिलेकाहीं अभिव्यक्ति पीडित पक्षमा दिने गर्दछ। त्यसकारण देशमा अभिव्यक्ति स्वतन्त्रता पूर्णरूपले बहाली गर्नका लागि आफूलाई लागेको विषयमा बिना रोकटोक र बिना डरधम्कीका साथ बोल्न र लेख्न पाउनु नै मेरो विचारमा अभिव्यक्ति स्वतन्त्रता हो भन्ने मैले बुझेको हो।

नेपालमा बहुदलीय प्रजातन्त्र स्थपना भएपछि नेपालमा लामो समयसम्म अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूति गर्ने विषयमा नेपाल सरकारले केही हक र अधिकार नागरिकलाई दिलाउँने प्रयास गरेको थियो। हाल देशमा बृहत् जनआन्दोलनबाट लोकतन्त्रको स्थपनासमेत भएको छ। लोकतान्त्रिक पद्धतिअनुसार देशमा संविधानसभाको निर्वाचनसमेत सम्पन्न भएको छ। नागरिकले अभिव्यक्ति स्वतन्त्रता प्राप्त गर्नका लागि राज्यले आगामी मूलकानुन निर्माणका सम्बन्धमा विभिन्न स्थानीय नागरिकको सुझाव सङ्कलन गरेर सोही अनुसार नै संविधान निर्माण गर्नुपर्दछ। अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूति गर्न राजनीतिक दलहरूले अभिव्यक्ति स्वतन्त्रता के हो भन्ने बारेमा प्रष्ट भएर नागरिकहरूलाई अभियानको रूपमा आफ्नो आधारभूत तहसम्म जनचेतना फैलाउँने काम गर्नुपर्दछ। आफ्नो स्वतन्त्रता बहाली गर्नका लागि नेपालका राजनीतिक दलहरूले आफूले चाहेको विषयमा बोलेर वा लेखेर नागरिकले अभिव्यक्ति प्रस्तुत गर्नुपर्दछ भन्ने जानकारी आफ्ना कार्यकर्तालाई गराउनुपर्दछ।

**डिकबहादुर कार्की**
**सचिव, नेपाल बार एसोसिएसन**
**जिल्ला शाखा, तेह्रथुम**

मानिसले राज्यका कुनै पनि आफ्नो सरोकारका विषयमा बोलेर अथवा विभिन्न लिखतद्वारा आफ्नो अभिव्यक्ति सार्वजनिक रूपमा प्रस्तुत गर्न पाउनुलाई नागरिक अभिव्यक्ति स्वतन्त्रता भन्ने गरिन्छ। नागरिकहरूले बोल्न स्वतन्त्र रूपमा पाउनुलाई अभिव्यक्ति स्वतन्त्रता भनिन्छ। अभिव्यक्ति प्रस्तुत गर्न नपाएको खण्डमा नागरिकले प्रजातान्तिक मूल्यमान्यता बारेमा बोल्न लेख्न समेतमा असजिलो हुनेछ। त्यसैले नेपालमा लोकतन्त्र प्राप्त भएपछि नागरिकले बिना रोकटोक बोल्न, लेख्न, पढ्न पाउनुलाई नागरिक स्वतन्त्रता भनिन्छ।

नेपाल सरकारले नेपाली जनतालाई अधिकार प्रत्याभूति दिलाउन आगामी संविधानसभामार्फत् के गर्दा जनतालाई नागरिक अभिव्यक्ति स्वतन्त्रता हुन्छ भन्ने बारेमा विशेष नागरिक स्वतन्त्रता सम्बन्धी सुझाव कार्यदलको स्थपना गर्नुपर्दछ। सुझाव कार्यदलले दिएको प्रतिवेदनको आधारमा कुनकुन विषयमा थप संविधानमा उल्लेख गर्दा नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता हुन्छ भन्ने कुरा उल्लेख गर्न नेपाल सरकारले सक्नुपर्दछ। नेपालका ठूला राजनीतिक दलहरूले आफ्ना भातृसङ्गठन समेतलाई परिचालन गरी आफ्ना तलका समितिहरूमा रहेका मानिसलाई सर्वप्रथम

नागरिक अधिकार के हो, अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूति गर्नका लागि नागरिकले के गर्नुपर्दछ, नागरिक अभिव्यक्ति स्वतन्त्रताको हक राज्यका नागरिकले प्राप्त गर्न सकेनन् भने के गर्न सकिन्छ भन्ने जस्ता आधारभूत विषयको जानकारी गराउनुपर्दछ। नागरिकलाई सचेत गर्नका लागि ती आफ्ना भातृसङ्गठन र जनवर्गीय सङ्गठन, सङ्घमार्फत् अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूति गर्नका लागि घरदैलो अभियानसमेत सञ्चालन गर्नुपर्दछ।

आफ्नो दलद्वारा निर्वाचित संविधानसभाका सभासद्हरूलाई पनि नागरिक अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूति दिलाउन आवश्यक सुझाव, सल्लाह र प्रशिक्षण दिएर हक तथा स्वतन्त्रताका लागि कानुनमा उल्लेख गराउनसमेत जानकारी दिलाउनुपर्दछ।

**भीम संगम कार्की**
**सदस्य, नेपाल पत्रकार महासङ्घ, इलाम शाखा**

अभिव्यक्ति स्वतन्त्रताको हक भन्नाले आफूलाई अभिव्यक्ति गर्न मन लागेका कुराहरूलाई स्वतन्त्रतापूर्वक भन्न पाउनु नै हो। अभिव्यक्ति स्वतन्त्रताको हक मानवअधिकार भित्रको एक अंश पनि हो। त्यसैले सबैले आफूलाई भन्न मन लागेका कुराहरू अभिव्यक्ति गर्नु वा भन्नु नै अभिव्यक्ति स्वतन्त्रता हो। तर सोचनीय कुरा के छ भने आफ्नो अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्दा अरुको स्वतन्त्रतालाई खलल पार्नु हुँदैन। त्यसैले लेख्न, भन्न, बोल्न, प्रकाशन गर्न पाउनु नै अभिव्यक्ति स्वतन्त्रता हो। अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूतिको लागि सरकार जिम्मेवार निकाय हो। सरकारले सधैं जनताको हक अधिकार सुनिश्चितताको लागि काम गर्नुपर्छ। हुन त नीति निर्माणको तहमा धेरै पहलकदमी गरेको होला तर कार्यान्वयनको तह अन्यन्तै न्यून छ। त्यसैले अभिव्यक्ति स्वतन्त्रताको लागि नीति निर्माण तहमा सुधार गरेर तथा कार्यान्वयनको लागि सक्रिय भएर काम गर्नुपर्छ। अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूतिको लागि राजनीतिक दलहरूको पनि उत्तिकै जिम्मेवार भूमिका रहेको हुन्छ। हुन त आफ्नो जिम्मेवारी र दायित्वको लागि कुनै पनि राजनीतिक दलहरू सचेत छैनन्। जनताको मनको लागि मात्र राजनीति गर्ने राजनीतिक दलहरू जनताको अभिव्यक्ति स्वतन्त्रताको लागि कुनै काम गरेका छैनन्। सरकारलाई नीति निर्माणका लागि राजनीतिक दलहरूले पहल गर्नुपर्छ भने कार्यान्वयनको लागि पनि उत्तिकै जिम्मेवार रहनुपर्छ। जनताको प्रतिनिधित्व गरी बस्छौं भन्ने दलहरूले जनताको अभिव्यक्ति स्वतन्त्रताको लागि पनि काम गर्नुपर्छ।

**सङ्गीता राई**
**सदस्य, नेपाल आदिवासी जनजाति महासङ्घ**
**जिल्ला समन्वय परिषद्, इलाम**

आफूलाई लागेको कुरा आफ्नो हकको बारेमा, अधिकारको बारेमा खुलस्त रूपमा भन्न पाउनु नै वास्तवमा अभिव्यक्ति स्वतन्त्रता हो। चाहे बालबालिका, चाहे युवा, चाहे बुढापाका सबैलाई कुनै न कुनै विषयमा केही न केही लागिरहेको हुन्छ। त्यस्ता विषयहरूमा उनीहरूको मनमा पनि तर्कवितर्क आइरहेको हुन्छ। तर त्यसलाई बाहिर ल्याउन उसले पाउँछ पाउँदैन त्यो महत्वपूर्ण कुरा हो। यदि पाउँछ भने त्यो बेला मात्र उसमा अभिव्यक्ति स्वतन्त्रता हुन्छ। त्यो हरेक नागरिकको हक पनि हो। अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूतिको लागि सरकारले जनतालाई समान रूपमा आफूलाई लागेको कुरा निसङ्कोच अभिव्यक्त गर्न पाउने वातावरणको सिर्जना गर्नुपर्दछ। त्यसको लागि वाक स्वतन्त्रताका आधारभूत कानुन तथा नीति नियमहरू तय गरी व्यवहारिक रूपमै कार्यान्वयन गर्नुपर्दछ। त्यस्ता कानुनहरू लागु गर्न सरकार प्रतिवद्ध पनि हुनुपर्दछ। अभिव्यक्ति स्वतन्त्रताको हक मूल रूपमा राजनीतिक मुद्दा पनि हो। राजनीतिक रूपमा यसबारेमा प्रष्ट हुन सकिएन भने अभिव्यक्ति स्वतन्त्रता आफैंमा अपूर्ण हुन्छ भन्दा अत्युक्ति नहोला। एउटा प्रजातान्त्रिक मुलुकमा अभिव्यक्ति स्वतन्त्रता कायम राख्न राजनीतिक दलहरूको महत्वपूर्ण भूमिका हुन आउँछ। खासगरी दलहरूले नीतिगत तहमै प्रथमतः अभिव्यक्ति स्वतन्त्रताका लागि प्रतिवद्ध भएर लाग्नुपर्दछ। त्यसपछि उनीहरूले पनि त्यसको पालना गर्नु जरुरी छ। तब मात्रै लोकतान्त्रिक मुलुकमा अभिव्यक्ति स्वतन्त्रताको हक सर्वसाधारणमा प्रत्याभूति हुन सक्दछ।

**प्रेम ओझा,**
**मानवअधिकारकर्मी, पाचथर**

कुनै पनि व्यक्तिको सुखद जीवनका लागि अभिव्यक्ति र प्रकाशन स्वतन्त्रता अपरिहार्य मौलिक अधिकार मानिँदै आएको छ। नेपालको सन्दर्भमा कानुनी रूपले सबै अधिकारहरू संविधानमा प्रत्याभूत भएर पनि प्रहरी प्रशासन जस्ता स्थानमा कुनै परिवर्तन भएको छैन। मानवअधिकार उलङ्घनका घटनामा कुनै कमी आएको छैन। पीडकहरू उही अवस्थामा छन्। दण्डहीनता कायमै रहेकोले विद्यमान कानुनहरू केवल दस्तावेजको रूपमा थन्किएका छन्। राज्य पक्षको कमजोरी र राजनीतिक दबावबाट मानवअधिकार उलङ्घन गर्ने दोषीलाई कारबाही हुन नसक्दा उलङ्घनकर्ताहरूको मनोवल बढेको छ। अधिकारको प्रत्याभूति हुन नसकेपछि सर्वसाधारणमा मानवअधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा अविश्वास बढ्दै गएको छ। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुनेछ जसअन्तर्गत प्रत्येक व्यक्तिलाई विना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा सीमा वा माध्यमको बन्देज विना प्रचारप्रसार गर्ने स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। नेपालले त्यही मान्यता अनुसार विभिन्न कानुनहरू निर्माण गरेको छ। सूचनाको हकसम्बन्धी कानुनको अभावमा नागरिकले आफूले चाहेको जानकारी पाउन सक्ने अवस्था विधमान छैन। संविधानसभाको निर्वाचनताका विभिन्न राजनीतिक दलहरूले अभिव्यक्ति स्वतन्त्रतामा अवरोध पुऱ्याएका धेरै घटनाहरू बाहिर आएका थिए।

सङ्क्रमणकालीन अवस्थामा मानवअधिकारको संरक्षणमा सङ्कट आउने भएकोले राज्य पक्ष बहुतै जिम्मेवार हुनुपर्दछ। यही मान्यताअनुरूप आफ्ना आचरणको अवलम्बन गर्न सके आत्मसम्मान कायम हुनसक्छ। नयाँ संविधानमा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा स्थापित गर्न अहिले निर्वाचित सभासदहरूलाई अभिमुख गराउन नागरिक राज्यको व्यवस्थापनमा देखिएका कमी कमजोरीहरूलाई हटाई कानुनी राज्यका अवधारणालाई संस्थागत गर्न सके नागरिक अधिकार सुनिश्चित गर्न सकिन्छ।

**दिलकुमार लिम्बू थेचम्बू ४**
**ताप्लेजुङ**

अभिव्यक्ति स्वतन्त्रताको हक भनेको कुनै पनि नागरिकले आफ्नो हक अधिकारलाई स्वतन्त्र रूपले व्यक्त गर्न पाउनु हो। जसले अन्य नागरिकहरूको स्वतन्त्रतामा वाधा पुऱ्याउनु हुँदैन। राज्यले हरेक नागरिकहरूलाई स्वतन्त्ररूपमा आफ्ना विचारहरू अभिव्यक्त गर्नसक्ने वातावरण बनाउनुपर्छ। प्रजातन्त्र भित्रको यो महत्वपूर्ण अङ्ग हो जुन विनाको प्रजातन्त्र सम्भव छैन। सम्पूर्ण तह र तप्काका नागरिहरूलाई राजनीतिक दलहरूले स्वतन्त्रताको अभिव्यक्तिलाई प्रत्याभूत गराउन सक्रिय भूमिका निर्वाह गर्नुपर्छ। यसलाई कार्यन्वयन गर्न आवश्यकताअनुसार दबाव सिर्जना गर्नुपर्छ।

**खड्गविक्रम सुवेदी**
**हाम्पाङ ४, ताप्लेजुङ**

मानिस एक चेतनशील प्राणी हो जो जहिले पनि स्वतन्त्र जीवनयापन गर्न चाहन्छ। जसको लागि आवश्यताहरू हुन्छन् सो प्राप्त गर्नका कहीं कतैबाट हस्तक्षेप गरिनु हुँदैन। मानिसलाई कुण्ठित पार्नु, दमन गर्नुहुँदैन। ऊभित्र रहेको सिर्जनशील अभिव्यक्तिहरू राज्यले तय गरेको नीति नियममा रही सम्मान र संरक्षण गर्नु अभिव्यक्ति स्वतन्त्रता हक हो। मानिसको जन्मसिद्ध अधिकार हुन्छ, जसलाई सरकारले संरक्षण र सम्मान गर्न आवश्यक हुन्छ। जसअन्तर्गत खान, लाउन, बस्न, स्वास्थ्य र शिक्षा जस्ता सवालमा एक नागरिकले स्वतन्त्र रूपले आवाज उठाउन पाउनुपर्छ। ती आवाजलाई सरकारले सही ढगले सुनुवाई गर्नुपर्छ। सरकारले नारिकहरूको स्वतन्त्रताको हकलाई ग्यारेन्टी गर्नु उसको दायित्व हो। सबै जनतालाई दलगत स्वार्थभन्दा माथि उठी समान रूपले हेर्नुपर्छ। जनतालाई अभिव्यक्ति स्वतन्त्रता हकको बारेमा सचेत गराउँदै राज्यलाई दबाव दिनुपर्छ। राजनीतिक दलहरूले अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र विकासमा पहरेदारको भूमिका निर्वाह गर्नु आवश्यक छ।

**ईन्दिरा भण्डारी**
**ताप्लेजुङ**

अभिव्यक्ति भन्नाले आ आफ्ना भावनाको व्यक्तिगत हक हो जुन हरेक नागरिकको मौलिक हकभित्र पर्दछ। व्यक्तिको आफ्नो ईच्छाले आत्मा खोलेर स्वतन्त्ररूपमा अभिव्यक्त गर्न पाउनुपर्छ। कसैको दबाव र धम्कीमा परेर आत्माको कुरा लुकाई यो बोल भनेर बोल्न लगाउन पाइन्न। व्यक्तिका राम्रा पक्षलाई सम्मान गर्नुपर्छ भने कमजोरी पक्ष सुधार्ने मौका दिनुपर्छ। आफ्नो स्वतन्त्रताको अधिकार भन्दैमा अर्काको अधिकार हनन् हुने गरी कुनै पनि क्रियाकलाप हुनुहुँदैन। समग्रमा नागरिकहरूले स्वतन्त्र रूपले आफ्ना आवश्यकता र ईच्छा राख्न पाउनु नागरिहरूको अभिव्यक्तिको हक हो। अभिव्यक्ति स्वतन्त्रताको हकको प्रत्याभूतिको लागि सरकारले निश्चित रूपमा ग्यारेन्टी गर्नुपर्छ। जनताले सहज ढङ्गले बुझ्ने र उपभोग गर्न सक्ने हुनुपर्दछ। यसलाई तल्लो निकायसम्म कार्यान्वियन गर्न स्वतन्त्र रूपले तल्लो निकायसम्म निर्देशन हुनुपर्दछ। यसलाई कसैले गलत ढङ्गले अर्थ लगाई कार्यान्वयन गर्ने अवस्था आउन दिनुहुँदैन। यो स्वतन्त्रता प्रत्याभूतिका लागि राजनीतिक दलहरूले सही न्यायको लागि राज्यका निकायहरूलाई दबाव दिनुपर्छ। राज्यका निकायले न्याय गर्दा जहिले पनि पीडितको पक्षमा गर्नुपर्छ। दलहरूले आफूलाई न्यायको पक्षमा उभिएर अन्यायको सधैँ विरोध गर्नुपर्छ। गलत गर्ने दलका कार्यकर्ताहरूलाई कारवाही गर्न पछि पर्नु हुँदैन। नागरिकहरूले कस्तो खालको अभिव्यक्ति स्वतन्त्रताको पक्षमा छन् अध्ययन गरी सो अनुसार नीति बनाउन प्रयास गर्नुपर्छ।

**अधिवक्ता रामचन्द्र सुवेदी**
**राजविराज, सप्तरी**

अभिव्यक्ति स्वतन्त्रता बोल्न पाउने हक हो। आफ्नो भनाई, आस्था र विचार स्वतन्त्र ढङ्गले विना हस्तक्षेप राख्न पाउनुपर्ने हकनै अभिव्यक्ति स्वतन्त्रताको हक हो। अभिव्यक्ति स्वतन्त्रताको हकको पूर्ण प्रत्याभूतिका लागि सरकारले अन्तरिम संविधानमा उल्लेखित मोलिक हकअन्तर्गत रहेको हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ। अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिमा हस्ताक्षर गरेअनुरूप नेपाल कानुनसरह लागु गराउनुपर्छ। यी हकहरूको उपचारका लागि छिटोछरितो स्वच्छ र पारदर्शी किसिमको संयन्त्रको निर्माण गरिनुपर्छ। नागरिकको मौलिक हकको प्रत्याभूतिका लागि राजनीतिक दलहरू संवेदनशील हुनुपर्छ। राजनीतिक दलले आफ्नो घोषणापत्रमा उल्लेख गरेअनुसार अभिव्यक्ति स्वतन्त्रको हकलाई व्यवहारमा उतार्न कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउनुपर्छ।

**मनोजकुमार माझी,**
**सञ्चारकर्मी, राजविराज, सप्तरी**

आफ्नो विचार स्वतन्त्रतापूर्वक व्यक्त गर्न पाउनुनै अभिव्यक्ति स्वतन्त्रताको हक हो। कुनै पनि विचारलाई बन्देज लगाइनु हुँदैन। यो मानिसको मौलिक हक पनि हो। यसले मानिसको मानवअधिकारसँग सम्बन्ध राख्दछ। अभिव्यक्ति स्वतन्त्रताको हकको पूर्ण प्रत्याभूति बिना मानिसको मानवअधिकारको ग्यारेन्टी हुन सक्दैन। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताले मात्र जनताको सुसूचित हुने अधिकार सुनिश्चित हुन सक्छ।

जनतालाई अभिव्यक्ति स्वतन्त्रताको हकको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व हो। राज्यको यो दायित्व पूरा गर्न राज्यको प्रमुख अङ्ग सरकारले गम्भीरता

देखाउनुपर्छ। संविधानप्रदत्त यो हकको प्रत्याभूतिका लागि सरकारले आवश्यक ऐन कानुन बनाउनुपर्छ। भए गरेका कानुनको प्रभावकारी कार्यान्वयनको अनुगमन हुनुपर्छ। राज्य सञ्चालक भनेका राजनीतिक दलहरू हुन्। राजनीतिक दलहरूले अभिव्यक्ति स्वतन्त्रताका लागि आफूले व्यक्त गरेका प्रतिवद्वता पूरा गर्नुपर्छ। एक अर्काका विचारलाई सम्मान गनुपर्छ। दलगत स्वार्थलाई त्यागेर दृढतापूर्वक आफ्ना विचार राख्ने र अरुको विचार सुन्ने संस्कृतिको विकास गर्नुपर्छ।

**अधिवक्ता मोहनबहादुर कार्की**
**त्रियुगा नपा-२ उदयपुर**

समग्रतामा भन्नुपर्दा मानवअधिकारको विश्वव्यापी मान्यता वैयक्तिक ढङ्गले र सञ्चारमाध्यम मार्फत् सरकारी कार्यको गर्न पाउने लगायतको विचारको खुल्ला अभिव्यक्तिसँग सम्बन्धित छ। अभिव्यक्तिको स्वतन्त्रता राज्य, सरकार, विद्रोही कतैबाट पनि अनतिक्रम्य छ। अन्तरमनको भावनासहित स्वतन्त्र रूपमा विचार प्रस्फुटन गर्न पाउनु अभिव्यक्ति स्वतन्त्रता हो। विचार अभिव्यक्त गर्न र स्वतन्त्रतापूर्वक वा कानुनसम्मत गतिविधी सञ्चालन गर्न समेतका लागि राज्य सरकारका अलवा विद्रोही समूह तथा आतङ्ककारी क्रियाकलापमा संलग्न समूहले नागरिक, पत्रकार र राजनीतिक दल वा अन्य सर्वसाधारणको अभिव्यक्ति स्वतन्त्रतामाथि आक्रमण गर्नु हुँदैन। यसो भएमा लागेमा वा गरेमा बचावटका लागि सरकार ईमानदारी पूर्वकरूपमा चनाखो रहनु जरुरी छ। राज्य वा सरकारले अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चतताका लागि स्वतन्त्र पत्रकार जगत्, प्रभावकारी एवम् स्वतन्त्र न्यायपालिका र नागरिक समाजको निगरानी सहितको क्रियाशील लोकतान्त्रिक शासन व्यवस्थाको प्रत्याभूति गर्नु गराउनु जरुरी छ। राजनीतिक दलहरू इमानदारीपूर्वक रूपमा राष्ट्र र जनताप्रति उत्तरदायी हुनु जरुरी छ। सस्तो लोकप्रियताबाट टाढा रही राष्ट्रियताप्रति बफादार हुनुपर्ने र मानवअधिकारको सम्मान गरेर मात्र आफू सम्मानित हुन सकिन्छ भन्ने संस्कृतिको विकास गर्दै राष्ट्र निर्माणमा अग्रसर हुनु जरुरी छ।

**महेश्वरी राई**
**अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, उदयपुर**

हरेक मानवले आफ्नो अन्तरआत्माबाट निस्किएको भावनालाई सहजरूपमा कुनै पनि डर, त्रास, धाक, र धक्की विना स्वनिर्णयका साथ स्वतन्त्रतपूर्वक व्यक्त गर्न पाउनु उसको अभिव्यक्ति स्वतन्त्रता हो भन्ने बुझिन्छ। शान्ति र मानवअधिकारको ग्यारेन्टी, विभेदकारी कानुनको अन्त्य गरी न्यायपूर्ण समाजको निर्माण गर्ने र समावेशी लोकतन्त्र र राज्यको हरेक अङ्गमा जनताको पहुँचमा बृद्धि हुनु जरूरी छ। राजनीतिक दलहरूले दलभित्र आन्तरिक संस्थागत विकास गर्नुपर्ने, दलभित्र सवैखालका कार्यकर्ताहरूलाई आत्मनिर्णयको अधिकार दिनुपर्ने र दलभित्रका हरेक कार्यकर्ताले स्वतन्त्रतापूर्वक आ-आफ्ना अभिव्यक्तिहरू राख्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने।

**प्रस्तुतिः सुकदेव चौधरी, अशोककुमार बान्तवा, कृष्ण ओझा, प्रकाश खतिवडा, ज्ञानेन्द्र खड्का, दीपेन न्यौपाने, छत्र रिमाल, कुशलबाबु बस्नेत**

## २. मध्यमाञ्चल

**ववित‌ा बस्नेत**
**अध्यक्ष**
**सञ्चारिका समूह नेपाल**

अभिव्यक्ति स्वतन्त्रता भनेको आधारभूत मानवअधिकार हो। सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा सर्वसम्मत रूपमा पारित मानवअधिकारसम्बन्धी घोषणापत्रको धारा १९ मा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरिएको छ। जस अनुसार प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ। बिना हस्तक्षेप, बिना रोकटोक, भौगोलिक सीमाको अधिनमा नरही जुनसुकै सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, विचार राख्ने सूचनाको खोजी गरी त्यसको प्रचार-प्रसार गर्नेसमेत अधिकार रहन्छ। अभिव्यक्ति स्वतन्त्रताको हक नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) मा पनि उल्लेख छ। नेपालले सन् १९९१मा यो सन्धिको अनुमोदन गरेको छ।

अभिव्यक्ति स्वतन्त्रताको हक प्रत्याभूतिका लागि सरकारले यसलाई व्यक्तिको मानवअधिकारका रूपमा स्वीकार गर्दै यो अधिकारको उपयोग गर्न कुनै पनि प्रकारका बाधा-व्यवधानहरू खडा गर्नुहुँदैन। साथै खोजी र प्राप्त गर्ने अधिकारलाई मध्यनजर गरी सूचनाको हकसम्बन्धी ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

राजनीतिक दलहरूले यसको कार्यान्वयनका लागि संविधानसभामा व्यापक बहस र छलफल गरी अभिव्यक्ति स्वतन्त्रतको प्रत्याभूतिको संविधानमै सुनिश्चित गर्नुपर्दछ। राजनीतिक दलमा संलग्न राजनीतिककर्मीहरूको ठूलो हिंसा अभिव्यक्ति स्वतन्त्रताका विषयमा अनभिज्ञ भएकाले आफ्नै नेता- कार्यकर्ताहरूलाई यसको बारेमा जानकारी दिनुपर्दछ। साथै आफ्नो दलका मानिसहरूको मात्रै बोल्ने या प्रचार-प्रसार गर्ने स्वतन्त्रता छ, अरुको चाहिँ छैन भने जस्तो गरी अहिले जसरी अन्य दलका सभाहरूमा हस्तक्षेप गर्ने लगायतका कार्यहरू भइरहेका छन्। त्यसलाई तत्काल बन्द गरिनुपर्दछ। अभिव्यक्ति स्वतन्त्रताको महत्वपूर्ण पक्ष मानिएको व्यक्तिले आफूलाई व्यक्त गर्ने माध्यम छनौटको स्वतन्त्रतालाई संरक्षण गर्ने प्रकारले क्रियाकलापहरू गर्नुपर्दछ। हाम्रो देशमा अन्तर्राष्ट्रिय मापदण्डको अभिव्यक्ति स्वतन्त्रताको हक स्थापित गर्नमा राजनीतिक दलहरूको भूमिका महत्वपूर्ण हुनेहुँदा यसलाई संवैधानिक ग्यारेन्टीका लागि सबै दलहरूले सकारात्मक भूमिका निर्वाह गर्नुपर्दछ।

**अधिवक्ता विष्णुबहादुर खत्री**
**कार्यसमिति सदस्य, मानवअधिकार गृह, ललितपुर**

पहिले गाँस, बास र कपासलाई आधारभूत आवश्यकता भन्ने गरिन्थ्यो तर आज एक्काइसौं शताब्दीमा आइपुग्दा

सूचना र अभिव्यक्तिको स्वतन्त्रता मानिसका आधारभूत आवश्यकतामा पर्न पुगेको छ। जससँग सूचनाको पहुँच र अभिव्यक्तिको स्वतन्त्रता छ ऊ सबैभन्दा वलवान् सावित भएको छ। राज्यले विचार तथा अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक हकका रूपमा २०४७ सालको संविधानपश्चात् व्यवस्थित गर्दै आएको छ तर वास्तविक रूपमा कार्यान्वयन गर्न सकेको छैन। विचार अभिव्यक्तिको अधिकारलाई विभिन्न समयमा कुठाराघात समेत गरिए। राज्यले अभिव्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्न राज्यका अङ्गहरूलाई मानवअधिकारप्रति प्रतिवद्ध तथा भएका कानुनहरूको वास्तविक कार्यान्वयन गरिनु आवश्यक छ।

राजनीतिक दलहरूले आफूलाई अप्ठ्यारो पर्दा मात्र विचार अभिव्यक्तिको स्वतन्त्रताको कुरा गर्ने तर अरु बेलामा संवेदनशील नहुने संस्कारको अन्त्य गरिनुपर्दछ। सबै राजनीतिक दलले अभिव्यक्तिको स्वतन्त्रतालाई दलभित्रको आधारभूत मूल्य मान्यतामा समावेश गर्नुपर्दछ। लोकतन्त्रको आधार नै यही हो। यसका लागि दलहरूभित्र आन्तरिक लोकतन्त्र आवश्यक पर्दछ।

**शिव गाउँले**
**पत्रकार, काठमाडौं**

अभिव्यक्ति स्वतन्त्रता भनेको नागरिकले आफ्नो कुरा व्यक्त गर्ने, आफूलाई लागेका विचार र आफ्नो दृष्टिकोण र आफ्नो मत व्यक्त गर्ने अधिकार हो। यो यस्तो अधिकार हो जस्ले कुनै कुराको समर्थन वा विरोध अथवा कुनै कुरामा सहमति वा असहमति व्यक्त गर्ने नागरिकको अधिकारहरू जसमार्फत नागरिकको राय जनमत व्यक्त हुन्छ। मत व्यक्त गरिन्छ। लोकतन्त्रका लागि अभिव्यक्ति स्वतन्त्रता भनेका लोकतन्त्रको एउटा अभिन्न अङ्ग हो। यलाई छुट्टयाउनै मिल्दैन जहाँ अभिव्यक्ति स्वतन्त्रता कति निर्वाध रूपमा प्रयोग हुन्छ। अथवा कति सजिलोसँग, सहजवातावरणमा अभिवक्ति स्वतन्त्रताको प्रयोग भएको छ भन्ने आधारमा त्यहाँको लोकतान्त्रिक व्यवस्था कतिको उदार, कति वास्तविक लोकतान्त्रिक राज्य प्रणाली छ भन्ने कुराको मापदण्ड त्यहाँको अभिव्यक्ति स्वतन्त्रताको कुराबाट व्यक्त हुन्छ र त्यही अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत अरु खालका स्वतन्त्रताहरू त्यहाँ पर्छ। अभिव्यक्ति स्वतन्त्रताको पनि प्रमूख स्वतन्त्रता जो मार्फत् अरु स्वतन्त्रतको कुराहरू पनि व्यक्त हुन्छ। अभिव्यक्ति स्वतन्त्रता भनेको लोकतान्त्रको एउटा मापदण्ड हो, सभ्य समाजको एउटा सूचक हो र आधुनिक राज्य व्यवस्थाको एउटा महत्वपूर्ण इन्डिकेटर हो।

मूलरूपमा सरकारले अभिव्यक्ति स्वतन्त्रता नियन्त्रणका लागि अभिव्यक्ति स्वन्त्रता नियन्त्रण वा सङ्कुचित हुने तहमा कुनै पनि काम गर्नुभएन अर्थात् केही अधिकारहरू यस्ता हुन्छन् जस्तो मुलुकका सार्वभौम सत्तासँग सुरक्षासँग, क्षेत्रीय अखण्डतासँग जोडिएका कुराहरूमा केही हदसम्म त्यसको सीमा निर्धारण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भएका छन्। तर ती कुरा पनि त्यो सीमा निर्धारण गर्दा के जोखिम आउन सक्छ, भन्ने आधारमा मात्रै अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थित वा सङ्कुचित गर्नका निमित्त त्यस्ता सीमाहरू निर्धारण गर्ने कुराहरू रज्याले तय गर्दा अत्यन्तै गम्भीर हुनुपर्दछ। जसकालाई त्यो अत्यन्तै एकदमै स्पष्ट, चित्तबुझ्दो उपयुक्त आधार र कारणसहित मात्र त्यस्ता चिजहरू तय गरिनुपर्दछ। अभिव्यक्ति स्वतन्त्रता निर्वाध रूपमा प्रयोग गर्न पाउनुपर्ने वातावरण हुनुपर्दछ। राज्य र मुलुकका संविधान र अरुखालका विधिहरू त्यसलाई व्यस्थित गर्ने कुराहरू प्रावधानहरू राख्छन् भन्ने तिनको बलियो, चित्तबुझ्दो आधार र कारण चाहिन्छ। त्यसकारण राज्यले पहिला कुरा के गर्नु पर्ने हो भने अभिव्यक्ति स्वतन्त्रतालाई निर्वाद प्रयोग गर्ने वातावरण बनाउनुपर्छ। त्यसका निमित संवैधानिक वा कानुनी रूपमै नागरिकहरूलाई आफ्नो मत अभिव्यक्त गर्ने स्वतन्त्रता हुनेछ भन्ने कुरालाई विना हिचकिचाहट, विना बाधाबन्देज त्यो हक हुनेछ भन्ने कुराहरू राख्नुपर्छ र दोस्रो राज्य कहींकतै संविधान कानुन बमोजिम यसलाई व्यवस्थित गर्ने कुरामा पनि सोच्दछ भन्ने कुरा पनि आधार र कारणसहित मात्रै तिनलाई व्यवस्थित गर्नुपर्छ। त्यसकारणले राज्यको रोक हुन्छ भन्ने कुरा म ठान्दिन।

दलहरू भनेका जनताका प्रचिनिधि हुन्। त्यस अर्थमा राजनीतिक निकायहरू, यिनीहरूले जनताको अभिव्यत्ति जनतालाई आफूलाई मनलागेका कुराहरू व्यक्त गर्न पाउने, आफूलाई लागेका टिप्पणी समर्थन वा आलोचना वा विचार व्यक्त गर्न पाउनुपर्ने जुन कुरा हो त्यसलाई प्रवर्द्धन गर्नुपर्छ त्यसले नै लोकतान्त्रिक राज्य प्रणालीलाई बलियो बनाउँछ र एउटा सम्मुन्नत, सुसंस्कृत राज्य प्रणाली स्थापना हुन पुग्छ। त्यही कारण यिनलाई व्यवस्थित गर्नका लागि राजनीतिक दलहरूले आफ्नै दलीय संरचनाभित्र दलहरूको आन्तरिक प्रजातन्त्रलाई सुदृढ गर्दै यो अधिकारलाई व्यवस्थित गर्नका निमित व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि जनतामा लविङ गर्ने, जनतालाई यसको महत्व बुझाउने काम राजनीतीक दलहरूले गर्नुपर्दछ।

**विष्णुगोपाल कुसी**
**सम्पादक, मजदुर दैनिक, भक्तपुर**

विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार हो, यो मौलिक अधिकार हो। स्वतन्त्रताको मौलिक हकमा देशभरि आवत-जावत गर्ने, बसोबास गर्ने, विनाहातहतियार शान्तिपूर्वक भेला हुने, नेपालको जुनसुकै भागमा निर्भयतापूर्वक बस्ने, घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, कुनै पेशा, रोजगार उद्योग वा व्यापार गर्ने बन्दोबस्त गरिएको छ। कानुन सबैको लागि समान हुन्छ। अभिव्यक्ति स्वतन्त्रता सबैले उपयोग गर्न पाउनुपर्छ। जात र भाषाभाषीको आधारमा अभिव्यक्ति स्वतन्त्रतामा बाधा हाल्नुहुन्न। अभिव्यक्ति स्वतन्त्रतामा बाधा हाल्नु या अवरोध खडा गर्नु, छुट नदिनु मौलिक हक र अधिकारको हनन हो। त्यो मानवीय अधिकारको हनन पनि हो। गाउँ-ठाउँ, शहर बस्ती, अड्डा-अदालत, व्यापार-व्यवसाय, गाउँदेखि मन्त्रालयसम्म नै प्रत्येक नागरिकले बोल्न पाउनुपर्छ, बस्न, खान, व्यवसाय र सेवा गर्न पाउनुपर्छ। हो,

अभिव्यक्ति स्वतन्त्रता कानुनमा मात्र होइन व्यवहारमा लागू हुनुपर्छ, उपभोग गर्न पाउनुपर्छ। अभिव्यक्ति स्वतन्त्रता जन्मसिद्ध अधिकार भएर पनि उपयोग गर्न नपाउनु आफ्नो अधिकार लुटेको सरह मानिन्छ। अत: विना निर्भयका साथ बोल्न पाउनु स्वतन्त्रताको परिचय हो, त्यो नै अभिव्यक्ति स्वतन्त्रताको हक हो जस्तो लाग्छ।

कानुनमा अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित गरिएको हुन्छ। कानुनमा सबै नागरिक बराबर हुन् भनी लेखिएको हुन्छ। तर यहाँ मानवीय भेद पाइन्छ। जातजातिको आधारमा सानो र ठूलो भनी हेला होचो गरिएको हुन्छ। एकातिर जातजातिको आधारमा छुवाछुटको स्थिति छ भने अर्कोतिर सर्वसाधारण नागरिकहरूको पहुँच माथिसम्म पुगेको हुँदैन। अभिव्यक्ति स्वतन्त्रता गाउँदेखि सिंहदरबारसम्म सबैले न्यायोचित ढङ्गले पाउनुपर्छ। यसमा सरकारको पनि महत्वपूर्ण भूमिका र जिम्मेवारी हुन्छ। गाउँदेखि मन्त्रालयसम्मका व्यक्तिहरूले कानुनमा उल्लेख भएको अधिकार र कर्तव्य निर्भयताका साथ उपभोग गर्न पाउने वातावरणको बन्दोबस्त हुनुपर्छ। व्यक्तिगत सम्मानमा आँच आउने कुनै पनि प्रकारको हेलाहोचो गर्ने, अपमानजनक व्यवहार गर्ने कार्यमा नियन्त्रण गर्नुपर्छ। अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी उल्लेख भएका बुँदाहरू व्यवहारमा लागू गर्न सरकारले नागरिक चेतना जगाउने अभियान थालनी गर्नुपर्छ। व्यक्तित्व विकासमा समान अवसर दिइनुपर्छ।

हो, हरेक मानवजाति सम्मान र अधिकारको दृष्टिले जन्मजात स्वतन्त्र र समान छन्। हरेक व्यक्तिहरू कानुनका अगाडि समान भएकाले विना कुनै भेदभाव कानुनको समान हक पाउनुपर्छ। कसैले कसैलाई जाति, लिङ्ग, धर्म, रङ्ग, राजनीतिक विचार, धनी र गरिबको आधारमा गरिने कुनै पनि भेदभाव अन्त्य गर्नैपर्छ। हरेकलाई जीवनको अधिकार र व्यक्तिगत सुरक्षा हुन्छ। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार र दण्डबाट स्वतन्त्रताको अधिकार व्यवहारमा लागू गर्न सके र त्यस कार्यमा सरकारले सतर्कता पुऱ्याउन सके अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित हुने देखिन्छ। अभिव्यक्ति स्वतन्त्रताको हकको प्रत्याभूतिको निम्ति राजनीतिक दलको भूमिका कम महत्वपूर्ण छैन। सर्वसाधारण नागरिकलाई जनचेतना जगाउने, प्राप्त अधिकारको उपयोग गर्ने र कसैले कहीं नागरिकको जन्मसिद्ध अधिकार हनन गर्न खोज्यो भने सोको खबरदारी गर्ने काम राजनीतिक दलहरूकै हो। कतिले जानेर, चाहेर पनि सामाजिक कुसंस्कारका कारण अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाइएको हुन्छ। हाम्रो समाजमा यस्ता कुप्रथाहरू धेरै बाँकी छन्। समाजमा व्याप्त कुसंस्कार, मानवीय जीवन र अस्तित्वमा बाधा पुऱ्याउने सामाजिक रीतिथितिको अन्त्य गर्न राजनीतिक दलले गाउँ-गाउँ र बस्ती बस्तीमा जनचेतना फैलाउनुपर्छ। जनचेतनाको जागरण नै कुप्रथाको राजनीतिक सूचक हो। त्यस कार्यमा सबै दल जुट्नुपर्छ। राजनीतिक दलले सरकारलाई खबरदारी, घच्घच्याउनेमात्र होइन जनतालाई सजग पार्ने, कुप्रथा अन्त्यमा सघाउने काम गर्नु अपरिहार्य छ। सरकारको कमी कमजोरी औंल्याउनुका साथै जनतामा जनजागरण ल्याउन सके अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित हुनेछ।

**अमृतनाथ तिमल्सिना**
**कोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, ललितपुर**

मानवजातिका सर्वोत्तम मानिएको बोल्न पाउने अधिकारको व्याख्या जति र जुनसुकै कोणबाट गरिए पनि सधैं भरी अपूरो भएजस्तो हुन्छ। सामान्यतया बोल्न पाउने अधिकारको ग्यारेन्टी हरेक मानवमा हुनुपर्छ भन्ने मान्यता सर्वव्यापी र आधारभूत मान्यता हो। विशेष गरी मानवअधिकार प्राप्तिको कोणबाट हेर्दा अभिव्यक्ति स्वतन्त्रता मानव मात्रका लागि आधारभूत अधिकारको जग हो। विचार र अभिव्यक्तिको हक सबै मान्छेले पाउनुपर्छ भन्नेमा आम नागरिकहरू प्रष्ट हुनु जरुरी छ। हरेक अधिकारहरूको अन्तर्सम्बन्धित पक्ष राज्यपक्ष यसमा बढी जिम्मेवार हुनुपर्छ। राज्य संरचनाका सबै अङ्गहरू यसमा जिम्मेवार हुनपर्ने आधारभूत मान्यता हो। राज्यसँग सम्बन्धित पक्षहरूबाट यो आधारभूत मान्यताको कदर गर्दै नागरिकहरूलाई अधिकारसम्पन्न गराउनुपर्दछ।

अभिव्यक्ति स्वतन्त्रताको रक्षाबेगर मानवअधिकारको पूर्णता होइन प्राप्तिको जग पनि बस्दैन। त्यसर्थ अभिव्यक्ति स्वतन्त्रताको पक्षमा राज्यको विशेष ध्यान जानुपर्छ। जहाँसम्म प्रेस स्वतन्त्रताको सवाल छ त्यो अभिव्यक्ति स्वतन्त्रता भन्दा पछाडिको विषय हो। हरेक नागरिकले आफ्ना भावना व्यक्त गर्ने अधिकारभन्दा पछाडि माध्यमको विषयमा जानु आवश्यक होला। वर्तमान सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रताको अवस्था हेर्ने हो भने दया लाग्छ। साँच्चै भन्न मन लाग्छ विचार र अभिव्यक्तिको हकलाई नेपाली सन्दर्भमा राज्य र समुदायको पक्षबाट साँच्चै उपहास गरिएको छ। हामीकहाँ राजनीतिक वा गैरराजनीतिक ढङ्गबाट विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार भैरहेको छ। सञ्चारमाध्यमहरू माथिका आक्रमण पनि यसका ज्वलन्त उदाहरण हुन्। आफ्नो पक्षमा समाचार प्रवाह भएको अवस्थामा सञ्चारमाध्यमहरूले विचार र अभिव्यक्तिको स्वतन्त्रतामार्फत् जनतालाई सुसूचित पार्ने अभियानमा साथ दिए भन्ने र आफ्ना गल्तीहरू सहितका समाचारहरू वा विचारहरूले स्थान पाए भने त्यसको विरुद्धमा नै शक्ति केन्द्रित गर्ने नेपाली राजनीतिक शक्ति तथा गैरराजनीतिक शक्तिहरूको चिन्तनमा सुधार नआए निश्चय नै हामीकहाँ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी हुन सक्दैन। कमजोर राज्य संरचना र प्रशासनको फितलोपन पनि यो अधिकार प्राप्तीका लागि बाधक बनेको अवस्था हो भने अर्को पक्षमा कानुनको अभाव पनि ज्वलन्त विषय हो । नयाँ नेपाल निर्माणको आधारको रूपमा संविधानसभाको गठन भएको छ। संविधानसभामार्फत् जनताको संविधान लेखिँदैछ। यसमा समग्र नेपालीको भावनाको सम्मान गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई ससम्मान प्रस्तावनामा नै लेखिनुपर्छ र कानुन बनाई स्वतन्त्रताको हकमा अभिव्यक्ति स्वतन्त्रतालाई पहिलो मान्यता दिइनुपर्छ।

**प्रविण भट्टराई, विद्यार्थी**
**ललितपुर**

संविधानसभा निर्वाचनपछि संविधानसभा सभासद्को पहिलो बैठक जेठ १५ गते बस्दै छ। यस बैठकले अनुमोदन गरे अनुसारनै नयाँ संविधानको निर्माण हुने भएको छ। यस कानुनमा उल्लेखित भएका नियम, उपनियम, धारा र उपधारा बमोजिम राज्यको सञ्चालन प्रक्रिया अगाडि बढ्ने छ। २०४७ को संविधानमा धारा ११ देखि २३ मौलिक हकको उल्लेख भएको थियो। यस व्यवस्थाअनुसार मुख्यतया सम्पूर्ण नागरिकले स्वतन्त्रतापूर्वक बाँच्न पाउने, सभासम्मेलनमा भाग लिन पाउने, एक स्थानबाट अर्को स्थानमा भयरहीत वातावरणमा हिँड्डुल गर्न पाउने, आफूलाई आगेको धारणा छापा माध्यबाट वा वा कुनै पनि सञ्चार गृहबाट प्रकाशन गर्न पाउनु सबै नागरिकको अधिकार हो भनी स्पष्ट रूपमा व्याख्या गरिएको थियो।

संविधानसभा निर्वाचनपछि देश गणतान्त्रिक व्यवस्थाअनुसार सञ्चालन हुने भएको छ। केन्द्रीकृत राज्य व्यवस्था विकेन्द्रीत राज्य प्रणालीमा परिर्वतन हुनेभएका छन्। सम्पूर्ण लिङ्ग, वर्ग, र जातजाति, भाषभाषी र क्षेत्रका नागरिकको राज्यका विभिन्न निकायमा समान सहभागिता रहने भएको छ। यस व्यवस्थाले पनि देशमा मानवअधिकारको स्थिति अझ बलियो हुने पक्का छ। संविधानसभाको निमार्णपछि राज्य नयाँ दिशातर्फ जाने छ। देश सङ्घीय संरचनामार्फत सञ्चालित हुने छ। यस परिस्थितिमा राज्यलाई नयाँ ढङ्गबाट सञ्चालन गर्ने प्रमुख जिम्मा राजनीतिक दलहरू र सरकारको नै हो। चैत २८ गते भएको संविधानसभा निर्वाचनमार्फत् जनताबाट निर्वाचित भएका जनप्रतिनिधिहरूको भूमिका महत्वपूर्ण छ। ती जनप्रतिनिधिहरूनै नयाँ संविधान निर्माण प्रक्रियामा छन्। तसर्थ उनीहरूले संविधानसभा निर्वाचनअघि जनतासमक्ष गरेका बाचाहरू पूरा गर्न आवश्यक छ। त्यसका लागि उनीहरूले सन्तुलित किसिमको नयाँ संविधान निर्माण गर्नुछ। जुन संविधानले सम्पूर्ण वर्ग, जातजाति, भाषा भाषिका नागरिकलाई राज्यको मूल प्रवाहमा ल्याउन सकोस्। आत्मनिर्णयको अधिकार सम्पूर्ण नागरिकमा रहोस्। नयाँ संविधान निर्माणपछि देश आर्थिक रूपमा समून्नत हुने छ। समाजिक रूपमा समाज भित्रका कुरीति र कुसङ्गतिहरू दरारहरू घट्दै जाने छन्। देशका मानव संसाधनहरू पूर्ण रूपमा परिचालित हुने छ। स्थानीय स्रोतसाधनको पूर्णरूपमा परिचालन हुनेछ भने राजनीतिक रूपमा देश सुढंगले सञ्चालन हुने पक्का छ। राज्य प्रणाली सुशासित ढङ्गले सञ्चालन हुने हो भने अन्ततः मानवअधिकारको स्थितिमा सुधार आउने पक्का छ। तसर्थः त्यस व्यवस्थामा प्रत्येक नागरिकमा अभिव्यक्ति स्वतन्त्रताको हक अवश्यनै रहेन त्यसका लागि सरकार र राजनीतिक दलहरूको रचनात्मक भूमिका नयाँ संविधान निर्माण प्रक्रियामा रहनुपर्छ।

राजनीतिक दल र तिनका प्रतिनिधिहरूले संविधानसभामार्फत् बन्ने संविधानमा स्पष्ट रूपमा अभिव्यक्ति स्वतन्त्रता हकलाई मौलिक हकको रूपमा राख्नको लागि भूमिका निर्वाह गर्न सक्छन्। त्यसका लागि दलहरूले आफ्ना सभासद्लाई स्पष्ट निर्देशन दिन पनि आवश्यक छ। त्यसैगरी राज्यले अभिव्यक्ति स्वतन्त्रताको लागि स्पष्ट कानुनको निर्माण गरी लागु गर्नुपर्छ। सरकारले सूचनाको हकको प्रत्याभूतिको लागि सूचनाको हकसम्बन्धी कानुन जारी गरी सूचना आयोग बनाउन लागेको सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रताको लागि पनि सरकारले वाक् स्वतन्त्रतासम्बन्धी कानुन बनाउन आवश्यक छ। नेपालमा कानुन बन्ने गरेका छन् तर विडम्बना त्यसको कार्यान्वयनमा आउने. गरेको छैन। तसथै यसतर्फ पनि दल र राज्यले ध्यान दिनु आवश्यक छ। यद्यपि त्यसका लागि जनता सचेत र जागरुक हुन आवश्यक हुन्छ। जनतालाई सचेत र जागरुक बनाउने दायित्वसमेत सरकार र राजनीतिक दलहरूमा रहेको तथ्यलाई उनीहरूले भुल्नु हुँदैन।

**प्रस्तुतिः राजु पासवान, अकुर नेउपाने, गोपीकृष्ण भट्टराई**

## ३. पश्चिमाञ्चल

**नारायण कार्की**
**अध्यक्ष, नेपाल पत्रकार महासङ्घ**
**कास्की शाखा**

अभिव्यक्ति स्वतन्त्रतालाई प्रत्याभूति गर्न संविधानमै मौलिकहकहरूअर्न्तगत व्यवस्था गरिनुपर्छ। यसलाई व्यवहारमा कार्यान्वयन गर्न सरकार र राजनीतिक दलहरूको भूमिका महत्वपूर्ण त हुन्छ नै। अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउने काम मूलतः सरकारले नै गर्नेहुँदा अभिव्यक्ति स्वतन्त्रताप्रति सरकार लचिलो र उदार हुन आवश्यक छ। राजनीतिक दलहरूले अभिव्यक्ति स्वतन्त्रताको अधिक्तम् उपभोगका लागि वातावरण तयार गर्न सक्छन्। नेपाल अधिराज्यको संविधान ०४७ मा पनि स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यवस्था गरिएको थियो तर व्यवहारमा भने कतिपय अनावश्यक बन्देज पनि लगाइएको थियो।

अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिका लागि प्रथमतः यसलाई मौलिक हकको विषय बनाइनुपर्छ। नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रता भन्दा कुनै पनि पदीय हैसियत भएको व्यक्तिको अधिकारमाथि हुनुहुन्न। भविष्यमा राष्ट्रपति/प्रधानमन्त्री जसले कार्यकारी अधिकार पाए पनि उसले गरेका काम नागरिकको स्वतन्त्र टिका टिप्पणीको विषय बन्नुपर्छ। विचार र अभिव्यक्ति स्वतन्त्रतालाई संविधानको अन्य धारमा नगाभी स्वतन्त्र धारअन्तर्गत व्यवस्था गरिनु वाञ्छनीय हुन्छ। तर मुलुकको सार्वभौम सत्ता र अखण्डतामा आँच पुऱ्याउने, जात जाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल पुऱ्याउने र हिंसा भड्कने, गाली बेइज्जती हुने, अदालतको अपहेलना हुने जस्ता अभिव्यक्तिमा भने रोक लागउने व्यवस्था गर्दा राम्रो हुन्छ। तर बन्देज कमसेकम हुनुपर्छ किन कि विचार र अभिव्यक्ति स्वतन्त्रता सर्वोपरि महत्वको विषय हो।

**अधिवक्ता तिलक आचार्य**
**कास्की, पोखरा**

अभिव्यक्ति स्वतन्त्रतालाई प्रत्याभूति

## लघु कथा

# मरेको मान्छे

**सुधीर यादव**

लम्पसार तेर्सिएको मानिसछेउ मुन्टो झुकाएर बसेको कुकुर घरिघरि पल्याक पुलुक दायाँबायाँ हेर्दै थियो। आँखा चिमचिम गर्दै कुइँकुइँ कराएको आवाज सुन्ने कोही थिएन। रातको बेला आवतजावन कमै थियो।

उत्तरतिरबाट दुईतीनवटा बलेरो गाडी आइपुग्यो। लम्पसार मान्छेलाई देखेर अघिल्लो गाडीसँगै सबै रोकिए।।हतियारसहितका एक हुल मानिस गाडीबाट ओर्लिएको देखेर कुकुर अलि तर्सियो, तर उठेन। हुलको अघिअघि हिँड्ने मोटोघाटे अधवैंशेले तेर्सिएको मानिसलाई हेर्दै आफ्ना साथीहरूलाई भन्यो" हैन साथी हो, यो मानिसको सम्बन्ध हाम्रो पाटीसँग त छैन? तुरुन्तै बुझ्नु पर्‍यो।"

नेताले बेलाबेलामा आफू अत्यन्त भावुक व्यक्ति भएको बखान्दै आएको थियो। यहाँ पनि उ आफ्नो भावुकता पर्दशन गर्न चुकेन"सामन्ती र अर्धसामन्धी व्यवस्थामा यस्ता कयौं व्यक्ति लावारिस भएर बस्नु परेको छ।"उसले भावुकतामा वजन थप्न आफ्नो आँखा पुछेजस्तो गर्‍यो।

आफ्नो नेताको आदेश सुन्नासाथ उसका साथीहरू सक्रिय भए। केही कतै लागे, कोही कता। केही मोबाइल चलाउन थाले। नेताले भन्यो" अरु पाटीका मानिसलाई दोषी ठहराउँदै नारा जुलुसकासाथ सद्गत गरिदिनु पाए गजप... फाइदा हुन्थ्यो। अस्ति भर्खर हाम्रा साथीले जाबो एकजनालाई कुटेर मार्दा कति साह्रो हल्ला गरेका अरु पार्टीका मान्छेले ?कति हामीलेमात्रै हत्याराको आरोप खप्ने ?"

केही बेरमै उसका सबै साथी जम्मा भए। एउटाले भन्यो"हाम्रो पार्टीसँग कुनै सम्बन्ध छैन रे छ।"

अर्काले भन्यो"हेडक्वाटरका नेताहरुले उल्टै फसिने हो कि भनेर शङ्का व्यक्त गरे।"

अधवैंशेले मुन्टो हल्लायो। उनीहरू बाटो लागेको कुकुर हेरेर बस्यो। गाडीले मोड काटेपछि फेरि मुन्टो झुकायो।

केहीबेरमै दक्षीणतिरबाट फेटा गुथेका मानिसहरूको अर्को हुल आइपुग्यो। मुसुक्क हाँस्दै कालो कालो मोटो भुँडिवालले पानको पिक प्याच्च थुक्दै आफ्ना साथीलाई भन्यो" अपने लोग है कि दुसरा है ? देखिए तो। अपना होगा तो इसिके नाम पे तहलका मचा देते।"

उनीहरूमध्ये एकले जबाफ दियो"चमडीसे तो पता चलाना मुश्किल है। गोरी चमडीके चलते अपना ही आदमीको एक बार लुढका दिया था"।

नेताले भन्यो"तो चलिए।"

मध्यरातसम्म कयौं समूह त्याहाँ आइपुग्यो। कसैले भने-यसको नाक चुच्चो छ। त्यसैले यो अरु नै हो।

कसैले भने-यसको आँखा चिम्सो छैन।

कसैले छाला गहुँ गोरो देखे भने कसैले कालो।

सबै आ-आफ्नो बाटो लागे। कुकुर रातभरि रोइरह्यो।

---

## दस्तावेज

### संविधानसभाबाट पारित गणतन्त्रको प्रस्ताव

नेपाली जनताले २००७ साल पहिलेदेखि पटकपटक गर्दै आएको ऐतिहासिक सङ्घर्ष, क्रान्ति र जनआन्दोलनमार्फत् अभिव्यक्त जनादेशको सम्मान गर्दै प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न, राजनीतिक दलहरूका बीच भएको सहमति तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १५९ उपधारा २ अनुरूप इतिहासले सुम्पेको अभिभारालाई आत्मसात गर्दै नेपाल सरकार, मन्त्रिपरिषद गणतन्त्रको कार्यान्वयनका लागि संविधानसभाको पहिलो बैठकमा निम्नबमोजिम प्रस्तुत गर्छ-

१.सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अभिभाज्य सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्छ।

२.मुलुकमा विधिवत् लोकतान्त्रिक गणतन्त्र कार्यालयन भएकाले यससँग बाझिने सबै संवैधानिक प्रावधान, कानुन र प्रशासनिक व्यवस्था आजैका मितिदेखि बाझिएको हदसम्म खारेज भएको मानिने छ। यो घोषणा पारित हुनु भन्दा तत्काल अघि प्रचलित कानुन, परम्परा, रीति, सामाजिक तथा सांस्कृतिक व्यवहार एवम् अभ्यासमा रहेका तत्कालीन राजा र निजका परिवारका सदस्यहरूलार्य आम नेपाली नागरिकहरूभन्दा भिन्न रूपमा प्राप्त सम्पूर्ण अधिकार सुविधा, हैसियत तथा उपाधि स्वत: अन्त्य हुनेछ ।

३.नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् घोषित भएको अवस्थामा राष्ट्रपतिको व्यवस्थालगायत अत्यावश्यक प्रावधानलाई संवैधानिक रूपमा संस्थागत गर्न नेपालको अन्तरिम संविधान २०६३ मा आवश्यक संशोधन विधेयक पेस गरिएको छ। राष्ट्रपतिको निर्वाचन प्रणालीलगायत अन्य आवश्यक विषयमा संविधान संशोधनसम्बन्धी अर्को विधेयक पेस गरिनेछ ।

४. नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् प्रवेश गरी नयाँ युग आरम्भ भएको ऐतिहासिक अवसरमा यो बैठक सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछ। यस अवसरमा सम्पूर्ण नेपाली जनतालाई हार्दिक बधाई ज्ञापन गर्दै आज र अब उप्रान्त, प्रत्येक सालको जेठ १५ गते गणतन्त्र दिवसलाई हर्षोल्लासपूर्ण वातावरणमा व्यापक रूपमा विविध कार्यक्रमका साथ मनाउन देशभित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपालीमा यो बैठक हार्दिक आह्वान गर्छ ।

५. नेपालमा लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भइसकेको सन्दर्भमा नारायणहिटी दरबार परिसर तथा यसभित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक सङ्ग्रहालयलगायत राष्ट्रि हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउनेछ ।

**कृष्णप्रसाद सिटौला**

२०६५ जेठ १५ गते

(नेपाल सरकार मन्त्रिपरिषद्बाट संविधानसभाको पहिलो बैठकमा प्रस्तुत गरिएको गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव)

१. प्रत्येक व्यक्तिले आफनो विचार बोलेर, लेखेर वा छपाएर खुलस्त पार्न पाउने अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्रको कुन धारामा उल्लेख गरिएको छ ?
२. प्रत्येक व्यक्तिले विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार पाउनुपर्ने कुरा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको कुन धारामा उल्लेख गरिएको छ ?
३. कसैले पनि शान्तिपूर्ण तरिकाले सभा, सम्मेलन गर्न तथा संस्था खोल्न अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्रको कुन धारामा उल्लेख गरिएको छ ?
४. विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई नेपालको अन्तरिम संविधानमा २०६३ को कुन धाराअन्तर्गत समावेश गरिएको छ ?
५. नेपालको अन्तरिम संविधान २०६३ को धारा १५ अर्न्तगत समावेश प्रकाशन, प्रशारण तथा छापाखानासम्बन्धी हकअन्तर्गत के के कुराहरू समावेश गरिएको छ ?
६. नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा कुन अधिकारलाई समावेश गरिएको छ ?
७. नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुन अधिकारलाई समावेश गरिएको छ ?
८. जनताको जिउधन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्न राज्यको प्रमुख उद्देश्य हुनेछ भन्ने कुरा नेपालको अन्तरिम संविधान २०६३ को धारा कतिमा उल्लेख गरिएको छ ?
९. नेपालको अन्तरिम संविधान २०६३ को धारा ५१ को मा भएबमोजिम अधिवेशनको आव्हान र अन्त्य कसरी हुने व्यवस्था छ ?
१०. नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्थापिका संसदको गणपूरक सङ्ख्याको व्यवस्था कसरी मिलाइएको छ ?
११. नेपालको अन्तरिम संविधान २०६३ को धारा ५६ अन्तर्गत उपधारा १ मा के कुरा उल्लेख गरिएको छ ?
१२. व्यवस्थापिका सांसदहरूमध्ये कसैले व्यवस्थापिका संसदको अवहेलना गरेमा कस्तो सजाय हुने व्यवस्था गरिएको छ ?
१३. संविधानसभाको विघटन कस्तो अवस्थामा हुने व्यवस्था गरिएको छ ?
१४. संविधान निर्माणको क्रममा कस्तो अवस्थामा जनमत सङ्ग्रह गरिने व्यवस्था गरिएको छ ?
१५. अन्तरिम संविधानको धारा १४३ मा सङ्कटकालीन अधिकारका सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?

## मानवअधिकार सामान्यज्ञानको उत्तरहरू

१. धारा- १९ मा
२. धारा- १८ मा
३. धारा- २० मा
४. धारा १२ को उपधारा ३ को (क) मा
५. विद्युतीय प्रकाशन,प्रसारण, तथा छापाखाना लगायतका अन्य जुनसुकै माध्यमबाट कूनै समाचार, सम्पादकीय, लेख रचना, वा अन्य कुनै पाठ्य श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाइने छैन।
६. सूचनाको हक
७. गोपनियताको हक
८. धारा ३४ को १ मा
९. क.प्रधामन्त्रीले पहिलोपटक र त्यसपछि समय-समयमा व्यवस्थापिका संसदको अधिवेशन आह्वान गर्ने
ख. सभामुखको परामर्शमा प्रधानमन्त्रीले व्यवस्थापिका संसदको अधिवेशन अन्त्य गर्नेछन्।
१०. सम्पूर्ण सदस्य सङ्ख्याको एकचौथाई सदस्य उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ।
११. व्यवस्थापिका संसदको बैठकमा पूर्ण अभिव्यक्ति स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुरा वा दिएको मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न, वा निज उपर अदालतमा कार्वाही चलाउन सकिने छ।
१२. बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसिहत लिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैंयाँसम्म जरिवाना गर्न सक्नेछ।
१३. संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिनदेखि संविधानसभाको विघटन हुनेछ।
१४. राष्ट्रिय महत्वको कुनै पनि विषयमा जनमत सङ्ग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संविधानसभाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरिएमा।
१५. नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै पनि भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह, वा चरम आर्थिक विश्रृङ्खलताको कारण राज्यमा गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राज्यमा वा कुनै खास क्षेत्रमा लागु हुनेगरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ।

*प्रस्तोता: शिव खकुरेल*

# पुस्तक परिचय

समसामयिक विषयमा "**सङ्घीय शासन प्रणाली र राज्यको पुनर्संरचना**" नामक पुस्तकको प्रथम संस्करण प्रकाशन भएको छ। अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा लिखित यस पुस्तकले संविधानसभाद्वारा निर्माण गरिने नयाँ संविधानको लागि मार्गदर्शन गर्ने अपेक्षा राख्न सकिन्छ। सङ्घीयताका विषयका विद्यार्थी, बुद्धिजीवी, लेखक, प्राध्यापक, कानुनविद तथा अध्ययन गर्न चाहने सबैका लागि पनि उत्तिकै पठनीय छ।

संविधानसभाको मिति निश्चित भएपछि प्रकाशन भएको यस पुस्तकले संविधानसभा पछि बन्ने नयाँ नेपालको बहसमा सङ्घीयताको खाका तयार गर्न र यसबारे जानकारी हाँसिल गर्न सकिन्छ। जनआन्दोलन २०६२/०६३ बाट स्थापित लोकतान्त्रिक शासन व्यवस्थाबाट निर्मित अन्तरिम संविधानबाट मुलुक संविधानसभाको निर्वाचनको सङ्घारमा आएको अवस्थामा संविधानसभाबाट राज्यको पुनर्संरचना गरी सङ्घीयतामा जाँदा हुने फाइदा बेफाइदा तथा विश्वमा सङ्घीयताका आंधारमा राज्य सञ्चालन भएका देश र सङ्घीयताका आधार तथा आधारभूत सिद्धान्तका बारेमा व्यवहारिक ज्ञानसमेत यस पुस्तकबाट पाउन सकिन्छ।

जनआन्दोलनपछि अन्तरिम संविधान निर्माण भए पनि नेपालमा भएका तराईको आन्कदोलन, जनजाति, जाति, महिला, अल्पसङ्ख्यक, पेशा वर्ग, क्षेत्र समेतका जनताको माग कायमै रहे। माओवादीले समेत नेपाललाई गणतान्त्रात्मक देश घोषणा गर्न व्यवस्थापिका संसदलाई अन्तरिम संविधानको तेस्रो संशोधन गर्न बाध्य गरायो। सोही संशोधनले "नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट हुनेछ" भन्ने वैधानिकता दिइएको अवस्थामा अन्तरिम संविधानका अन्तर्वस्तु र गणतन्त्रको कार्यान्वयन : संविधानसभाआदि बारे यस पुस्तकले समेटेको पाइएको छ।

सङ्घीय व्यवस्थाका न्यायिक सिद्धान्त, राजनीतिक सिद्धान्त, एकात्मक सङ्घीय प्रणाली, आत्मनिर्णयको अधिकार, केन्द्रीय तथा सङ्घबीचको शक्ति बाँडफाँड, स्रोतका बाँडफाँडको सिद्धान्त, विश्वमा भए गरेका अभ्यास र सङ्घीयताका स्वरूप आदि बारे पनि यस पुस्तकबाट हामी जानकारी प्राप्त गर्न सक्छौं। देशको जाति, भाषा, धर्म, लिङ्ग, संस्कृति, भूगोल, क्षेत्र तथा साधनस्रोतको उपलब्धताको आधारमा हुने सङ्घीयतामा नेपालको परिवेश र नेपालका लागि हामी कुन प्रकारको सङ्घीयतको अवधारण अघि ल्याउन सकिन्छ भन्ने यस पुस्तकका पाठकले अवश्य आफ्नो धारणा राख्न (बनाउन) सक्नेछन्।

सङ्घीय शासन प्रणालीका फाइदा तथा बेफाइदा, नेपालको भौगोलिक अवस्था, भाषाभाषी, जनजाति र उनीहरूले बोल्ने




भाषाका बारेमा पनि पुस्तकबाट हामी पर्याप्त ज्ञान हासिल गर्न सक्छौं।

पुस्तकलाई सात भाग र एक अनुसूचीसहित २ सय ८४ पेजमा समेटिएको छ। पहिलो भागमा सङ्घीय प्रणालीको परिचय, अवधारण, पद्धति, विशेषता, केन्द्र तथा सङ्घहरूको अधिकारको बाँडफाँड, राजनीतिक सिद्धान्त, सङ्घीय शासनबाट फर्केका मुलूकहरू, सङ्घीयतको आकर्षण र असफलता, विश्वका सङ्घीय पद्धतीमा राज्य सञ्चालनमा रहेका देशहरूको अवस्था र जानकारीसहित नेपालमा सङ्घीय व्यवस्था अपनाउनु पर्ने अधारभूत सिद्धान्तहरूबारे उल्लेख गरिएको छ।

यसैगरी, भाग दुईमा स्वतन्त्र, सक्षम र निष्पक्ष सङ्घीय न्याय प्रणालीबारे नेपालमा लागु गर्न सकिने प्रावधान र विश्वको न्यायप्रणाली तथा भाग तीनमा विश्वको सन्दर्भमा आधुनिक शासन प्रणालीको विभिन्न देशको समीक्षा पुस्तकमा समेटिएको छ। भाग चारमा विश्वको सन्दर्भमा निर्वाचन प्रणाली र नेपालमा यसको अवस्था, भाग पाँचमा आत्मनिर्णयको अधिकार र विकास र अल्पसङ्ख्यकको अधिकारलाई सर्वसाधारणले बुझ्ने गरी राखिएको छ।

भाग छमा भने नेपालकै २०६३ को अन्तरिम संविधानको अन्तर्वस्तुलाई र भाग सातमा गणतन्त्रको कार्यान्वयन र संविधानसभा र यसको निश्कर्षसमेत लेखकले राखेका छन्।

लेखकले विश्वका सङ्घीय प्रणाली भएका देशहरूबारे जानकारी दिए पनि त्यो अपूरो देखिन्छ। सङ्घीयता भएका देशहरूको स्वरूप त्यसले पारेको प्रभाव, उत्पन्न भएका समस्या र समाधानका प्रकार, जनताले पाएको अधिकार र आर्थिक प्रगति विवरण वा विश्व मानव सूचचाङ्कमा परेको स्थिति आदिबारे ती देशका समयसापेक्ष पक्षलाई समेटेको भए सङ्घीय प्रणालीमा नेपाल प्रवेश गरेपछि जनताले राख्ने अपेक्षा र आकाङ्क्षा सोही अनुरूप हुने थिए। बढी महत्वकाङ्क्षी वा निराशामा जनता अल्मलिनु पर्ने थिएन। पाठकले सङ्घीयताबारे पहिलेदेखिनै आफूले त्यसबाट आउने वा हुने प्रतिफल बारे आँकलन गर्नाले सङ्घीयतालाई स्वभाविक रूपले स्वीकार्ने थिए। तैपनि समग्रमा पुस्तक पठनीय, सङ्ग्रहणीय छ। पुस्तक बाहिरी पृष्ठ, कभर डिजाइन, छपाई, लेआउट, डिजाइन, आकारप्रकारले पनि सफा, छरितो, आकर्षक छ। यसको वितरण व्यवस्थापन पैरवी प्रकाशन एम हाउस पुतलीसडकले लिएको छ।

लेखकले नेपालमा सुरु भएको शान्तिप्रक्रिया र सो क्रममा सरकार तथा माआवादी बीच भएका सहमति, अन्तरिम संविधान, विस्तृत शान्तिसम्झौता लगायतका दस्तावेजलाई पनि अनुसूचीमा जस्ताको तस्तै राखेर एउटा पुस्तकमा हामीले धेरै सङ्ग्रहणीय र पठनीय सामग्री प्राप्त गर्न सक्छौं। यिनै विविध विषयवस्तुका कारण पुस्तकको मूल्य पातलो गातामा रु. २७५ राखिएको भए तापनि समसामयिक नै मान्न सकिन्छ।

**पुस्तकको नाम - सङ्घीय शासन प्रणाली र राज्यको पुनर्संरचना**

**लेखक-** चन्द्रकान्त ज्ञवाली

**पृष्ठ सङ्ख्या-** २८४+२०

**मूल्य-** रू. २७५।- (पातलो गाता)

रू. ५००।- (मोटो गाता)

**प्रकाशक-** जनसेवा प्रिन्टर्स एण्ड ट्रेडर्स प्रा. लि., अनामनगर, काठमाडौं

***– गणेश भण्डारी***













# इन्सेकका केही प्रकाशनहरु















# www.inseconline.org

# नेपालको पहिलो
# मानवअधिकार समाचार अनलाइन




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध समाचारहरु समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।